CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

८२

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावत्नौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
— बापूदेव शास्त्री

[धेरै मिहिनेत नगरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

२१ वर्ष

२ अङ्क

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ५५/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. नयराज पन्तद्वारा विरचित
शुल्बसूत्रानुसारि रेखागणितको
पहिलो अध्यायका १–२६ प्रतिज्ञा — व्याख्याता– गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल — १–५५

२. यसको यशको पात्र को ?
लक्ष्मीनरसिंह मल्लको पालादेखि यस शहरको
नाउँ काष्ठमण्डप रहन गयो भन्ने कुराको खण्डन
प्रबोधचन्द्र बागचीले वि. सं. १९८८ मै
गरिसकेका थिए — महेशराज पन्त — ५६–६६

३. लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका,
अहिलेसम्म प्रकाशमा नआएका चारवटा
लिखतपत्र — महेशराज पन्त — ६७–७०

४. प्रताप मल्लका, ताडपत्रमा लेखिएका,
अहिलेसम्म प्रकाशमा नआएका दशवटा
लिखतपत्र — महेशराज पन्त — ७१–८१

५. काठमाडौँ ज्याथबहार [ज्याबहाल]को
उल्लेख परेका दुइवटा लिखतपत्र — महेशराज पन्त — ८१–८२

६. विक्रमको उन्नाइसौँ शताब्दीको उत्तरार्धका,
अहिलेसम्म प्रकाशमा नआएका दशवटा पत्र — महेशराज पन्त — ८३–८६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तद्वारा विरचित शुल्बसूत्रानुसारि रेखागणितको पहिलो अध्यायका १–२६ प्रतिज्ञा

व्याख्याता– गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

पहिलो प्रतिज्ञा

प्रोक्तां रेखां त्रिज्यके रेखिकायास् तस्याः प्रान्तौ केन्द्रबिन्दू प्रकल्प्य ।
वृत्ते कृत्वा वृत्तसंपातबिन्द्वोर् ऊर्ध्वं बिन्दुं कल्पयेद् इष्टबिन्दुम् ॥
केन्द्रद्वन्द्वाद् इष्टबिन्दुं च यावत् त्रिज्याकारं सूत्रयुग्मं विदध्यात् ।
एवं तुल्यैर् दोर्भिरुत्पद्यमानं त्र्यस्रं सिद्ध्येत् प्रोक्तरेखोपरिस्थम् ॥

निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज (तीनै भुज बराबर भएको त्रिभुज) बनाउने रीति

निर्दिष्ट रेखालाई त्रिज्या मानी सो रेखाका दुइ प्रान्तलाई केन्द्र मानी दुइटा वृत्त बनाउनू। ती दुइ वृत्तका परिधिको दुइ ठाउँमा योग हुन्छ। ती दुइ योगबिन्दुमध्ये माथिल्लोचाहिँलाई इष्ट बिन्दु भनी कल्पना गर्नू। निर्दिष्ट रेखाका दुइ प्रान्तबाट इष्ट बिन्दुसम्म जाने दुइटा रेखा हाल्नू। ती दुवै रेखा ती दुइ वृत्तका त्रिज्या हुन्छन्। यसो गर्दा निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज (तीनै भुज बराबर भएको त्रिभुज) बन्छ।



अ इ रेखा दिइएको छ, त्यसको माथिल्लो भागमा समभुज त्रिभुज बनाउनुपरेको छ।

अ बिन्दुलाई केन्द्र, अ इ रेखालाई त्रिज्या मानेर इ क घ ग वृत्त बनाउनू (अवाध्योपक्रम)। इ बिन्दुलाई केन्द्र, अ इ रेखालाई त्रिज्या मानेर क उ ग अ वृत्त पनि बनाउनू (अवाध्योपक्रम)। यी दुइ वृत्तका परिधि क बिन्दु र ग बिन्दुमा जोडिन्छन्। अ केन्द्रबिन्दुदेखि माथिल्लो योगस्थान क बिन्दुसम्म अ क रेखा हाल्नू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(अवाच्योपक्रम)। फेरि इ केन्द्रबिन्दुदेखि क बिन्दुसम्म इ क रेखा हाल्नू (अवाच्योपक्रम)। यसरी अ इ निर्दिष्ट रेखाको माथिल्लो भागमा अ इ क इष्ट समभुज त्रिभुज बन्छ।

उपपत्ति

क इ ग घ वृत्तका त्रिज्या हुनाले

अ इ = अ क (परिभाषा)

फेरि क उ ग अ वृत्तका त्रिज्या हुनाले

अ इ = इ क (परिभाषा)

अ इ = अ क = इ क (स्वयंसिद्ध)

यस कारण अ इ निर्दिष्ट रेखाको माथिल्लो भागमा अ इ क समभुज त्रिभुज बन्यो।

प्रश्नमाला

१) निर्दिष्ट रेखाको तल्लो भागमा समभुज त्रिभुज बनाऊ।

२) निर्दिष्ट रेखाको माथिल्लो भागमा र तल्लो भागमा एक एक वटा समभुज त्रिभुज बनाऊ (यसरी जोडिएर रहेका यस्ता त्रिभुजलाई उभयतः प्रउग भन्छन्)।

३) दोस्रो प्रश्नअनुसार बनेको समचतुर्भुज (चारै भुज बराबर भएको चतुर्भुज) मा रहेको एउटा कर्ण भुजले बराबर हुन्छ भनी सिद्ध हुन्छ।

४) निर्दिष्ट रेखाको तीन गुना रेखा बनाऊ।

५) ४ नापो भुज भएको समभुज त्रिभुज बनाऊ।

६) निर्दिष्ट रेखालाई ७ मानी यसको माथिल्लो भागमा र तल्लो भागमा एक एक वटा समभुज त्रिभुज (उभयतः प्रउग) बनाऊ।

७) निर्दिष्ट रेखा ८ थाहा पाई ६ प्रश्नअनुसार उभयतः प्रउग बनाऊ।

८) निर्दिष्ट रेखा १२ मा उभयतः प्रउग बनाऊ।

दोस्रो प्रतिज्ञा

प्रोक्तां रेखां त्रिज्यकां प्रोक्तबिन्दुं केन्द्रं मत्वा मण्डलं संविदध्यात्।
तस्मिन् वृत्ते स्युः समस्तास् त्रिभज्या निर्दिष्टाया रेखिकायाः समानाः॥
प्रोक्ताद् बिन्दोः प्रोक्तरेखासमानां रेखां कर्तुं रीतिरेषा विभाति।

निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखा बराबरको रेखा बनाउने रीति

निर्दिष्ट रेखालाई त्रिज्या मानी निर्दिष्ट बिन्दुलाई केन्द्र मानी वृत्त बनाउनू। त्यस वृत्तभित्र रहेका सबै त्रिज्या निर्दिष्ट रेखा बराबरका हुन्छन्। निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखा जत्रो रेखा बनाउने रीति यो हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ निर्दिष्ट बिन्दु तथा इ उ निर्दिष्ट रेखा हुन् ।

अ बिन्दुबाट इ उ रेखा बराबरको रेखा बनाउनुपर्दा अ बिन्दुलाई केन्द्र, इ उ रेखालाई त्रिज्या मानी क ग घ ङ वृत्त बनाउनू । त्यस वृत्तमा रहेका अ क, अ ग, अ घ आदि सबै त्रिज्या इ उ रेखा बराबरका हुन्छन् ।



उपपत्ति

जति त्रिज्या मानेर वृत बनाएको हुन्छ, केन्द्रबाट परिधिसम्मको नापो त्यति नै हुन्छ भन्ने कुरा परिभाषाबाटै स्पष्ट हुन्छ ।

यस कारण निर्दिष्ट बिन्दुलाई केन्द्र र निर्दिष्ट रेखालाई त्रिज्या मानी बनाएका वृतमा सबै त्रिज्याहरू निर्दिष्ट रेखा बराबरका हुन्छन् भन्ने कुरा स्पष्टै छ (परिभाषा) ।

प्रश्नमाला

१) निर्दिष्ट रेखाको दुइ गुना रेखा बनाऊ ।
२) निर्दिष्ट रेखाको चार गुना रेखा बनाऊ ।
३) निर्दिष्ट रेखाको पाँच गुना रेखा बनाऊ ।
४) आधार र भुज थाहा पाएर समद्विबाहु त्रिभुज बनाऊ (समद्विबाहु त्रिभुजलाई प्रउग पनि भन्छन्) ।
५) ८ आधार, १२ भुज भएको प्रउग बनाऊ ।
६) १२ आधार, १३ भुज भएको प्रउग बनाऊ ।
७) १० आधार, २० भुज भएको प्रउग बनाऊ ।

तेस्रो प्रतिज्ञा

कञ्चित् प्रान्तं रेखिकाया महत्याः केन्द्रं लघ्वीं रेखिकां च त्रिभज्याम् ।
मत्वा वृत्तं साधयेत् स्याद् विभागो लघ्व्या तुल्यो रेखिकाया महत्याः ॥

निर्दिष्ट ठूलो रेखाबाट निर्दिष्ट सानो रेखा बराबरको खण्ड छुट्ट्याउने रीति

ठूलो रेखाको कुनै प्रान्तलाई केन्द्र मानी सानो रेखालाई त्रिज्या मानी वृत बनाउनू । यसो गरेमा ठूलो रेखाबाट सानो रेखा बराबरको खण्ड छुट्ट्याउन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तै अ इ निर्दिष्ट ठूलो रेखा हो । उ क निर्दिष्ट सानो रेखा हो । अ इ रेखाबाट उ क रेखा बराबरको टुक्रा छुट्टयाउनुपरेको छ ।

अ बिन्दुलाई केन्द्र, उ क रेखालाई त्रिज्या मानेर ग घ च वृत्त बनाऊ । अ इ रेखाको टुक्रो अ घ रेखा उ क रेखा बराबरको हुन्छ ।



उपपत्ति

ग घ च वृत्तको त्रिज्या उ क निर्दिष्ट सानो रेखा बराबरको छ ।

यस कारण

अ घ = उ क

यस कारण निर्दिष्ट ठूलो रेखा अ इ बाट निर्दिष्ट सानो रेखा उ क बराबरको अ घ रेखारूपको टुक्रो छुट्टिन्छ ।

प्रश्नमाला

१) निर्दिष्ट दुइ रेखाको अन्तर ल्याऊ ।

२) निर्दिष्ट दुइ रेखाको योग ल्याऊ ।

त्रिभुजगणित

त्रिभुजमा तीनवटा भुज र तीनवटा कोण गरी छवटा अवयव हुन्छन् । सो त्रिभुजले ढाकेको जमीन (क्षेत्रफल) पनि त्रिभुजको अवयव हुन्छ । यसरी हरेक त्रिभुजमा तीनवटा भुज, तीनवटा कोण तथा क्षेत्रफलसमेत गरी सातवटा अवयव हुन्छन् । त्रिभुजगणितमा यी सात अवयवको विषयमा विचार गरिन्छ ।

चौथो प्रतिज्ञा

आद्यत्र्यस्रे संस्थितं बाहुयुग्मं तद्मध्यस्थः कोणश्च च क्रमेण ।
अन्यत्र्यस्रस्थेन बाहुद्वयेन कोणेनैतद्दोर्द्वयीमध्यगेन ।।
तुल्यं चेत् स्यात् त्र्यस्रयुग्मस्य तस्य भूमिर् भूम्या भूमिलग्नौ च कोणौ ।
भूमिष्ठाभ्यां कोणकाभ्यां क्रमेण तुल्यौ स्यातां ते त्रिकोणे च तुल्ये ।।

पहिलो त्रिभुजका दुइवटा भुज र ती भुजका बीचमा रहेको कोण दोस्रो त्रिभुजका दुइ वटा भुज र ती भुजको बीचमा रहेको कोणसँग क्रमले बराबर छन् भने यी दुइ त्रिभुजका आधार आपसमा बराबर हुन्छन् । पहिलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिभुजका आधारमा रहेका दुइवटा कोण दोस्रो त्रिभुजका आधारमा रहेका दुइवटा कोणसँग क्रमैले बराबर हुन्छन् । ती दुइवटा त्रिभुज पनि आफुसमा बराबर हुन्छन् ।

अ इ उ पहिलो त्रिभुज हो । क ग च दोस्रो त्रिभुज हो ।



यहाँ—

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज

इ अ उ कोण = ग क च कोण

यस्तो छ भने

इ उ आधार = ग च आधार

अ इ उ कोण = क ग च कोण

अ उ इ कोण = क च ग कोण

अ इ उ त्रिभुज = क ग च त्रिभुज

यस्तो हुन्छ ।

उपपत्ति

इ अ उ कोणमा ग क च कोण तथा अ इ भुजमा क ग भुज पर्ने गरी क ग च त्रिभुजलाई उठाएर अ इ उ त्रिभुजमा थपक्क राख । त्यसरी राख्दा ग क च कोण तथा इ अ उ कोण बराबर भएका तथा क ग भुज तथा अ इ भुज पनि बराबर भएकाले अ उ भुजमाथि क च भुज नपरी छाड्दैन । यस कारण उ बिन्दुमाथि च बिन्दु अवश्य पर्छ । अघि इ बिन्दुमाथि ग बिन्दु परेको थियो । यस कारण इ उ रेखामाथि ग च रेखा पर्छ तथा त्यो रेखालाई ढाक्छ । अर्थात् इ उ रेखा तथा ग च रेखाको सर्वावयवसंयोग हुन्छ ।

यस कारण

इ उ आधार = ग च आधार

यसपछि

अ इ उ कोण = क ग च कोण

अ उ इ कोण = क च ग कोण

यो पनि स्पष्टै देखिन्छ ।

यति भएपछि क ग च त्रिभुजले अ इ उ त्रिभुजलाई ढाकेको हुनाले ती दुइ त्रिभुजको सर्वावयवसंयोग भएको स्पष्ट देखिन्छ ।

यस कारण

अ इ उ त्रिभुज = क ग च त्रिभुज

वस्तूपपाद्य तथा प्रमेयोपपाद्य प्रतिज्ञा

रेखागणितले क्षेत्रहरूको आकारको विषयमा विचार गर्छ । तो विचारका मूल मूल सिद्धान्तलाई प्रतिज्ञा भन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रतिज्ञा दुइ प्रकारका हुन्छन्— वस्तुपपाद्य तथा प्रमेयोपपाद्य ।

कुनै प्रतिज्ञामा केही क्षेत्रहरू बनाउने विधि दिइएको हुन्छ । जस्तै पहिलो प्रतिज्ञामा निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज बनाउने विधि दिइएको छ । यस प्रकारका प्रतिज्ञालाई वस्तूपपाद्य प्रतिज्ञा भन्छन् ।

कुनै प्रतिज्ञामा क्षेत्रहरूको विषयमा यस्तो कुरो छ भने यस्तो कुरो हुन्छ भन्ने सिद्धान्तलाई मात्र उपपत्तिद्वारा सिद्ध गरिएको हुन्छ । जस्तै चारौं प्रतिज्ञामा पहिलो त्रिभुजका दुइटा भुज र ती दुइ भुजको बीचमा रहेको कोण, दोस्रो त्रिभुजका दुइटा भुज र तिनको बीचमा रहेको कोणसँग बराबर छन् भने ती दुइ त्रिभुज परस्परमा बराबर हुन्छन् इत्यादि कुरा सिद्ध गरिएको छ । यस प्रकारका प्रतिज्ञालाई प्रमेयोपपाद्य प्रतिज्ञा भन्छन् ।

प्रश्नमाला

१) चारौं प्रतिज्ञा पढेर तिम्रो मनमा बसेको कुरा राम्ररी लेख ।

२) क्षेत्र बनाई चारौं प्रतिज्ञाको कुरा सिद्ध गर ।

३) २ अङ्गुल लामो निर्दिष्ट रेखामा समभुज त्रिभुज बनाऊ । चारौं प्रतिज्ञाको उदाहरण देखाउन अर्को त्रिभुज कहाँ कस्तो बनाउनुपर्ला ?

पाँचौं प्रतिज्ञा

त्र्यस्त्रे बाहू चेद् भवेतां समानौ कोणौ तुल्यौ भूमिलग्नौ भवेताम् ।
आधाराधो वर्धनाद् दोर्युगस्य जातौ कोणौ भूम्यधःस्थौ च तुल्यौ ।।

समद्विबाहु त्रिभुजमा (दुइटा भुज बराबर भएको त्रिभुजमा) आधारमा रहेका दुवै कोण आफुसमा बराबर हुन्छन् । दुवै भुजलाई आधारभन्दा तलतिर बढाउँदा आधारको तल्लो भागमा बनेका दुइ कोण पनि आफुसमा बराबर हुन्छन् ।



अ इ उ समद्विबाहु त्रिभुजमा—

अ इ भुज = अ उ भुज

छ भने

अ इ उ कोण = अ उ इ कोण

हुन्छ (आधारमा बनेका दुवै कोण बराबर हुन्छन्) ।

तथा

अ इ, अ उ भुजलाई आधारभन्दा तलतिर बढाउँदा बनेका कोणमा

उ इ च कोण = इ उ छ कोण

हुन्छ ।

अ च रेखामा इष्ट चिह्न क लाऊ (अत्रा(त्रोपक्रम) अ छ रेखामा अ क रेखा जत्रो अ ग रेखा छुट्याऊ ।

(रेखागणित १।३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क उ, ग इ रेखा हाल (अवान्तरोपक्रम) ।



उपपत्ति

अ क उ तथा अ इ ग त्रिभुजमा—

अ क भुज = अ ग भुज

अ उ भुज = अ इ भुज

छन् तथा इ अ उ कोण उभयनिष्ठ (दुवै त्रिभुजमा रहेको) छ ।

यस कारण

क उ आधार = ग इ आधार

अ क उ कोण = अ ग इ कोण

अ उ क कोण = अ इ ग कोण

हुन्छन् (रेखागणित १।४) ।

अ क, अ ग यी दुइ बराबर रेखाबाट अ इ, अ उ यी दुइ बराबर रेखा घटाउँदा इ क, उ ग यी दुइ बराबर रेखाखण्ड बाँकी रहन्छन् (स्वयंसिद्ध) । यस कारण क इ उ, ग उ इ त्रिभुजमा

क इ भुज = ग उ भुज

क उ भुज = ग इ भुज

इ क उ कोण = उ ग इ कोण

भएकाले

क इ उ कोण = ग उ इ कोण

क उ इ कोण = ग इ उ कोण

हुन्छन् (रेखागणित १।४) ।

अघि अ इ ग कोण बराबर अ उ क कोण भएको थियो । यस कारण—

अ इ ग कोण— ग इ उ कोण = अ उ क कोण— क उ इ कोण (स्वयंसिद्ध)

यस कारण

अ इ उ कोण = अ उ इ कोण

(यी दुवै आधारमा बनेका कोण हुन् ।)

क इ उ कोण = ग उ इ कोण

(अ इ, अ उ भुजलाई आधारभन्दा तलतिर बढाउँदा बनेका कोण यी हुन् ।)

अनुमान

त्र्यस्त्रक्षेत्रे बाहवश् चेत् समाः स्युः कोणाश् च स्युस् तुल्यतामाददाना ।

समभुज त्रिभुज (तीनवटै भुज बराबर भएको त्रिभुज) मा तीनवटै कोण बराबर हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रतिज्ञाका चार विभाग

प्रतिज्ञाका चार विभाग हुन्छन् । सामान्योद्देश्य, विशेषोद्देश्य, इतिकर्तव्यता तथा उपपत्ति ।

प्रतिज्ञाको मूल रूपलाई सामान्योद्देश्य भन्छन् । जस्तै—

१) निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज बनाऊ ।

२) समद्विबाहु त्रिभुजमा रहेका दुवै कोण आफुसमा बराबर हुन्छन् ।

सामान्योद्देश्यलाई अलि खुलाएर भन्नुलाई विशेषोद्देश्य भन्छन् । जस्तै—

१) अ इ निर्दिष्ट रेखाको माथिल्लो भागमा समभुज त्रिभुज बनाऊ ।

२) अ इ उ समद्विबाहु त्रिभुजमा अ इ उ कोण बराबर अ उ इ कोण हुन्छ ।

प्रतिज्ञा सिद्ध गर्नलाई चाहिने रेखा आदि हाल्ने कामलाई इतिकर्तव्यता भन्छन् । जस्तै—

१) पहिलो प्रतिज्ञामा क इ ग घ, क उ ग अ वृत्त बनाई अ क, इ क रेखा हाल्नू[1] भनिएको छ ।

२) पांचौं प्रतिज्ञामा क चिनु लाउनु, अ क रेखा जत्रो अ ग रेखा बनाउनु, क उ रेखा, ग इ रेखा हाल्नू आदि भनिएको छ ।

प्रमाणद्वारा बहस गरी गरी सिद्धान्त स्थिर गर्नुलाई उपपत्ति भन्छन् ।

प्रत्येक प्रतिज्ञामा उपपत्ति छुट्टचाएर लेखिएको छ ।

प्रश्नमाला

१) पांचौं प्रतिज्ञा सिद्ध गर्न चारौं प्रतिज्ञाको कतिपल्ट प्रयोग गर्नुपर्छ ?

२) १ अङ्गुल लामो रेखामा समद्विबाहु त्रिभुज बनाऊ । सो त्रिभुजका भुज कत्रा हुन्छन् ?

३) ४ भुज भएको समद्विबाहु त्रिभुज बनाऊ ।

४) १० भुज भएको समद्विबाहु त्रिभुज बनाऊ ।

५) ५ भुज भएको समद्विबाहु त्रिभुज बनाऊ ।

६) २० भुज भएको समद्विबाहु त्रिभुज बनाऊ ।

७) समद्विबाहु त्रिभुज बनाउने सजिलो रीति लेख ।

छैटौं प्रतिज्ञा

त्र्यस्रे कोणौ भूमिलग्नौ समानौ स्यातां चेत् स्याद् बाहुयुग्मं समानम् ।

त्रिभुजमा आधारमा रहेका दुइटा कोण आफुसमा बराबर छन् भने सो त्रिभुजका दुवै भुज आफुसमा बराबर हुन्छन् अर्थात् सो त्रिभुज समद्विबाहु त्रिभुज (दुइटा भुज बराबर भएको त्रिभुज) हुन्छ ।

---

१) वस्तूपपाद्य प्रतिज्ञाको इतिकर्तव्यताको विधिलाई यस रेखागणितमा मूल रूपमा नै लिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ इ उ त्रिभुजमा आधारमा रहेका अ इ उ कोण बराबर अ उ इ कोण भए अ इ भुज बराबर अ उ भुज हुन्छ ।



उपपत्ति

अ इ भुज बराबर अ उ भुज छैन भन्ने हो भने ती दुइमा एउटा ठूलो एउटा सानो होला । अ उ भुज-लाई ठूलो छ भनी मान । अ उ बाट अ इ जत्रै टुक्रो उ क छुट्टयाई (रेखागणित १।३) इ क रेखा हाल ।

अ इ उ तथा क उ इ त्रिभुजमा

अ इ भुज = क उ भुज

अ इ उ कोण = क उ इ कोण

इ उ भुज उभयनिष्ठ (दुवै त्रिभुजमा रहेको) भएकाले रेखागणित १।४ अनुसार

अ इ उ त्रिभुज = क उ इ त्रिभुज

होला । परन्तु यहाँ अ इ उ त्रिभुजको टुक्राको रूपमा क उ इ त्रिभुज रहेको स्पष्ट देखिन्छ । जुनसुकै पदार्थ पनि आफ्नो टुक्रोभन्दा ठूलो हुन्छ (स्वयंसिद्ध) । यस कारण प्रत्यक्ष बाधा पऱ्यो । अ इ उ कोण बराबर अ उ इ कोण भएमा पनि अ इ भुज बराबर अ उ भुज हुँदैन भनी मानेकोले यो अनर्थ भएको हो ।

यस कारण अ इ उ कोण बराबर अ उ इ कोण भएमा अ इ भुज बराबर अ उ भुज हुनैपर्छ ।

अनुमान

त्र्यस्रे कोणाश् चेत् समाना भवेयुर् अन्योन्यस्मिन् स्युः समाना भुजाश् च ।

त्रिजभुका तीनवटै कोण आफुसमा बराबर छन् भने तीनवटै भुज पनि आफुसमा बराबर हुन्छन् अर्थात् सो त्रिभुज समभुज त्रिभुज (तीनै भुज बराबर भएको त्रिभुज) बन्छ ।

प्रतिज्ञामा दुइ अवयव रहेका हुन्छन्

वस्तूपपाद्य प्रतिज्ञामा यस्तो पदार्थ बनाउनुपरेमा यस रीतले बनाउनुपर्छ भन्ने विधि प्रतिज्ञामा दिइएको हुन्छ । यस कारण वस्तूपपाद्य प्रतिज्ञामा बनाउनुपर्ने पदार्थ र बनाउने रीति गरी दुइ अवयव रहेका हुन्छन् । जस्तै (तेस्रो प्रतिज्ञामा)—

ठूलो रेखाबाट सानो रेखा बराबरको खण्ड छुट्टयाउनुपरेमा (यो पहिलो अवयव हो) ठूलो रेखाको कुनै प्रान्तलाई केन्द्र मानी सानो रेखालाई त्रिज्या मानी वृत्त बनाउनू (यो दोस्रो अवयव हो) ।

प्रमेयोपपाद्य प्रतिज्ञामा यस्तो भएमा यस्तो हुन्छ भन्ने सिद्धान्त प्रतिज्ञामा दिइएको हुन्छ । यस कारण प्रमेयोपपाद्य प्रतिज्ञामा स्वीकारिएकेको अवस्था र सिद्ध गर्नुपर्ने अवस्थासमेत गरी दुइ अवयव रहेका हुन्छन् । जस्तै (छैटौं प्रतिज्ञामा)—

त्रिभुजको आधारमा रहेका दुइटा कोण बराबर छन् भने (स्वीकारेको यो अवस्था पहिलो अवयव हो) दुइटा भुज पनि बराबर हुन्छन् (सिद्ध गर्नुपर्ने यो अवस्था दोस्रो अवयव हो) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्योन्याश्रय प्रतिज्ञा

त्रिभुजका दुइटा भुज बराबर छन् भने आधारमा रहेका दुइटा कोण पनि बराबर हुन्छन् भन्ने कुरा पाँचौं प्रतिज्ञामा सिद्ध गरिएको छ। त्रिभुजका आधारमा रहेका दुइटा कोण बराबर छन् भने दुइटा भुज पनि बराबर हुन्छन् भन्ने कुरा छैटौं प्रतिज्ञामा सिद्ध गरिएको छ।

पाँचौं प्रतिज्ञामा सकारेको अवस्था छैटौं प्रतिज्ञामा सिद्ध गर्नुपर्ने अवस्थामा पर्न गएको छ भने छैटौं प्रतिज्ञामा सकारेको अवस्थाचाहिं पाँचौं प्रतिज्ञामा सिद्ध गर्नुपर्ने अवस्थामा पर्न गएको छ। यस कारण पाँचौं प्रतिज्ञाको उल्टो छैटौं प्रतिज्ञा हो, छैटौं प्रतिज्ञाको उल्टोचाहिं पाँचौं प्रतिज्ञा हो। यस्ता प्रतिज्ञालाई अन्योन्याश्रय प्रतिज्ञा भन्छन्।

सातौं प्रतिज्ञा

एकाधारे चैकपार्श्वे वसन्ती नैव स्यातां तादृशे द्वे त्रिकोणे।
आधारैकप्रान्तसंसक्तबाह्वोर् अन्योन्यस्मिंस् तुल्यतायां स्थितायाम्॥
आधारान्यप्रान्तसंसक्तयोश् च स्याद् अन्योन्यं यत्र बाह्वोः समत्वम्।

एउटै आधारमा एकैपट्टि त्यस्ता दुइटा त्रिभुज रहन सक्दैनन्, जुन त्रिभुजमा आधारको एउटा छेउमा रहेका दुइ भुज परस्परमा बराबर छन् भने आधारको अर्को छेउमा रहेका दुइ भुज पनि परस्परमा बराबर होऊन्।

इ उ आधारमा एकातिर नै रहेका अ इ उ तथा क इ उ यी दुइ त्रिभुजमा अ इ भुज बराबर क इ भुज छ भने अ उ भुज बराबर क उ भुज हुन सक्दैन।

पहिलो स्थिति



अ इ भुज बराबर क इ भुज भएमा अ उ भुज बराबर क उ भुज पनि हुन्छ भनी मान्ने हो भने अ इ उ त्रिभुजको शीर्षकोण अ बिन्दुदेखि क इ उ त्रिभुजको शीर्षकोण क बिन्दुसम्म अ क रेखा हाल। यस्तो गर्दा इ अ क समद्विबाहु त्रिभुज बन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति

इ अ क समद्विबाहु त्रिभुजमा—

इ अ भुज = इ क भुज भएकोले

इ अ क कोण = इ क अ कोण हुन्छ (रेखागणित १।५)।

उ क अ कोणको टुक्रो इ क अ कोण हो। यस कारण इ क अ कोणभन्दा उ क अ कोण ठूलो हुन्छ (स्वयंसिद्ध)।

इ क अ कोण बराबर इ अ क कोण भएकोले इ अ क कोणभन्दा पनि उ क अ कोण ठूलो हुन्छ (स्वयंसिद्ध)।

इ अ क कोणको टुक्रो उ अ क कोण हो। यस कारण उ अ क कोणभन्दा इ अ क कोण ठूलो हुन्छ (स्वयंसिद्ध)।

इ अ क कोणभन्दा उ क अ कोण ठूलो भएकोले उ अ क कोणभन्दा त उ क अ कोण ज्यादै ठूलो हुन्छ।

अ उ भुज = क उ भुज मानेकोले

उ अ क त्रिभुज पनि समद्विबाहु त्रिभुज हुने भयो।

यस कारण उ अ क कोण = उ क अ कोण हुने भयो (रेखागणित १।५)।

भरखर उ अ क कोणभन्दा उ क अ कोण ज्यादै ठूलो छ भनी सिद्ध गरिएको थियो। अहिले उ अ क कोण तथा उ क अ कोण बराबर हुन आए। यी कुरा आफुसमा बाझिने भए। अ इ भुज, क इ भुज बराबर भएमा अ उ भुज, क उ भुज पनि बराबर हुन्छन् भनी मानेकोले यो अनर्थ भएको हो। यस कारण अ इ भुज, क इ भुज बराबर भएमा अ उ भुज, क उ भुज बराबर हुन सक्दैनन् भन्ने कुरा ठीक हो भनी सकार्नै पर्छ।

दोस्रो स्थिति

अ इ उ त्रिभुजभन्दा बाहिर क इ उ त्रिभुजको शीर्षकोण क बिन्दु (पहिलो स्थितिमा परे जस्तो गरी) रहँदैन किन्तु अ इ उ त्रिभुजभित्र क इ उ त्रिभुजको शीर्षकोण क बिन्दु पर्छ भनी मान्ने हो भने पनि अ इ भुज बराबर क इ भुज हुँदा अ उ भुज बराबर क उ भुज हुन सक्दैन। यदि अ उ भुज बराबर क उ भुज हुन्छ भनी मान्ने हो भने अ क रेखा हाल (अबाध्योपक्रम)। इ अ भुजलाई त्रिभुज बाहिरको कुनै बिन्दु च सम्म तथा इ क भुजलाई पनि कुनै बिन्दु ज सम्म बढाऊ (अबाध्योपक्रम)।



उपपत्ति

अ इ भुज बराबर क इ भुज भएकोले इ अ क समद्विबाहु त्रिभुजका आधारभन्दा तल रहेका कोण बराबर हुन्छन्। अर्थात्

च अ क कोण = ज क अ कोण हुन्छ (रेखागणित १।५)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज क अ कोणमन्दा उ क अ कोण ठूलो छ (स्वयंसिद्ध)। ज क अ कोणको बराबर च अ क कोण भएकोले च अ क कोणमन्दा पनि उ क अ कोण ठूलो हुन्छ। उ अ क कोणमन्दा च अ क कोण ठूलो छ (स्वयंसिद्ध)। यस कारण उ अ क कोणभन्दा उ क अ कोण ज्यादै ठूलो हुन्छ।

अ उ भुज बराबर क उ भुज मानेकोले उ अ क त्रिभुज समद्विबाहु त्रिभुज हुन्छ। उ अ क समद्विबाहु त्रिभुजमा

उ अ क कोण = उ क अ कोण हुनुपर्छ (रेखागणित १।५)।

भरखर उ अ क कोणभन्दा उ क अ कोण ज्यादै ठूलो छ भनी सिद्ध गरिएको थियो। अहिले उ अ क कोण तथा उ क अ कोण बराबर हुन आए। यी कुरा आफुसमा बाझिने भए। अ इ भुज, क इ भुज बराबर हुँदा अ उ भुज, क उ भुज पनि बराबर हुन्छन् भनी मानेकोले यी अनर्थ भएको हो। यस कारण अ इ भुज, क इ भुज बराबर भएमा अ उ भुज, क उ भुज बराबर हुन सक्दैनन् भन्ने कुरा ठीक हो भनी मान्नै पर्छ।

तेस्रो स्थिति



क इ उ त्रिभुजको शीर्षकोण क बिन्दु, अ इ उ त्रिभुजभन्दा बाहिर (पहिलो स्थितिमा जस्तो) पनि पर्दैन, भित्र (दोस्रो स्थितिमा जस्तो) पनि पर्दैन किन्तु अ उ भुजमै क बिन्दु पर्छ भनी मान।

उपपत्ति

अ इ भुज बराबर क इ भुज हुँदा अ उ भुज बराबर क उ भुज हुन्छ भनी मान्ने हो भने अ उ भुज आफ्नो टुक्रो क उ भुजसँग बराबर हुन आउँछ। यो कुरो असम्भव हो (स्वयंसिद्ध)।

यस कारण एउटै आधारमा एकैपट्टि रहेका दुइटा त्रिभुजमा एकातिरका दुइटा भुज परस्परमा बराबर हुन्छन् भने अर्कोतिरका दुइटा भुज परस्परमा बराबर हुन सक्दैनन् भनी सकार्नै पर्छ।

अन्वययुक्ति र व्यतिरेकयुक्ति

प्रमेयोपपाद्य प्रतिज्ञाका उपपत्ति दुइ प्रकारबाट गरिन्छन्।

पाँचौं प्रतिज्ञामा दुइटा भुज बराबर छन् भने आधारमा रहेका दुइटा कोण पनि बराबर हुन्छन् भन्ने कुरा छ। त्यहाँ इतिकर्तव्यतामा रेखा हाली चारौं प्रतिज्ञाको सहायताबाट प्रतिज्ञामा भनेको कुरा सिद्ध गरिएको छ। यस किसिमको उपपत्तिलाई अन्वययुक्तिको उपपत्ति भन्दछन्।

छैटौं प्रतिज्ञामा आधारका दुइटा कोण बराबर छन् भने दुइटा भुज पनि बराबर हुन्छन् भन्ने कुरा छ। त्यहाँ दुइटा भुज बराबर छैनन् भनी मान्ने हो भने यस्तो अनर्थ होला भन्ने कुरा सिद्ध गर्न इतिकर्तव्यतामा रेखा हाली चारौं प्रतिज्ञाको सहायताले अनर्थ कुरा देखाई प्रतिज्ञामा भनेको कुरा नमानेकोले यस्तो अनर्थ भएको हो, तसर्थ प्रतिज्ञामा भनेको कुरो नै सत्य सिद्ध हुन्छ भनिएको छ। यस किसिमको उपपत्तिलाई व्यतिरेकयुक्तिको उपपत्ति भन्छन्।

यस्तै चारौं प्रतिज्ञाको उपपत्ति अन्वययुक्तिको उपपत्ति हो।

सातौं प्रतिज्ञाको उपपत्ति व्यतिरेकयुक्तिको उपपत्ति हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आठौँ प्रतिज्ञा

पूर्वे त्र्यस्रे संस्थितानां त्रयाणां दोष्णां तुल्याः सम्भवेयुः परस्मिन् ।
त्र्यस्रे निष्ठा बाहवश् चेत् त्रयोऽपि पूर्वत्र्यस्रस्था त्रिकोणी तदानीम् ।।
अन्त्ये त्र्यस्रे संवसन्त्या त्रिकोण्या तुल्या सिद्धचेत् तुल्यबाहुक्रमेण ।
त्र्यस्रद्वन्द्वं तच्च निर्दिश्यमानम् अन्योन्यस्मिन् स्यात् समानप्रमाणम् ।।

पहिलो त्रिभुजमा रहेका तीनवटा भुज, दोस्रो त्रिभुजमा रहेका तीनवटा भुजसँग बराबर छन् भने पहिलो त्रिभुजमा रहेका तीनवटा कोण, दोस्रो त्रिभुजमा रहेका तीनवटा कोणसँग क्रमैले बराबर हुन्छन् । ती दुइ त्रिभुज पनि परस्परमा बराबर हुन्छन् ।

अ इ उ पहिलो त्रिभुज हो । क ग च दोस्रो त्रिभुज हो ।

अ इ भुज = क ग भुज
अ उ भुज = क च भुज,
इ उ भुज = ग च भुज छन् भने
अ इ उ कोण = क ग च कोण
अ उ इ कोण = क च ग कोण
इ अ उ कोण = ग क च कोण हुन्छन् ।



उपपत्ति

क ग च त्रिभुजलाई उठाएर इ उ भुजमा ग च भुज तथा अ उ भुजमा क च भुज पर्ने गरी थपक्क राखिदेऊ। त्यसो गर्दा अ बिन्दुमा क बिन्दु पर्छ तथा अ इ भुजमा क ग भुज पर्छ । यसरी यी दुइ त्रिभुजको सर्वावयवसंयोग हुन्छ ।

इ उ भुजमा ग च भुज राख्दा अ उ भुजमा क च भुज पर्दैन, अ इ भुजमा क ग भुज पनि पर्दैन भनी खिचोला झिक्ने हो भने—

क ग भुज, क इ भुजको आकारमा, क च भुज क उ भुजको आकारमा रहन गई यहाँ लेखिएको जस्तो क्षेत्र बन्ला ।

यहाँ—
अ इ भुज = क इ भुज
अ उ भुज = क उ भुज होला ।



परन्तु यो कुरो रेखागणित १।७ बाट असम्भव हुन्छ । यस कारण यस्तो आकार बन्न सक्तैन र ती दुइ त्रिभुजको सर्वावयवसंयोग हुन्छ । जब दुइटा त्रिभुजको सर्वावयवसंयोग हुन्छ तब एउटा त्रिभुजका तीनवटा कोण दोस्रो त्रिभुजका तीनवटै कोणसँग बराबर हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रश्नमाला

१) सातौँ प्रतिज्ञामा बताएको कुरोलाई नापो मिलाई सिद्ध गर ।

२) सातौँ प्रतिज्ञाले आठौँ प्रतिज्ञामा के काम गरेको छ ?

३) चारौँ प्रतिज्ञा र आठौँ प्रतिज्ञामा के फरक छ ?

मत्स्य (माछो) बनाउने रीति

इष्टां रेखां त्रिज्यके रेखिकायास् तस्याः प्रान्तौ केन्द्रबिन्दू प्रकल्प्य ।
वृत्तद्वन्द्वं साधयेद् मण्डले ते स्यातां तुल्ये गाहमाने मिथश् च ।।
एवं रीत्या सिद्धयोर् वृत्तयोः स्याद् अन्तःपाती मत्स्यरूपो विभागः ।
योगद्वन्द्वं पालिजं स्यात् तदीयं तत्रैकः स्याद् मत्स्यशीर्षाभिधानः ।।
अन्यं प्राहुर् मत्स्यपुच्छाऽह्वयं च सूत्रं कार्यं शीर्षपुच्छावगाहि ।
सूत्रस्याऽस्य प्राज्यकार्योपयोगाद् एतज् ज्ञातुं ज्ञा ऽषं साधयन्ति ।।
मत्स्योत्पत्त्या साधितं सूत्रमेतद् धीराः प्राहुर् मत्स्यसूत्राभिधानम् ।
एतद्रीत्या साधितं मत्स्यमेव सङ्ख्यावन्तः केचनाऽहुर् यवाख्यम् ।।

निर्दिष्ट रेखालाई त्रिज्या मानी सो रेखाका दुइ प्रान्तलाई केन्द्र मानी दुइटा वृत्त बनाउनू । ती दुइटै वृत्त बराबरका हुन्छन् तथा एउटा वृत्तभित्र अर्को वृत्त पसेको हुन्छ । ती दुवै वृत्तको भित्रपट्टि पसेको भाग मत्स्य (माछो) जस्तो हुन्छ । ती दुइ वृत्तका परिधिको दुइ ठाउँमा योग हुन्छ । ती दुइमध्ये एउटालाई मत्स्यको शिर (टाउको) र अर्कोलाई मत्स्यको पुच्छर भन्ने चलन छ । मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । यो रेखा धेरै ठाउँमा काम लाग्छ । त्यही रेखा (मत्स्यको शिर र पुच्छरमा जाने रेखा) पत्ता लाउन मत्स्य बनाउनुपरेको हो । मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने गरी हालेको रेखालाई मत्स्यसूत्र भन्दछन् । कुनै कुनै विद्वान्-ले यसरी बनाइएको मत्स्यलाई नै यव (जौ) भन्ने नाउँ राखेका छन् ।

म त्स्य निर्दिष्ट रेखा हो । सो रेखाको म बिन्दुलाई केन्द्र मानी म त्स्य रेखालाई त्रिज्या मानी अ शि त्स्य पु वृत्त बनाउनू । फेरि त्स्य बिन्दुलाई केन्द्र मानी त्स्य म त्रिज्याले म शि क पु वृत्त बनाउनू । यी दुइ वृत्तको शि तथा पु यी दुइ ठाउँ-मा योग हुन्छ । दुवै वृत्तभित्र रहेको म शि त्स्य पु भाग माछो जस्तो देखिन्छ । यस कारण सो भागलाई मत्स्य भन्ने परिभाषा चलेको छ । वृत्तका दुइटा योगमध्ये एउटा योग शि लाई मत्स्यको शिर (टाउको) भन्ने र अर्को योग पु लाई मत्स्यको



CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुच्छ (पुच्छर) भन्ने चलन छ । शिर र पुच्छरमा जाने शि पु रेखा हाल्नू । यो शि पु रेखा पत्ता लाउन मत्स्य बनाउनु परेको हो । यो शि पु रेखालाई मत्स्यरेखा भन्दछन् ।

जहाँ जहाँ मत्स्य बनाउनू भनिन्छ, त्यहाँ त्यहाँ यस रीतबाट शि पु रेखा हाल्नू भन्ने सम्झनुपर्छ ।

संलग्नकोण, समकोण तथा लम्बका लक्षण

एकरेखोपरि न्यस्ता रेखाऽन्या निजपार्श्वयोः ।
स्थितौ संलग्नतां यातौ कोणकौ विदधाति यौ ।।
तौ कोणकौ यदा तुल्यौ जायेयातां परस्परम् ।
समाभिधो भवेत् कोणस् तदा प्रत्येकमेतयोः ।।
विदधत्योः समं कोणं रेखयोर् उभयोर् भवेत् ।
रेखाप्रत्येकमन्यस्यां रेखायां लम्बनामभाक् ।।

पहिलो रेखाको प्रान्तबाहेकको बिन्दुमा दोस्रो रेखाको प्रान्तबिन्दु मिलन आउँदा दोस्रो रेखाको दायाँ बायाँ जुन दुइ कोण उत्पन्न हुन्छन्, ती आफुसमा संलग्नकोण कहाउँछन् । जस्तै—

अ क पहिलो रेखा हो । अ क रेखाका प्रान्त अ, क बिन्दु हुन् । इ बिन्दु, अ क रेखाको प्रान्तबिन्दु होइन । उ इ दोस्रो रेखाको इ प्रान्तबिन्दुमा अ क रेखाको इ बिन्दु मिल्दा उ इ रेखाको एकातिर अ इ उ कोण, अर्कोतिर क इ उ कोण बनेका छन् । ती दुइ कोण परस्परमा संलग्नकोण कहाउँछन् ।



दुइटा संलग्नकोण आफुसमा बराबर भए भने ती आफुसमा समकोण कहाउँछन् । जस्तै—

अ इ उ कोण तथा क इ उ कोण परस्परमा बराबर छन् भने यी दुइ कोण समकोण कहाउँछन् ।

संलग्नकोण परस्परमा बराबर भएमा मात्र समकोणको निर्णय हुन्छ भनी माथि भनिएको छ । समकोणको निर्णय भइसकेपछि नचाहिने भाग जति मेटिदिए पनि समकोणलाई हानि गर्दैन । जस्तै—



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ इ कोणलाई समकोण भन्छन् ।

समकोण बनाउने दुइटा रेखामा प्रत्येक रेखा परस्परमा लम्ब हुन्छ । जस्तै—

इ क रेखामाथि उ इ रेखा लम्ब हुन्छ । उ इ रेखामाथि इ क रेखा लम्ब हुन्छ ।



मत्स्यका केही उपयोग

प्रोक्ते सूत्रे मत्स्यमुत्पाद्य तस्य सूत्रं कुर्याच्च् शीर्षपुच्छावगाहि ।
एतत् सूत्रं प्रोक्तसूत्रेण साकं यस्मिन् बिन्दौ युज्यते तत्र बिन्दौ ॥
प्रोक्ते सूत्रे लम्बरूपत्वमाप्य तुल्ये खण्डे प्रोक्तसूत्रस्य कुर्यात् ।

निर्दिष्ट रेखामा मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । मत्स्यको शिर र पुच्छरमा जाने यो रेखा (मत्स्यरेखा) निर्दिष्ट रेखामा लम्बरूप हुन्छ तथा मत्स्यरेखाले निर्दिष्ट रेखाको बराबर दुइ टुक्रा पार्छ ।

अ क निर्दिष्ट रेखा छ । सो रेखामा बनेको मत्स्यको शिर पुच्छरमा जाने रेखा (मत्स्यरेखा) शि पु हो । शि पु रेखा अ क निर्दिष्ट रेखामा लम्ब हुन्छ । शि पु रेखाले अ क रेखालाई बराबर दुइ टुक्रा पार्छ । अ शि, अ पु, क शि, क पु, रेखा हाल (अबाध्योपक्रम) ।



उपपत्ति

अ पु शि, क पु शि यी दुइ त्रिभुजमा
अ शि भुज = अ पु भुज
क शि भुज = क पु भुज
(रेखागणित १।१)

शि पु भुज उभयनिष्ठ

यसरी अ शि पु त्रिभुजका तीनवटै भुज क शि पु त्रिभुजका तीनवटै भुजसँग बराबर भएकाले अ शि पु त्रिभुजका तीनवटै कोण क शि पु त्रिभुजका तीनवटै कोणसँग बराबर हुन्छन् (रेखागणित १।८) ।

यसरी अ शि पु कोण = क शि पु कोण भयो ।

अ शि ग, क शि ग त्रिभुजमा
अ शि भुज = क शि भुज
शि ग भुज उभयनिष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ शि ग कोण = क शि ग कोण (भरखरै सिद्ध गरेको)
यस कारण अ ग आधार = क ग आधार
अ ग शि कोण = क ग शि कोण

(रेखागणित १।४)

यसरी अ ग शि कोण तथा क ग शि कोण बराबर भएको हुनाले अ क रेखामा शि ग रेखा लम्बरूप भयो (परिभाषा)। अ ग रेखा तथा क ग रेखा बराबर भएका हुनाले शि ग रेखाले अ क रेखालाई आधा पनि गऱ्यो।

मत्स्यका अरू उपयोग

प्रोक्ते सूत्रे मत्स्यरीत्या प्रसिद्धे सूत्रे निष्ठं कञ्चन स्वेष्टबिन्दुम्।
प्रान्तद्वन्द्वात् प्रोक्तसूत्रस्य यान्त्यौ द्वे द्वे रेखे तुल्यमाने भवेताम्॥
रेखाद्वन्द्वस्याऽस्य तुल्यस्य योगाज् जातं कोणं मत्स्यरेखाऽर्द्धयेच् च।

निर्दिष्ट रेखामा मत्स्य बनाई सिद्ध गरिएको (सो मत्स्यको शिर र पुच्छरमा जाने) रेखामा (मत्स्यरेखामा) रहेको जुनसुकै एउटा बिन्दुसम्म निर्दिष्ट रेखाका दुइ प्रान्तबाट गएका दुइटा रेखा बराबर हुन्छन्। बराबरका ती दुइ रेखाबाट बनेको कोणलाई सो मत्स्यरेखाले आधा गर्छ।

अ क निर्दिष्ट रेखा हो। सो रेखामा बनेको मत्स्यको शिर र पुच्छरमा जाने रेखा शि पु हो। शि पु रेखालाई बढाउँदा ङ पु रेखा बनेको छ। सो ङ पु रेखामा रहेका पु, शि, ज तथा ङ बिन्दुबाट निर्दिष्ट रेखाका दुइ प्रान्त अ तथा क सम्म गएका रेखामा

अपु = क पु
शि अ = शि क
ज अ = ज क
ङ अ = ङ क

हुन्छन्। सो ङ पु रेखाले अ पु क, अ शि क, अ ज क, अ ङ क कोणलाई आधा पार्छ।



उपपत्ति

अ ग रेखा = क ग रेखा
अ ग शि कोण = क ग शि कोण
(मत्स्यका केही उपयोग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण   ज अ ग, ज क ग त्रिभुजमा
अ ग भुज = क ग भुज
ज ग भुज उभयनिष्ठ
अ ग ज कोण = क ग ज कोण भएकोले
ज अ भुज = ज क भुज
अ ज ग कोण = क ज ग कोण हुन्छन् ।
(रेखागणित १.४)

यसै गरी   अ ऌ रेखा = क ऌ रेखा
अ ऌ ग कोण = क ऌ ग कोण सिद्ध गर्न सकिन्छ ।
अ पु = क पु
अ पु ग कोण = क पु ग कोण

इत्यादि त 'मत्स्यका केही उपयोग' मा सिद्ध भइसकेको छ ।

प्रश्नमाला

१) मत्स्य बनाउने रीतिलाई खुलाएर लेख ।
२) के कामको लागि मत्स्य बनाइन्छ ?
३) मत्स्यको उपयोग आफ्नो शब्दमा लेख ।
४) ४ अङ्गुल लामो रेखामा मत्स्य बनाऊ ।
५) ५ अङ्गुल लामो रेखाका दुवै प्रान्तबाट बराबर टाढामा रहेको बिन्दु पत्ता लाऊ ।
६) ३ अङ्गुल लामो रेखाका दुवै प्रान्तबाट बराबर टाढामा हिंड्ने रेखा पत्ता लाऊ ।
७) ५ अङ्गुल लामो रेखाका दुवै प्रान्तबाट बराबर टाढामा हिंड्ने रेखा पत्ता लाउन के गर्नुपर्छ, खुलाएर लेख ।

नवौं प्रतिज्ञा

रेखायुग्मे कुर्वति प्रोक्तकोणं तस्मात् कोणात् तुल्यदूरस्थितौ द्वौ ।
बिन्दू कुर्याद् एकपार्श्वेऽथ कुर्याद् एतद्बिन्दुद्वन्द्वगं सूत्रमेकम् ।।
तस्मिन् सूत्रे मत्स्यमुत्पाद्य तस्य सूत्रं कुर्याच् शीर्षपुच्छाऽवगाहि ।
एतत् सूत्रं प्रोक्तकोणाऽश्रितं सत् तुल्यौ भागौ प्रोक्तकोणस्य कुर्यात् ।।

निर्दिष्ट कोणको आधा गर्ने रीति

निर्दिष्ट कोण बनाउने दुइटा रेखामा सो कोणबाट एकैतिर बराबर टाढा रहेका दुइटा बिन्दु लिनू। ती दुइ बिन्दुमा जाने रेखा हाल्नू । सो रेखामा मत्स्य बनाउनू । सो मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । सो रेखा निर्दिष्ट कोणमा नपुगेको भए त्यसलाई निर्दिष्ट कोणसम्म पुऱ्याउनू (अघिबाटै पुगेको भए बढियै भयो) । मत्स्यको शिर र पुच्छरमा जाने सो रेखाले निर्दिष्ट कोणको आधा गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



उ अ क निर्दिष्ट कोण हो । सो कोणलाई बनाउने अ उ, अ क दुइ रेखामा अ चिह्नबाट बराबर टाढा ग, घ दुइटा चिह्न लाई ग घ रेखा हाली ग घ रेखामा मत्स्य बनाई सो मत्स्यबाट बनेको शि पु मत्स्यरेखालाई बढाएर अ बिन्दुमा पुऱ्याइदियो भने सो रेखाले उ अ क कोणलाई आधा गर्छ ।

उपपत्ति

ग घ रेखामा बनाइएको मत्स्यको मत्स्यरेखा शि पु हो । शि पु मा रहेका हरेक बिन्दुबाट ग, घ दुवै बिन्दु बराबर टाढा रहन्छन् भनी 'मत्स्यका अरू उपयोग' मा भरखर सिद्ध गरिएको हो ।

अ बिन्दुबाट बराबर टाढा रहने गरी ग, घ बिन्दु चिनु लाइएका हुन् । यस कारण अ बिन्दुमा मत्स्यरेखा जानैपर्छ ।

यस कारण उ अ पु कोण = क अ पु कोण हुन्छ (मत्स्यका अरू उपयोग)। ।

प्रश्नमाला

१) समभुज त्रिभुज बनाई त्यसको शीर्षकोणलाई आधा गर ।
२) समद्विबाहु त्रिभुज बनाई त्यसको शीर्षकोणलाई आधा गर ।

दसौं प्रतिज्ञा

कृत्वा मत्स्यं रेखिकायां निजायां कुर्यात् सूत्रं शीर्षपुच्छाऽबनाद्धि
एतत् सूत्रं रेखिकाया निजायाः खण्डद्वन्द्वं संविदध्यात् समानम् ।१

निर्दिष्ट रेखाको आधा गर्ने रीति



निर्दिष्ट रेखामा मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । सो रेखाले निर्दिष्ट रेखालाई आधा गर्छ ।

अ क निर्दिष्ट रेखा छ । त्यस रेखाका बराबर दुइ टुक्रा पार्नुपरेको छ । अ क रेखामा मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने शि पु रेखा हाल्दा सो शि पु रेखा तथा अ क निर्दिष्ट रेखाको ग बिन्दुमा योग हुन्छ । सो ग बिन्दुमा अ क रेखाको आधा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति

अ ग = क ग (मत्स्यका केही उपयोग)

प्रश्नमाला

१) ३ अङ्गुल लामो रेखालाई आधा गर ।

२) ४ अङ्गुल लामो रेखालाई आधा गर ।

३) ५ अङ्गुल लामो रेखालाई आधा गर ।

४) २ अङ्गुल लामो रेखालाई आधा गर ।

५) ६ अङ्गुल लामो रेखालाई आधा गर ।

६) १ अङ्गुल लामो रेखालाई आधा गर ।

७) त्रिभुजका तीनवटा भुजलाई आधा गर्ने तथा ती भुजमा लम्ब हुने तीनवटा रेखा हाल । ती रेखा एकै बिन्दुमा मिल्छन् वा मिल्दैनन् सो पनि परीक्षा गर ।

८) त्रिभुजका तीनवटा कोणलाई आधा गर्ने तीनवटा रेखा हाल । ती रेखा कहाँ कहाँ मिल्छन् परीक्षा गरी हेर ।

एघाह्रौं प्रतिज्ञा

निर्दिष्टायां रेखिकायां निविष्टात् प्रोक्ताद् बिन्दोः पार्श्वगौ तुल्यदूरौ ।
तद्रेखास्थावङ्कयित्वा च बिन्दू एतद्बिन्दुद्वन्द्वजाताऽन्तरस्थे ।।
निर्दिष्टाया रेखिकाया विभागे मत्स्यं कृत्वा तच्शिरःपुच्छगामि ।
सूत्रं कुर्याद् रेखिकायां निजायां तत्स्थात् प्रोक्ताद् बिन्दुतस् तद् हि लम्बः ।।

निर्दिष्ट रेखामा रहेको निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखामा लम्ब गर्ने रीति

निर्दिष्ट रेखामा रहेको निर्दिष्ट बिन्दुबाट दुवैतिर बराबर टाढा रहेका निर्दिष्ट रेखामा रहेका दुइटा बिन्दु चिनो लाउनू । ती दुइ बिन्दुको बीचमा रहेको निर्दिष्ट रेखाको भागमा मत्स्य बनाउनू । सो मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । त्यो रेखा नै निर्दिष्ट रेखामा रहेको निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखामा लम्ब हुन्छ ।



अ इ निर्दिष्ट रेखा हो । सो रेखामा रहेको निर्दिष्ट बिन्दु क हो । क निर्दिष्ट बिन्दुबाट अ इ निर्दिष्ट रेखामा लम्ब गर्नुपरेको छ ।

निर्दिष्ट रेखामा रहेको क बिन्दुबाट बराबर टाढामा सोही रेखामा रहेका दुइटा इष्ट बिन्दु च, छ छुट्ट्याऊ (क बिन्दूलाई केन्द्र मानी क च इष्ट त्रिज्याले च, छ चिनु लाऊ) ।

च, छ रेखामा मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने शि पु रेखा हाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति

क बिन्दुबाट बराबर टाढा पर्ने गरी च, छ बिन्दु चिनु लाइएका छन् । यस कारण च छ रेखामा बनेको शि पु मत्स्यरेखा क बिन्दुमा अवश्यमेव जान्छ (मत्स्यका अरू उपयोग) । सो शि पु रेखा अ इ रेखामा लम्बरूप पनि हुन्छ (मत्स्यका केही उपयोग) ।

यस कारण अ इ निर्दिष्ट रेखामा रहेको क निर्दिष्ट बिन्दुबाट अ इ रेखामा गरेको लम्ब क शि हुन्छ ।

प्रश्नमाला

१) ४ अङ्गुल लामो रेखामा सो रेखाको बीचको बिन्दुबाट लम्ब हाल ।

२) ३ अङ्गुल लामो रेखामा सो रेखाको बायाँपट्टिबाट २ अङ्गुल पर सोही रेखामा रहेको बिन्दुबाट लम्ब हाल ।

३) ५ अङ्गुल लामो रेखामा सो रेखाको दायाँपट्टिबाट २ अङ्गुल पर सोही रेखामा रहेको बिन्दुबाट लम्ब हाल ।

४) ४८ अङ्गुल लामो रेखाको प्रान्तबिन्दुबाट ६४ अङ्गुल लामो लम्ब हाली सो लम्बको टुप्पोबाट सो रेखाको टुप्पोसम्म रेखा हाल । सो रेखालाई नाप ।

५) १२८ नापो भएको रेखाको प्रान्तबिन्दुबाट ९६ नापो भएको लम्ब हाल । सो लम्बको टुप्पोबाट सो रेखाको टुप्पोसम्म रेखा हाल । सो रेखालाई नाप ।

बाह्रौं प्रतिज्ञा

निर्दिष्टाया रेखिकाया बहिःस्थं प्रोक्तं चिह्नं केन्द्रबिन्दुं प्रकल्प्य ।
स्थानद्वन्द्वे रेखिकायां विलग्नं निर्दिष्टायां वृत्तमिष्टं विदध्यात् ।।
एतद्वृत्ताभ्यन्तरे वर्तमाने निर्दिष्टाया रेखिकाया विभागे ।
मत्स्यं कृत्वा तच्शिरःपुच्छगामि सूत्रं कुर्यात्, साधितं सूत्रमेतत् ।।
निर्दिष्टायां रेखिकायां बहिःस्थात् प्रोक्ताच् चिह्नाज् जायतां लम्बरूपम् ।।

निर्दिष्ट रेखाभन्दा बाहिर रहेको निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखामा लम्ब गर्ने रीति

निर्दिष्ट रेखाभन्दा बाहिर रहेको निर्दिष्ट बिन्दुलाई केन्द्र मानी निर्दिष्ट रेखालाई दुइ ठाउँमा छुने (एक ठाउँ मात्र छोए बढाएको निर्दिष्ट रेखामा छुने) एउटा वृत्त बनाउनू । यो वृत्तभित्र रहेको निर्दिष्ट रेखाको भागमा मत्स्य बनाउनू । सो मत्स्यको शिर र पुच्छरमा जाने रेखा हाल्नू । सो रेखा नै निर्दिष्ट रेखाभन्दा बाहिर रहेको निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखामा लम्ब हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ इ निर्दिष्ट रेखा हो । सो रेखाभन्दा बाहिर रहेको उ निर्दिष्ट बिन्दु हो । सो उ निर्दिष्ट बिन्दुबाट अ इ रेखामा लम्ब गर्नुपरेको छ ।

उ बिन्दुबाट अ इ रेखामा बराबर टाढा रहेका दुइटा इष्ट बिन्दु ज, क छुट्‌याऊ (उ बिन्दुलाई केन्द्र मानी उ ज इष्ट त्रिज्याले ज, क चिनु लाऊ) । ज क रेखामा मत्स्य बनाई सो मत्स्यको शिर र पुच्छरमा जाने शि पु रेखा हाल ।

सो शि पु रेखालाई उ सम्म लँजाऊ ।



उपपत्ति

उ बिन्दुबाट बराबर टाढा पर्ने गरी ज, क बिन्दु चिनु लाइएका छन् । यस कारण ज क रेखामा बनेको शि पु मत्स्यरेखा उ बिन्दुमा अवश्यमेव जान्छ (मत्स्यका अरू उपयोग) । शि पु रेखा तथा अ इ रेखाको योग-बिन्दु यो मा शि पु रेखा लम्बरूप पनि हुन्छ (मत्स्यका केही उपयोग) । यस कारण उ निर्दिष्ट बिन्दुबाट अ इ निर्दिष्ट रेखामा गरेको लम्ब उ यो हुन्छ ।

प्रश्नमाला

१) समभुज त्रिभुज बनाई त्यसको शीर्षबिन्दुबाट आधारमा लम्ब गर ।

२) ३ अङ्गुलको आधारमा ५ अङ्गुलका भुज भएको समद्विबाहु त्रिभुज बनाई सो त्रिभुजको शीर्षबिन्दुबाट आधारमा लम्ब गर ।

३) एघाह्रौं प्रतिज्ञा र बाह्रौं प्रतिज्ञाको फरक उदाहरणबाट बुझाऊ ।

४) २० हात लामो आधारका दुवै प्रान्तबिन्दुबाट क्रमैले १० हात र १५ हातका लम्ब हाल । पहिलो लम्बको टुप्पोबाट दोस्रो लम्बको फेदसम्म र दोस्रो लम्बको टुप्पोबाट पहिलो लम्बको फेदसम्म रेखा हाल । ती दुइ रेखाको सम्पातबिन्दुबाट आधारमा लम्ब हाल । सो लम्बलाई नाप ।*

---

* पञ्चदश १५ दश १० करोच्छ्रयवेण्वोरज्ञातमध्यभूमिकयोः ।
इतरेतरमूलाग्रगसूत्रयुतेर्लम्बमानमाचक्ष्व ॥

(लीलावती, क्षेत्रव्यवहार)

[१५ हात र १० हात लामा बाँस भुइँमा खडा गरिएका छन् । तिनको बीचको भाग थाहा छैन । पहिलो बाँसको टुप्पोबाट दोस्रो बाँसको फेदसम्म र दोस्रो बाँसको टुप्पोबाट पहिलो बाँसको फेदसम्म डोरी बाँधिएका छन् । ती दुइटा डोरीको योगबिन्दुबाट भुइँमा हालेको लम्ब कति हातको हुन्छ बताऊ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५) आधार ३० मानी ४ प्रश्नको क्रिया गरी लम्ब नाप ।

६) आधार १० मानी ४ प्रश्नको क्रिया गरी लम्ब नाप ।

७) आधार २५ मानी ४ प्रश्नको क्रिया गरी लम्ब नाप ।

तेह्रौं प्रतिज्ञा

आद्याख्यायां रेखिकायां निविष्टं कञ्चिद् बिन्दुं प्रान्तवर्जं परस्याः ।
रेखायाश् चेत् प्रान्तबिन्दुः समेयाज् जायेयातां कोणकौ योगबिन्दौ ।।
इत्थं योगाज् जातयोः कोणयोस् तु प्रत्येकं हि स्यात् समाख्याऽभिधानम् ।
वा तत्कोणद्वन्द्वसम्पन्नयोगः कोणद्वय्याः स्यात् समाख्याः समानः ।।

पहिलो रेखाको प्रान्त (छेउ) बाहेकको कुनै बिन्दुमा दोस्रो रेखाको प्रान्त आई मिल्यो भने दोस्रो रेखाको दुवैतिर एउटा एउटा गरी जम्मा दुइ कोण बन्छन् । ती दुइ कोण प्रत्येक समकोण हुन्छन् अथवा ती दुइ कोणको योग दुइ समकोणले बराबर हुन्छ ।

अ इ पहिलो रेखा हो । अ इ रेखाका प्रान्त अ, इ बिन्दु हुन् । क बिन्दु अ इ रेखाको प्रान्तबिन्दु होइन । उ क दोस्रो रेखा हो । उ क रेखाको एउटा प्रान्त बिन्दु क हो । अ इ रेखाको क बिन्दुमा उ क रेखाको क बिन्दु मिल्दा उ क रेखाको एकातिर अ क उ कोण, अर्कोतिर इ क उ कोण बनेका छन् । अ इ रेखामाथि उ क रेखा लम्बरूप भएको छ भने अ क उ तथा इ क उ यी दुवै कोण समकोण हुन्छन् भन्ने कुरा परिभाषाबाटै स्पष्ट हुन्छ ।



अ इ रेखामाथि उ क रेखा लम्बरूप भएको छैन भने यहाँ क्षेत्रमा देखाइए जस्तो आकार बन्ला ।

तब अ क उ कोण + इ क उ कोण = २ समकोण होला ।

क बिन्दुबाट अ इ रेखामा क ग लम्ब हाल ।

(रेखागणित १।११)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति

इ क उ कोण = इ क ग कोण + ग क उ कोण

दुवै पक्षमा उ क अ कोण जोड्दा

इ क उ कोण + उ क अ कोण = इ क ग कोण + ग क उ कोण + उ क अ कोण (स्वयंसिद्ध)।

परन्तु

ग क उ कोण + उ क अ कोण = ग क अ कोण

यस कारण

इ क उ कोण + उ क अ कोण = इ क ग कोण + ग क अ कोण

इ क ग कोण तथा ग क अ कोण यी दुइ कोणमा प्रत्येक कोण समकोण छन् ।

यस कारण

इ क उ कोण + उ क अ कोण = १ समकोण + १ समकोण = २ समकोण

यस कारण

इ क उ कोण + उ क अ कोण = २ समकोण

उ क अ कोण तथा अ क उ कोण उही हो ।

यस कारण

अ क उ कोण + इ क उ कोण = २ समकोण

प्रश्नमाला

१) समद्विबाहु त्रिभुजको शीर्षकोणलाई आधा गरी पांचौं प्रतिज्ञाको पूर्वार्द्धलाई सिद्ध गर ।

२) पांचौं प्रतिज्ञाको उत्तरार्द्धलाई तेह्रौं प्रतिज्ञाको सहायताले सिद्ध गर ।

३) समद्विबाहु त्रिभुजको आधारलाई दुवैतिर बढाइदिंदा बाहिर बनेका दुवै कोण आफुसमा बराबर हुन्छन् भनी सिद्ध गर ।

अनुमान

आद्याख्यायां रेखिकायां निविष्टं कञ्चिद् बिन्दुं प्रान्तवर्जं परासाम् ।
रेखाणां चेत् प्रान्तचिह्नानि यायुः संपद्येरन् कोणका योगबिन्दौ ।।
योगस्तेषां कोणकानां समेषां कोणद्वय्याः स्यात् समायाः समानः ।

पहिलो रेखाको प्रान्तबाहेकको कुनै बिन्दुमा अरू अनेक रेखाका प्रान्त आई मिले भने त्यहां धेरै कोण पैदा हुन्छन् । ती जम्मै कोणको योग दुइ समकोणले बराबर हुन्छ ।

स्पर्धी कोण

जुन दुइटा कोणको योग दुइ समकोणले बराबर हुन्छ, ती दुइ कोणमा प्रत्येक कोण अर्को कोणको स्पर्धी कोण कहाउंछ ।

जस्तै तेह्रौं प्रतिज्ञामा अ क उ कोण तथा इ क उ कोणको योग दुइ समकोणले बराबर सिद्ध भएकोले अ क उ कोणको स्पर्धी इ क उ कोण हुन्छ, इ क उ कोणको स्पर्धी अ क उ कोण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौधौं प्रतिज्ञा

रेखाप्रान्ते पार्श्वयुग्मात् तदीयाद् आगच्छन्त्यो रेखयोर् मेलनेन ।
जातौ कोणौ चेत् समौ वा तदीयो योगोऽस्नाभ्यां स्यात् समाभ्यां समानः ।।
पार्श्वद्वन्द्वाद् आगते रेखिके ते जायेयाताम् एकरेखास्वरूपे ।

एउटा रेखाको प्रान्तमा दुइतिरबाट (दायाँ र बायाँतिरबाट) आएका दुइ रेखाको योगबाट जुन दुइ कोण बन्छन्, ती दुइ कोणमध्ये प्रत्येक कोण समकोण भएमा अथवा ती दुइ कोणको योग दुइ समकोणले बराबर भएमा दायाँ र बायाँतिरबाट आएका ती दुइ रेखा मिली एउटै रेखा बन्छन् ।

उ क रेखाको क प्रान्तबिन्दुमा दायाँतिरबाट आएको इ क रेखा मिली बनेको इ क उ कोण समकोण छ । उ क रेखाको क बिन्दुमा नै बायाँतिरबाट आएको अ क रेखा मिली बनेको अ क उ कोण पनि समकोण छ भने इ क, अ क रेखा मिली एउटै अ इ रेखा बन्छ ।



उपपत्ति

इ क उ कोण पनि समकोण, अ क उ कोण पनि समकोण छन् भनी मानिएको छ ।

बायाँतिरको अ क रेखालाई क बिन्दुबाट दायाँतिर बढाइदियो भने बढेको सो अ क रेखासँग उ क रेखाले दायाँतिर बनाएको कोण पनि समकोण हुन्छ । किनभने बायाँतिर बनाएको अ क उ कोण समकोण छ (रेखागणित १।१३) ।

यस कारण अ क रेखालाई दायाँतिर बढाउँदा उ क रेखाले दायाँतिर जुन कोण बनाउँछ, सो कोण इ क उ कोण जत्रै हुन्छ । उ क रेखाले अहिले दायाँतिर बढेको अ क रेखासँग बनाएको कोण र अघिबाट इ क रेखासँग बनाएको इ क उ कोण एकै दिशामा रहेका र उत्रै पनि भएकाले ती दुइ कोण एउटै भए ।

यस कारण दायाँतिर बढेको अ क रेखा तथा इ क रेखा एउटै हुन्छन् भन्ने देखिन आउँछ ।

यस कारण इ क, अ क रेखा मिली एउटै अ इ रेखा बन्छ भन्ने कुरा सिद्ध भयो ।

उ क रेखाको क प्रान्तबिन्दुमा दायाँतिरबाट आएको इ क रेखा मिली बनेको इ क उ कोण हो । उ क रेखाको क बिन्दुमा नै बायाँतिरबाट आएको अ क रेखा मिली बनेको अ क उ कोण हो । इ क उ कोण तथा अ क उ कोणमा प्रत्येक समकोण छैन । किन्तु (सँगैको क्षेत्रमा देखाए जस्तै) ती दुइ इ क उ कोण र अ क उ कोणको योग दुइ समकोणले बराबर छ भने इ क, अ क रेखा मिली एउटै अ इ रेखा बन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति

इ क उ कोण + अ क उ कोण = २ समकोण भनी मानिएको छ ।

यस कारण अ क उ कोणको स्पर्धी इ क उ कोण हुन्छ (परिभाषा) ।

बायाँतिरको अ क रेखालाई क बिन्दुबाट दायाँतिर बढाइदियो भने बढेको सो अ क रेखासँग उ क रेखाले दायाँतिर बनाएको कोण पनि अ क उ कोणको स्पर्धी कोण नै हुन्छ । किनभने उ क रेखाले क बिन्दुमा अ क रेखासँग दायाँतिर र बायाँतिर बनाएका कोणको योग दुइ समकोणले बराबर हुन्छ (रेखागणित १।१३) ।

यस कारण अ क रेखालाई दायाँतिर बढाउँदा उ क रेखाले दायाँतिर जुन कोण बनाउँछ, सो कोण इ क उ कोण जत्रै हुन्छ । उ क रेखाले अहिले दायाँतिर बढेको अ क रेखासँग बनाएको कोण र अघिदेखि इ क रेखासँग बनाएको इ क उ कोण एकै दिशामा रहेका र उत्रै पनि भएकाले ती दुइ कोण एउटै भए ।

यस कारण दायाँतिर बढेको अ क रेखा तथा इ क रेखा एउटै हुन्छन् भन्ने देखिन आउँछ ।

यस कारण इ क, अ क रेखा मिली एउटै अ इ रेखा बन्छ भन्ने कुरा सिद्ध भयो ।

प्रश्नमाला

१) तेह्रौं प्रतिज्ञा र चौधौं प्रतिज्ञामा के फरक छ ?

पन्ध्रौं प्रतिज्ञा

रेखायुग्मं संपतेद् यत्र बिन्दौ चत्वारः स्युस् तत्र कोणाः प्रजाताः ।
द्वौ द्वौ कोणौ संमुखीनौ चतुर्षु तेषु स्यातां तुल्यताम् आददानौ ॥

दुइटा रेखा जहाँ सम्पात गर्छन् (काटाकाट गरिरहन्छन्), त्यहाँ चारओटा कोण बनेका हुन्छन् । ती चार कोणमध्ये सामुन्ने सामुन्नेका दुइ कोण आफुसमा बराबर हुन्छन् ।



अ क रेखा तथा ग घ रेखाले स मा काटाकाट गरेका छन् । यहाँ अ स ग, ग स क, क स घ, घ स अ चार ओटा कोण पैदा भएका छन् । यी चार कोणमध्ये

अ स ग कोण = क स घ कोण ।

घ स अ कोण = ग स क कोण

हुन्छन् ।

उपपत्ति

ग घ रेखामा अ स रेखाले अ स ग, घ स अ यी दुइटा कोण पैदा गरेको छ ।

यस कारण

अ स ग कोण + घ स अ कोण = २ समकोण (रेखागणित १।१३)

यसै गरी अ क रेखामा घ स रेखाले घ स अ, क स घ यी दुइटा कोण पैदा गरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण

घ स अ कोण + क स घ कोण = २ समकोण (रेखागणित १।१३)

यस कारण

अ स ग कोण + घ स अ कोण = घ स अ कोण + क स घ कोण (स्वयंसिद्ध)

यस कारण दुवैतिरबाट घ स अ कोण घटाइदिंदा

अ स ग कोण = क स घ कोण

हुन आउँछ (स्वयंसिद्ध)।

यसै गरी घ स अ कोण = ग स क कोण सिद्ध गर्न सकिन्छ।

पहिलो अनुमान

रेखाद्वंन्द्वं संपतेद् यत्र बिन्दौ चत्वारः स्युस् तत्र कोणाः प्रजाताः।
योगस् तेषां कोणकानां चतुर्णां सिध्येत् तुल्योऽस्त्रैश् चतुर्भिः समाख्यैः ।।

दुइटा रेखा जहाँ संपात गर्छन्, त्यहाँ चारओटा कोण बनेका हुन्छन्। ती चारओटा कोणको योग चार समकोणले बराबर हुन्छ।

दोस्रो अनुमान

संपातश् चेद् रेखिकाणां बहूनाम् एकत्र स्यात् कोणकाः स्युः प्रभूताः।
निःशेषाणां कोणकानां समासस् तेषां तुल्योऽस्त्रैश् चतुर्भिः समैः स्यात् ।।

एउटै बिन्दुमा धेरै रेखा संपात गर्छन् भने त्यहाँ धेरै कोण बन्छन्। ती जम्मै कोणको योग चार समकोणले बराबर हुन्छ।

पादको परिभाषा

केन्द्राद् इष्टाद् इष्टया त्रिज्यया च वृत्तं कृत्वा व्यासरेखां च कुर्यात्।
तस्मिन् व्यासे प्राक्पराख्ये विदध्याल् लम्बं व्यासं याम्यसौम्याख्यमन्यम् ।।
इष्टा पालिर् व्यासयुग्मेन तेन तुल्यैर् भागैर् अङ्क्यते स्वैश् चतुर्भिः।
एते भागाः पादसंज्ञां दधाना गण्यन्ते प्राक्चिह्नतोऽसव्यरीत्या ।।

इष्ट बिन्दुलाई केन्द्र मानी इष्ट त्रिज्याले वृत्त बनाई व्यासरेखा हाल्नू। यस व्यासलाई 'पूर्वापरव्यास' भन्दछन्। पूर्वापरव्यासको उपरमा लम्बरूप भएको अर्को व्यास हाल्नू। यस व्यासलाई 'याम्योत्तरव्यास' भन्दछन्। यी दुइवटा व्यासबाट परिधिका बराबर चार टुक्रा हुन्छन्। यी टुक्रालाई 'पद' (पाद) भन्दछन्। पूर्वबाट अपसव्य-क्रमले (पूर्वबाट उत्तर, उत्तरबाट पश्चिम, पश्चिमबाट दक्षिण, दक्षिणबाट पूर्व जाने क्रमले) पदको गणना हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पू उ प द वृत्तको केन्द्र के छ । पू प व्यासरेखाको उपरमा लम्बरूप भएको उ द व्यास छ । पू प व्यासलाई 'पूर्वापरव्यास' तथा उ द व्यासलाई 'याम्योत्तरव्यास' भन्ने चलन छ ।

पू प तथा उ द व्यासले परिधिका बराबर चार टुक्रा पारेका छन् । पू देखि उ सम्म 'प्रथम पद' उ देखि प सम्म 'द्वितीय पद', प देखि द सम्म 'तृतीय पद' द देखि पू सम्म 'चतुर्थ पद' भनिन्छ ।

राश्यादिको परिभाषा

इष्टं वृत्तं बाहुचन्द्र १२ प्रमाणैस् तुल्यैर् भागैर् अङ्कनीयं च नेम्याम् ।
एते भागा राशिसंज्ञां वहन्ति पादे पादे राशयो वह्नयः ३ स्युः ।।
राशीनां स्याद् द्वादशानां १२ भचक्रम् अंशाः खण्डा राशिजास् त्रिंश ३० दुक्ताः ।
षष्टिर् ६० भागा अंशजाः स्युः कलाख्यास् तत्षष्टचं ६० शाः स्युर् विपूर्वाः कलाख्याः ।।

इष्ट वृत्तको परिधिका बराबर १२ भाग लाउनू । यी प्रत्येक भाग 'राशि' कहिन्छन् । प्रत्येक पदमा तीन तीन राशि हुन्छन् । १२ राशिको एक 'भगण' हुन्छ । राशिका ३० वटा बराबर खण्ड 'अंश' भनिन्छन् । अंशका ६० वटा बराबर खण्ड 'कला' भनिन्छन् । कलाका ६० वटा बराबर खण्ड 'विकला' भनिन्छन् ।



सँगैको क्षेत्रमा वृत्तको बराबर बाह्र भाग लाइएको छ । त्यो प्रत्येक भागलाई राशि भन्छन् । प्रत्येक पदमा तीन तीन राशि छन् । प्रत्येक राशिको बराबर ३० टुक्रा पार्दा हुन आएका प्रत्येक टुक्रा अंश भनिन्छन् । प्रत्येक अंशमा ६० कला र प्रत्येक कलामा ६० विकला हुन्छन् ।

यसरी

पूरा परिधि = १ भगण = १२ राशि= १२ × ३० अंश = ३६० अंश ।

३६० अंश = ३६० × ६० कला = २१६०० कला = २१६००×६० विकला = १२९६००० विकला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चापको परिभाषा

इष्टैर् अंशैर् अङ्कितं नेमिखण्डम् इष्टं चापं कोविदा आमनन्ति ।

इष्ट अंशादिले छुट्ट्याइएको परिधिको टुक्रोलाई 'इष्ट चाप' भन्दछन् ।

परिधिमा अंशादि हुने हुनाले परिधिको टुक्रो चापमा पनि अंशादि हुने हुँदा इष्ट अंशादिले छुट्ट्याइएको परिधिको टुक्रा चाप भनिएको हो ।

सँगैको क्षेत्रमा देखिएको परिधिको अ क टुक्रोलाई अ क चाप भन्छन् ।



चाप र सो चापको संमुखमा रहेको केन्द्रगत कोणको सम्बन्ध

यथा यथा वृद्धिमुपैति कार्मुकं तथा तथा तद्धनुषोऽग्रयोर् युगम् ।
उपेतयोस् त्रिज्यकयोः स्थितोऽन्तरे प्रवर्द्धते केन्द्रगतोऽपि कोणकः ॥

चाप जति जति बढ्दै जान्छ, उति उति सो चापका दुइ प्रान्तमा जाने दुइटा त्रिज्याले बनाएको केन्द्रगत कोण पनि बढ्दै जान्छ ।

अ इ चापको एउटा प्रान्त अ बिन्दु हो, अर्को प्रान्त इ बिन्दु हो । ती दुइ प्रान्तबिन्दुमा जाने त्रिज्या के अ, के इ हुन् । यी त्रिज्याले केन्द्रमा बनाएको कोण अ के इ हो ।

अ उ चापको प्रान्तबिन्दु अ, उ हुन् । यी दुइ प्रान्तमा जाने दुइटा त्रिज्याले केन्द्रमा बनाएको कोण अ के उ हो ।

अ इ चापभन्दा अ उ चाप ठूलो छ । अ के इ कोणभन्दा अ के उ कोण पनि ठूलो छ ।

यसै गरी अ इ, अ उ, अ ऋ, अ ए इत्यादि चाप क्रमैसँग बढ्दै गएका छन् । ती चापका संमुखमा रहेका (चापका दुइ प्रान्तमा जाने त्रिज्याले केन्द्रमा बनाएका) अ के इ, अ के उ, अ के ऋ, अ के ए इत्यादि कोण पनि क्रमैसँग बढ्दै गएका छन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोण नाप्ने रीति

चापप्रान्तद्वन्द्वमाप्ते त्रिभज्ये ये स्यातां तद्योगजः केन्द्रसंस्थः ।
कोणो यः स्यात् तस्य कोणस्य मानं ज्ञेयं चापस्थेन भागादिकेन ।।

चापका दुइ प्रान्तमा गएका दुइवटा त्रिज्याबाट केन्द्रमा बनेको कोणको मान सो चापमा रहेका अंशादिले जान्नुपर्छ ।



अ के इ कोणको संमुखमा रहेको चाप अ इ हो । अ इ चाप एक राशि अर्थात् ३० अंशको छ । यस कारण अ के इ कोण पनि ३० अंशको हुन्छ ।

अ के उ कोणको संमुखमा रहेको चाप अ उ हो । अ उ चाप ६० अंशको छ । यस कारण अ के उ कोण पनि ६० अंशको हुन्छ ।

यसरी नै अ के ऋ कोण ९० अंशको हुन्छ ।

एक समकोणमा ९० अंश हुन्छन्

चक्रे नेम्यां स्युः खषड्वह्नयो ३६० शाश्, चत्वारः स्युः केन्द्रभाजः समास्राः ।
तत् प्रत्येकं कोणकेंऽशाः समाख्ये सम्पद्येरन् व्योमरन्ध्र ९० प्रमाणाः ।।



वृत्तको परिधिमा ३६० अंश हुन्छन् । वृत्तको केन्द्रमा ४ समकोण हुन्छन् । त्यस कारण प्रत्येक समकोणमा ९० अंश हुन्छन् ।

पू प तथा उ द दुइटा रेखाको सम्पात के बिन्दुमा भएको छ । ती दुइ रेखाको सम्पातबाट पू के उ, उ के प, प के द, द के पू यी चारवटा कोण बनेका छन् । यी चार कोणको योग चार समकोणले बराबर हुन्छ (रेखागणित १।१५ को पहिलो अनुमान) ।

पू उ प द परिधिमा १२ राशि तथा ३६० अंश हुन्छन् (राश्यादिको परिभाषा) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण
४ समकोण = १२ राशि = ३६० अंश
यस कारण
१ समकोण = ३ राशि = ९० अंश
यस कारण
१ समकोण = ९० अंश
पू प रेखामाथि उ कि रेखा लम्बरूप छ तथा पू के उ कोण समकोण छ (समकोण तथा लम्बको परिभाषा)।
यस कारण
पू के उ कोण ९० अंशको सिद्ध हुन्छ।
यो कुरो कोण नाप्ने रीतिबाट पनि बुझिन्छ।

अधिककोण

महीयान् समकोणाद् योऽधिककोणः स कथ्यते।

समकोणभन्दा ठूलो कोणलाई अधिककोण भन्छन्।





अ इ क कोण समकोण छ। अ इ क कोणभन्दा अ इ उ कोण ठूलो छ। यस कारण अ इ उ कोण अधिककोण हो।

समकोणमा ९० अंश हुन्छन्। यस कारण अधिककोणमा ९० अंशभन्दा बढी अंश हुन्छन्।

न्यूनकोण

लघीयान् समकोणाद् यो न्यूनकोणः स कथ्यते।

समकोणभन्दा सानो कोणलाई न्यूनकोण भन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu





अ इ क कोण समकोण छ । अ इ क कोणभन्दा अ इ च कोण सानो छ । यस कारण अ इ च कोण न्यूनकोण हो ।

समकोणमा ९० अंश हुन्छन् । यस कारण न्यूनकोणमा ९० अंशभन्दा घटी अंश हुन्छन् ।

चापयन्त्र

वृत्तको आधालाई अर्धवृत्त भन्दछन् । ठीक अर्धवृत्त बनाउनू । त्यसको परिधिका बराबर १८० भाग गरी प्रत्येक भागमा चिनु लाउनू । शून्यदेखि १०, १० बढ्दै गएका १८० सम्मका (०, १०, २०, ३०, ४०, ५०, ६०, ७०, ८०, ९०, १००, ११०, १२०, १३०, १४०, १५०, १६०, १७०, १८० सम्मका) अङ्क सो परिधिमा ठीक ठीक ठाउँमा लेख्नू । व्यासरेखा पनि हाल्नू । केन्द्रमा पनि चिनु लाउनू । यसरी बनाइएको अर्धवृत्तलाई 'चापयन्त्र' भन्दछन् ।



चापयन्त्रको काम

चापयन्त्रलाई कागजमा टम्म मिलाई राखी केन्द्रमा, शून्य अंशमा र इष्ट अंशमा (जति अंशको कोण बनाउनु-परेको छ, उति अंशमा) समेत गरी तीन ठाउँमा स्पष्ट देखिने मसिनो चिनू लाउनू । केन्द्रबाट शून्य अंशको चिनुमा जाने एउटा रेखा तथा इष्ट अंशको चिनुमा जाने अर्को रेखा समेत गरी दुइटा रेखा हाल्नू । ती दुइ रेखाको बीचमा बनेको कोण इष्ट अंशको कोण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रश्नमाला

१) ९० अंशको कोण बनाऊ ।
२) ९० अंशको कोणको आधा गर ।
३) ४५ अंशको कोण बनाऊ र त्यसको आधा गर ।
४) २२½ अंशको कोण बनाऊ र त्यसको आधा गर ।
५) ११¼ अंशको कोण बनाऊ र त्यसको आधा गर ।
६) ५¾ अंशको कोण बनाऊ र त्यसको आधा गर ।
७) समद्विबाहु त्रिभुजमा आधारमा रहेका दुवै कोण आफुसमा बराबर हुन्छन् भन्ने कुरा नापेर सिद्ध गर ।
८) तेह्रौं प्रतिज्ञामा बताएको कुरालाई नापी सिद्ध गर र सो कुरा शब्दमा पनि लेख ।
९) तेह्रौं प्रतिज्ञाका अनुमानलाई नापेर सिद्ध गर ।
१०) चौधौं प्रतिज्ञामा बताइएको कुरालाई नापो मिलाई सिद्ध गर ।
११) ३० अंशको कोण बनाऊ ।
१२) ४५ अंशको शीर्षकोण भएको समद्विबाहु त्रिभुज बनाऊ ।
१३) ९० अंशको एउटा कोण भएको त्रिभुज बनाऊ ।
१४) ९० अंशको शीर्षकोण भएको समद्विबाहु त्रिभुज बनाऊ ।
१५) ६० अंशको शीर्षकोण भएको समद्विबाहु त्रिभुज बनाऊ । सो त्रिभुजका तीनवटै भुज बराबर हुन्छन् भनी नापेर सिद्ध गर ।

सोह्रौं प्रतिज्ञा

त्र्यस्रे बाहोः कस्यचिद् वर्द्धनेन बाह्ये भागे जायमानस् तु कोणः ।
अन्तःस्थाभ्यां स्वाऽङ्गसक्ताऽस्त्रवजं प्रत्येकं स्यात् कोणकाभ्यां महीयान् ।।

त्रिभुजमा कुनै एउटा भुजलाई बढाउँदा त्रिभुजबाहिर बनेको कोण, त्रिभुजभित्र रहेका आफूसँग नजोरिएका दुइ कोणमध्ये प्रत्येकभन्दा ठूलो हुन्छ ।

अ इ उ त्रिभुजमा इ उ भुजलाई बढाउँदा त्रिभुज बाहिर बनेको अ उ क कोण त्रिभुजभित्र रहेका आफूसँग नजोरिएका इ अ उ तथा अ इ उ यी दुइ कोणमध्ये प्रत्येकभन्दा ठूलो हुन्छ ।

इ अ उ कोणभन्दा अ उ क कोण ठूलो छ भनी सिद्ध गर्नुपरेको छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ उ भुजलाई च बिन्दुमा आधा गर (रेखागणित १।१०)। इ च रेखा हाली सो रेखालाई बढाई इ च बराबर च छ पार (रेखागणित १।३)। छ उ रेखा हाल (अबाध्योपक्रम)।



उपपत्ति

अ च इ, छ च उ त्रिभुजमा—

च अ भुज = च उ भुज

च इ भुज = च छ भुज

अ च इ कोण = छ च उ कोण

(रेखागणित १।१५)

यस कारण

च अ इ कोण = च उ छ कोण (रेखागणित १।४)।

च उ छ कोणभन्दा च उ क कोण ठूलो छ (स्वयंसिद्ध)।

यस कारण इ अ उ कोणभन्दा अ उ क कोण ठूलो सिद्ध भयो।

यसै गरी इ उ भुजको आधा गरी यही रीतबाट अ इ उ कोणभन्दा अ उ क कोण ठूलो सिद्ध गर्न सकिन्छ। जस्तै—

इ उ भुजलाई प बिन्दुमा आधा गर (रेखागणित १।१०)। अ प रेखा हाली सो रेखालाई बढाई अ प रेखा बराबर प फ रेखा पार (रेखागणित १।३)। फ ज रेखा हाल (अबाध्योपक्रम)।



उपपत्ति

यहाँ अ प इ, फ प उ त्रिभुजमा—

इ प भुज = प उ भुज

प अ भुज = प फ भुज,

अ प इ कोण = फ प उ कोण,

(रेखागणित १।१५)

यस कारण

प इ अ कोण = प उ फ कोण

(रेखागणित १।४)

प उ फ कोण = ज उ क कोण

(रेखागणित १।१५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अतः प इ अ कोण = प उ ऊ कोण = ज उ क कोण (स्वयंसिद्ध) ।

ज उ क कोणभन्दा अ उ क कोण ठूलो छ (स्वयंसिद्ध) ।

यस कारण अ इ उ कोणभन्दा अ उ क कोण ठूलो सिद्ध भयो ।

सत्रौं प्रतिज्ञा

अन्तस्त्र्यस्रं जातयोः कोणयोस् तु योगोऽस्त्राभ्यां स्यात् समाभ्यां लघीयान् ।

त्रिभुजभित्र रहेका जुनसुकै दुइटा कोणको योग दुइ समकोणभन्दा सानो हुन्छ ।



अ इ उ त्रिभुजभित्र इ अ उ कोण, अ इ उ कोण तथा अ उ इ कोण छन् । यी तीन कोणमध्ये जुनसुकै दुइटा कोणको योग दुइ समकोणभन्दा सानो हुन्छ ।

इ अ उ तथा अ उ इ यी दुइ कोणको योग दुइ समकोणभन्दा सानो छ भनी सिद्ध गरिन्छ ।



इ उ रेखालाई क सम्म बढाऊ (अबाध्योपक्रम) ।

उपपत्ति

इ अ उ कोणभन्दा अ उ क कोण ठूलो छ (रेखागणित १।१६) ।

यस कारण

इ अ उ कोण + अ उ इ कोण

भन्दा

अ उ क कोण + अ उ इ कोण

ठूलो हुन्छ (स्वयंसिद्ध) ।

अ उ क कोण + अ उ इ कोण = दुइ समकोण

(रेखागणित १।१३)

यस कारण इ अ उ तथा अ उ इ कोणको योग दुइ समकोणभन्दा सानो सिद्ध हुन्छ ।

प्रश्नमाला

१) माथिको क्षेत्रमा अ इ उ तथा अ उ इ कोणको योग दुइ समकोणभन्दा सानो हुन्छ भनी सिद्ध गर ।

२) इ अ उ तथा अ इ उ कोणको योग दुइ समकोणभन्दा सानो हुन्छ भनी सिद्ध गर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो अनुमान

त्र्यस्रक्षेत्रे संवसन्त्यां त्रिकोण्यां जायेयातां न्यूनकोणाववश्यम् ।
त्र्यस्रक्षेत्रे तस्थिवांस: क्वचित् तु सम्पद्येरन् न्यूनकोणास् त्रयोऽपि ।।

त्रिभुजभित्र रहेका तीनवटा कोणमध्ये दुइवटा कोण अवश्य न्यूनकोण हुन्छन् ।

त्रिभुजभित्र रहेका दुइ कोणको योग दुइ समकोणमन्दा सानो हुन्छ भनी सत्रौं प्रतिज्ञामा सिद्ध गरिएको छ । यस कारण त्रिभुजभित्र एउटा समकोण वा अधिककोण भयो भने बाँकी रहेका दुइटा कोण न्यूनकोण हुनैपर्छ । बाँकी रहेका कोणमा पनि समकोण वा अधिककोण छन् भनी मान्ने हो भने त्रिभुजभित्र दुइटा समकोण वा अधिककोण हुन जाने हुनाले ती दुइ कोणको योग दुइ समकोण वा दुइ समकोणमन्दा बढ्ता हुने स्पष्ट छ । यस कारण त्रिभुजभित्र दुइटा न्यूनकोण अवश्यमेव हुन्छन् ।

त्रिभुजमा रहेका तीनवटै कोण न्यूनकोण पनि हुन सक्छन् ।

दोस्रो अनुमान

बाह्याद् बिन्दो रेखिकायां निजायाम् एकाकि स्यात् सूत्रकं लम्बनाम ।

निर्दिष्ट रेखामा निर्दिष्ट रेखाभन्दा बाहिरको बिन्दुबाट लम्बरेखा एउटै मात्र हुन सक्छ ।

इ उ निर्दिष्ट रेखा छ । सो निर्दिष्ट रेखामा निर्दिष्ट रेखाभन्दा बाहिरको अ बिन्दुबाट अ क लम्बरेखाबाहेक अर्को कुनै लम्बरेखा बन्न सक्तैन ।

निर्दिष्ट रेखामा निर्दिष्ट रेखाभन्दा बाहिरको एउटै बिन्दुबाट अर्को लम्बरेखा हुन सक्छ भनी मान्ने हो भने तल देखाइएको जस्तो क्षेत्र बन्न जाला ।



लम्बको परिभाषाअनुसार यहाँ—

अ क इ कोण = अ क ग कोण नभईकन इ उ रेखामा अ क रेखा लम्बरेखा हुन सक्दैन ।

यसै गरी

अ ग क कोण = अ ग उ कोण नभईकन इ उ रेखामा अ ग लम्बरेखा हुन सक्दैन । अर्थात् अ क तथा अ ग यी दुवै रेखा लम्ब छन् भनी सिद्ध गर्न अ क ग कोण तथा अ ग क कोण समकोण छन् भनी मान्नुपर्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी अ क ग त्रिभुजमा—

अ क ग कोण (१ समकोण) + अ ग क कोण (१ समकोण) = २ समकोण हुने भयो।

परन्तु त्रिभुजभित्र रहेको जुनसुकै दुइटा कोणको योग दुइ समकोणभन्दा सानो हुन्छ भनी सत्रौं प्रतिज्ञामा सिद्ध गरिएको छ। यस कारण निर्दिष्ट रेखामा निर्दिष्ट रेखाभन्दा बाहिर रहेको एउटै निर्दिष्ट बिन्दुबाट एउटै मात्र लम्बरेखा हुन सक्छ भन्ने कुरा सिद्ध हुन्छ।

अठाह्रौं प्रतिज्ञा

त्र्यस्रे कोणो दीर्घदोःसंमुखीनः स्थूलः कोणाद् ह्रस्वदोःसंमुखात् स्यात्।

त्रिभुजमा सानो भुजको सामुन्ने रहेको कोणभन्दा ठूलो भुजको सामुन्ने रहेको कोण ठूलो हुन्छ।



अ इ उ त्रिभुजमा अ इ भुजभन्दा अ उ भुज ठूलो छ। यस कारण सानो भुज अ इ को सामुन्ने रहेको अ उ इ कोणभन्दा ठूलो भुज अ उ को सामुन्ने रहेको अ इ उ कोण ठूलो हुन्छ।



अ उ रेखाबाट अ इ रेखा जत्रो अ च रेखा छुट्याऊ (रेखागणित १।३)। इ च रेखा हाल।

अ इ च त्रिभुजमा—

अ इ भुज = अ च भुज भएकोले

अ इ च कोण = अ च इ कोण हुन्छ।

(रेखागणित १।५)

इ च उ त्रिभुजमा उ च भुजलाई अ सम्म बढाएकोले इ च उ त्रिभुजको बहिर्गत कोण अ च इ कोण भएको छ। यस कारण

इ उ च कोणभन्दा अ च इ कोण ठूलो छ (रेखागणित १।१६)।

अ च इ कोण बराबर अ इ च कोण हुनाले अ इ च कोण पनि इ उ च कोणभन्दा ठूलो सिद्ध हुन्छ।

अ इ च कोण तथा उ इ च कोणको योगबाट अ इ उ कोण बनेको छ। यस कारण इ उ च कोणभन्दा अ इ उ कोण झन् ठूलो छ भन्ने कुरो सिद्ध हुन्छ।

यस कारण अ इ उ त्रिभुजमा अ इ सानो भुजको संमुखमा रहेको अ उ इ कोण सानो तथा अ उ ठूलो भुजको संमुखमा रहेको अ इ उ कोण ठूलो छ भन्ने कुरा सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उन्नाइसौं प्रतिज्ञा

त्र्यस्रे बाहोः स्वल्पकोणाऽग्रसंस्थात् स्याद् दोर् दीर्घः स्थूलकोणाऽग्रवर्ती ।

त्रिभुजमा सानो कोणको सामुन्ने रहेको भुजभन्दा ठूलो कोणको सामुन्ने रहेको भुज ठूलो हुन्छ ।

अ इ उ त्रिभुजमा अ उ इ कोणभन्दा अ इ उ कोण ठूलो छ। यस कारण सानो कोण अ उ इ को सामुन्ने रहेको अ इ भुजभन्दा ठूलो कोण अ इ उ को सामुन्ने रहेको अ उ भुज ठूलो हुन्छ ।



उपपत्ति

अ इ भुजभन्दा अ उ भुज ठूलो छैन भन्ने हो भने—

१) अ इ भुज बराबर अ उ भुज होला ।

अथवा

२) अ उ भुजभन्दा अ इ भुज ठूलो होला ।

अ इ भुज बराबर अ उ भुज मानेको खण्डमा अ इ उ कोण बराबर अ उ इ कोण होला (रेखागणित १।५)। परन्तु अ उ इ कोणभन्दा अ इ उ कोण ठूलो छ भनी सकारेर यो कुरा उठाइएको हुनाले अ इ उ कोण बराबर अ उ इ कोण हुन सक्दैन । यस कारण अ इ भुज बराबर अ उ भुज हुन सक्दैन ।

अ उ भुजभन्दा अ इ भुज ठूलो छ भनी मानेको खण्डमा अ इ उ कोणभन्दा अ उ इ कोण ठूलो होला (रेखागणित १।१८)। परन्तु अ उ इ कोणभन्दा अ इ उ कोण ठूलो छ भनी सकारेर यो कुरा उठाइएको हुनाले अ इ उ कोणभन्दा अ उ इ कोण ठूलो हुन सक्दैन । यस कारण अ उ भुजभन्दा अ इ भुज ठूलो हुन सक्दैन ।

यस कारण सानो कोण अ उ इ को सामुन्ने रहेको अ इ भुजभन्दा ठूलो कोण अ इ उ को सामुन्ने रहेको अ उ भुज ठूलो हुन्छ भन्ने कुरामा विवाद उठ्न सक्तैन ।

अनुमान

बाह्याद् बिन्दोर् निर्गता इष्टरेखां यावत् प्राप्ता रेखिका या भवेयुः ।
तास्वल्पिष्ठा रेखिका लम्बरूपा सम्पद्येताऽथाऽवलम्बस्य तस्य ।।
दूरे दूरे वर्तमानाः क्रमेण दीर्घा दीर्घा रेखिकास् ता भवेयुः ।
पार्श्वद्वन्द्वेऽथाऽवलम्बस्य तिष्ठद् युग्मं युग्मं रेखयोः स्यात् समानम् ।।

निर्दिष्ट रेखाभन्दा बाहिर रहेको निर्दिष्ट बिन्दुबाट निर्दिष्ट रेखासम्म आएका रेखाहरूमा लम्बरेखा सबभन्दा सानो हुन्छ । लम्बको टाढा टाढा रहेका रेखाहरू क्रमैले ठूला ठूला हुँदै जान्छन् । लम्बको दुवैतिर बराबर टाढा रहेका एकएकवटा रेखा आफुसमा बराबर हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इ उ निर्दिष्ट रेखाभन्दा बाहिर रहेको अ बिन्दुबाट इ उ निर्दिष्ट रेखासम्म आएका अ इ, अ क, अ ग, अ ल, अ च, अ छ, अ उ रेखाहरूमा अ ल रेखा लम्बरेखा छ। सो अ ल रेखा अ इ, अ क, अ ग, अ च, अ छ, अ उ यी सबै रेखाभन्दा सानो हुन्छ ।



अ ल लम्बरेखाको अ च रेखा नगीचमा रहेको र अ छ रेखा टाढा रहेको छ । यस कारण अ च रेखाभन्दा अ छ रेखा ठूलो हुन्छ । यसै गरी अ छ रेखाभन्दा अ उ रेखा ठूलो हुन्छ ।

अ ल लम्बरेखाको दायाँतिर रहेको अ च रेखा र बायाँतिर रहेको अ ग रेखा बराबर टाढा रहेका छन् । यस कारण अ च रेखा बराबर अ ग रेखा हुन्छ । यसै गरी अ छ रेखा बराबर अ क रेखा, अ उ रेखा बराबर अ इ रेखा हुन्छन् ।

उपपत्ति

अ ल लम्बरेखा भएको हुनाले अ ल ग कोण समकोण छ । अ ल ग कोण समकोण भएको हुनाले अ ग ल कोण न्यूनकोण सिद्ध हुन्छ (रेखागणित १।१७ को पहिलो अनुमान) ।

यस कारण सानो कोण अ ग ल को सामुन्ने रहेको अ ल लम्बरेखाभन्दा ठूलो कोण अ ल ग को सामुन्ने रहेको अ ग भुज ठूलो सिद्ध हुन्छ (रेखागणित १।१९) ।

क ल रेखामा अ ग रेखाको प्रान्त ग बिन्दु मिलन आएको हुनाले अ ग रेखाको दुइतिर उत्पन्न भएका अ ग ल तथा अ ग क यी दुइ कोणको योग दुइ समकोणले बराबर हुन्छ (रेखागणित १।१३) ।

अ ग ल कोण न्यूनकोण छ भनी माथि सिद्ध गरिएको छ । यस कारण अ ग क कोण अधिककोण सिद्ध हुन्छ । अ ग क कोण अधिककोण सिद्ध भएको हुनाले रेखागणितको माथि बताएकै प्रतिज्ञाअनुसार अ क ग कोण न्यूनकोण सिद्ध हुन्छ ।

यस कारण सानो कोण अ क ग कोणको सामुन्ने रहेको अ ग भुजभन्दा ठूलो कोण अ ग क कोणको सामुन्ने रहेको अ क भुज ठूलो सिद्ध हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी नै अ क भुजभन्दा अ इ भुज ठूलो छ भनी सिद्ध गर्न सकिन्छ ।

यसरी अ ल लम्बरेखाभन्दा अ ग रेखा ठूलो, अ ग रेखाभन्दा अ क रेखा ठूलो, अ क रेखाभन्दा अ इ रेखा ठूलो सिद्ध भए ।

यसै गरी अ ल लम्बरेखाभन्दा अ च रेखा, अ छ रेखा तथा अ उ रेखा क्रमशः ठूला छन् भनी सिद्ध गर्न सकिन्छ ।

माथिको क्षेत्रमा देखिने अ ल ग त्रिभुज तथा अ ल च त्रिभुजमा ल ग भुज र ल च भुज बराबर छन्, अ ल भुज उभयनिष्ठ छ तथा अ ल ग कोण र अ ल च कोण पनि (समकोण हुनाले) बराबर छन् । यस कारण अ ग भुज र अ च भुज बराबर हुन्छन् (रेखागणित १।४) ।

यसै गरी अ ल लम्बरेखाभन्दा बराबर टाढा रहेका अ क भुज र अ छ भुज तथा अ इ भुज र अ उ भुज पनि परस्परमा बराबर हुन्छन् भनी सिद्ध गर्न सकिन्छ ।

जात्यत्रिभुजको लक्षण

यस्मिँस् त्रिबाहौ जायेत कोण एकः समाभिधः ।
समकोणं त्रिकोणं तज् जात्यं प्राहुर् विपश्चितः ।।
संमुखीनः समास्रस्य दोर् अत्र कर्ण ईर्यते ।
श्रवः श्रुतिश्च श्रवणं कर्णस्याऽर्थे प्रयुज्यते ।।
अक्षणयारज्जुशब्दोऽपि कर्णार्थे क्वापि दृश्यते ।
एको बाहुः परा कोटिः स्याद् बाह्वोर् अवशिष्टयोः ।
पार्श्वमानी भुजः कोटिस्तिर्यङ्मानी च कथ्यते ।।

जुन त्रिभुजमा एउटा कोण समकोण हुन्छ, सो त्रिभुज जात्यत्रिभुज कहिन्छ । समकोणको सामुन्ने रहेको भुज कर्ण कहिन्छ । कर्ण, श्रव, श्रुति, श्रवण यी शब्द पर्यायवाची हुन् । कतै कतै कर्ण भन्नालाई अक्षणयारज्जु यो शब्द पनि प्रयोग गरिएको देखिन्छ । जात्यत्रिभुजका कर्णबाहेकका दुइ भुजमध्ये एउटा भुज तथा अर्को कोटि कहाउँछ । भुज, पार्श्वमानी यी शब्द पर्यायवाची हुन् । कोटि, तिर्यङमानी यी शब्द पर्यायवाची हुन् ।

अ इ उ त्रिभुजमा अ इ उ कोण समकोण छ । यस कारण यसलाई समकोण त्रिभुज भन्नुपर्छ । समकोण त्रिभुजको नामान्तर जात्यत्रिभुज हो ।

अ इ उ जात्यत्रिभुजमा अ इ उ समकोणको संमुखमा रहेको अ उ भुज कर्ण कहाउँछ । बाँकी रहेका अ इ, इ उ भुजमा अ इ भुज भुज तथा इ उ भुज कोटि कहाउँछन् । अ इ भुजलाई कोटि र इ उ भुजलाई भुज भने पनि हुन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

बीसौं प्रतिज्ञा

क्षेत्रे दोर्भिर् जायमाने त्रिभिः स्याद् बाह्वोर् योगः शेषबाहोर् महीयान् ।

त्रिभुजमा दुइटा भुजको योग तेस्रो भुजभन्दा ठूलो हुन्छ ।



अ इ उ त्रिभुजमा अ इ, अ उ, इ उ यी तीनवटा भुजमध्ये जुनसुकै दुइटा भुजको योग तेस्रो भुजभन्दा ठूलो हुन्छ ।

इ उ भुजभन्दा अ इ तथा अ उ भुजको योग ठूलो छ भन्ने कुरा सिद्ध गरिन्छ ।

इ अ भुजलाई क सम्म बढाऊ (अबाध्योपक्रम) । अ उ भुज जत्रो अ क रेखा पार (रेखागणित १।३) । क उ रेखा हाल (अबाध्योपक्रम) ।



उपपत्ति

अ उ क त्रिभुजमा

अ क भुज = अ उ भुज छ ।

यस कारण

अ क उ कोण = अ उ क कोण हुन्छ ।

(रेखागणित १।५)

अ उ क कोणभन्दा इ उ क कोण ठूलो छ (स्वयंसिद्ध) । यस कारण अ क उ कोणभन्दा पनि इ उ क कोण ठूलो हुन्छ (स्वयंसिद्ध) ।

सानो कोण इ क उ को संमुखमा रहेको इ उ भुजभन्दा ठूलो कोण इ उ क को संमुखमा रहेको इ क भुज ठूलो हुन्छ (रेखागणित १।१९) ।

इ क भुज = इ अ भुज + अ क भुज

अ उ भुज बराबर अ क भुज भएको हुनाले इ उ भुजभन्दा इ अ भुज तथा अ उ भुजको योग ठूलो छ भन्ने कुरा सिद्ध हुन्छ ।

एक्काइसौं प्रतिज्ञा

त्र्यस्रे बाहोः कस्यचित् प्रान्तयुग्माद् निष्क्रामन्त्यो रेखयोर् मेलनेन ।
अन्तस्त्र्यस्रं जायमानं त्रिकोणं पूर्वाद् बाह्यात् स्यात् त्रिकोणाल् लघीयः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तस्मिन् युग्मे त्र्यस्त्रयोर् भूमिरेका बाह्ये त्र्यस्ने शीर्षकोणो लघीयान् ।
बाह्ये त्र्यस्ने बाहुयुग्मस्य योगो द्राघीयान् स्यात् त्र्यस्त्रयोस् तारतम्यात् ॥

त्रिभुजको कुनै एउटा भुजका दुइ प्रान्तबाट निस्केका दुइटा रेखा सो त्रिभुजभित्र मिलनाले जुन त्रिभुज बन्छ, भित्रपट्टि बनेको सो त्रिभुज, बाहिरको अघिको त्रिभुजभन्दा सानो हुन्छ । ती दुइ त्रिभुजको आधार एउटै हुन्छ । भित्रको त्रिभुजको भन्दा बाहिरको त्रिभुजको शीर्षकोण सानो हुन्छ । भित्रको त्रिभुजका दुइ भुजको योगभन्दा बाहिरको त्रिभुजका दुइ भुजको योग ठूलो हुन्छ ।



अ इ उ त्रिभुजको इ उ भुजका दुइ प्रान्त इ, उ बिन्दुबाट निस्केका इ क, उ क यी दुइ रेखा क बिन्दुमा मिलेका छन् । यस कारण पहिलो त्रिभुज अ इ उ भित्र दोस्रो त्रिभुज क इ उ बनेको छ । अ इ उ त्रिभुजभन्दा क इ उ त्रिभुज सानो हुन्छ । दुवै त्रिभुजको आधार एउटै इ उ रेखा छ । दोस्रो त्रिभुजको शीर्षकोण इ क उ भन्दा पहिलो त्रिभुजको शीर्षकोण इ अ उ सानो हुन्छ । दोस्रो त्रिभुजका दुइ भुज क इ, क उ को योगभन्दा पहिलो त्रिभुजका दुइ भुज अ इ, अ उ को योग ठूलो हुन्छ ।

इ क रेखालाई बढाई सो रेखा र अ उ रेखाको संयोगबिन्दुमा ग चिह्न लाऊ ।



उपपत्ति

अ इ उ त्रिभुजभन्दा क इ उ त्रिभुज सानो छ भन्ने कुरा प्रत्यक्ष छ ।

अ इ ग त्रिभुजको इ अ ग कोण अन्तर्गत कोण हो तथा इ ग उ कोण बहिर्गत कोण हो । यस कारण इ अ ग कोणभन्दा इ ग उ कोण ठूलो हुन्छ (रेखागणित १।१६) ।

क उ ग त्रिभुजको उ ग क कोण अन्तर्गत कोण हो तथा उ क इ कोण बहिर्गत कोण हो । यस कारण उ ग क कोणभन्दा उ क इ कोण ठूलो हुन्छ (रेखागणित १।१६) ।

इ अ उ कोणभन्दा इ ग उ कोण ठूलो, इ ग उ कोणभन्दा इ क उ कोण ठूलो भएकोले इ अ उ कोणभन्दा इ क उ कोण झन् ठूलो भयो ।

त्रिभुजमा कुनै दुइटा भुजको योग तेस्रो भुजभन्दा ठूलो हुन्छ भनी २० प्रतिज्ञामा सिद्ध गरिएको छ । यस कारण अ इ ग त्रिभुजमा इ ग भुजभन्दा अ इ तथा अ ग भुजको योग ठूलो हुन्छ । अ इ, अ ग भुजको योगमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा इ ग भुजमा पनि ग उ भुज थपिदियौं भने इ ग तथा ग उ भुजको योगमन्दा अ इ तथा अ उ (अ ग + ग उ) भुजको योग ठूलो हुन्छ (स्वयंसिद्ध)।

यसै गरी क उ ग त्रिभुजमा क उ भुजमन्दा ग उ, ग क भुजको योग ठूलो हुन्छ। ग उ, ग क भुजको योगमा तथा क उ भुजमा क इ भुज थपिदियौं भने क उ तथा क इ भुजको योगमन्दा ग उ तथा ग इ (ग क + क इ) भुजको योग ठूलो हुन्छ (स्वयंसिद्ध)। माथि हामीले इ ग, ग उ भुजको योगमन्दा अ इ, अ उ भुजको योग ठूलो हुन्छ भनी सिद्ध गरेका थियौं। अहिले यहाँ क इ, क उ भुजको योगमन्दा ग उ, ग इ भुजको योग ठूलो छ भन्ने कुरा सिद्ध हुन आयो। यस कारण क इ, क उ भुजको योगमन्दा अ इ, अ उ भुजको योग झन् ठूलो हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

बाइसौं प्रतिज्ञा

निर्दिष्टानां सूत्रकाणां त्रयाणाम् एकं किञ्चित् कर्मभूमौ निधाय।
प्रान्तद्वन्द्वं तस्य सूत्रस्य केन्द्रे प्रोक्ते शेषे सूत्रके च त्रिभज्ये॥
स्वीकृत्य द्वे मण्डले संविदध्याद् एतद्वृत्तद्वन्द्वसंपातबिन्द्वोः।
एकं यावत् स्वेप्सितं केन्द्रयुग्मात् त्रिज्ये कुर्यात् स्याद् अभीष्टं त्रिकोणम्॥
एवं रीत्या साध्यमाने त्रिकोणे प्रोक्तैः सूत्रैः संमिता बाहवः स्युः।
सूत्रत्रय्यां भाषितायां द्वयस्य योगो यत्र स्यात् तृतीयाद् महीयान्॥
तत्र त्र्यस्रक्षेत्ररूपस्य सिद्धया तत्रैवाऽस्याः स्यात् क्रियायाः प्रसङ्गः।

तीनवटा निर्दिष्ट रेखामध्ये पहिलोलाई पहिले लेख्नू। पहिलो रेखाका दुइ प्रान्तमध्ये एक प्रान्तलाई केन्द्र र दोस्रो रेखालाई त्रिज्या मानी पहिलो वृत्त बनाउनू। पहिलो रेखाको अर्को प्रान्तलाई केन्द्र र तेस्रो रेखालाई त्रिज्या मानी दोस्रो वृत्त बनाउनू। ती दुइ वृत्तको दुइ ठाउँमा संपात हुन्छ। ती संपातबिन्दुमध्ये एउटालाई इष्ट बिन्दु मानी सो इष्ट बिन्दुसम्म दुइटा केन्द्रबाट दुइटा त्रिज्या हाल्नू। यसरी एउटा त्रिभुज बन्छ। सो त्रिभुजका तीनवटा भुज निर्दिष्ट तीन रेखाले बराबर हुन्छन्। निर्दिष्ट तीन रेखामध्ये दुइटाको योग तेस्रोमन्दा ठूलो भएमा मात्र तो रेखाबाट त्रिभुज बन्ने हुनाले त्यस्ता ठाउँमा मात्र यो रीत काम लाग्छ।

पहिलो रेखा ४ अङ्गुलको, दोस्रो रेखा २ अङ्गुलको, तेस्रो रेखा ३ अङ्गुलको छ। यो तीन रेखा भुज भएको त्रिभुज बनाउनुपरेको छ।

४ अङ्गुलको पहिलो रेखा इ उ लाई पहिले कागतमा लेखी त्यसको एक प्रान्त इ बिन्दुबाट २ अङ्गुलको दोस्रो इ अ रेखातुल्य त्रिज्याले पहिलो वृत्त बनाउनू। पहिलो रेखाको दोस्रो प्रान्त उ बिन्दुबाट ३ अङ्गुलको तेस्रो उ अ रेखातुल्य त्रिज्याले दोस्रो वृत्त बनाउनू। यी दुइ वृत्तको अ तथा क दुइ ठाउँमा संपात हुन्छ। तीमध्ये अ बिन्दुसम्म इ, उ बाट रेखा हाल्दा अ इ उ त्रिभुज बन्छ। यस त्रिभुजमा—

इ उ भुज = ४ अङ्गुल
अ इ भुज = २ अङ्गुल
अ उ भुज = ३ अङ्गुल

छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



उपपत्ति

इ उ रेखा ४ अङ्गुलको पहिलो रेखा हो। सो रेखा अ इ उ त्रिभुजको आधार बनेको छ। इ बिन्दुलाई केन्द्र मानी दोस्रो २ अङ्गुलको रेखालाई त्रिज्या मानी बनाइएको पहिलो वृत्त तथा उ बिन्दुलाई केन्द्र मानी ३ अङ्गुलको तेस्रो रेखालाई त्रिज्या मानी बनाइएको दोस्रो वृत्तको योगबिन्दु अ सम्म गएका इ अ तथा उ अ रेखा क्रमैले २ अङ्गुल र ३ अङ्गुलका हुन्छन् (परिभाषा)। यस कारण अ इ उ त्रिभुजका तीनवटा भुज क्रमैले ४, २ र ३ अङ्गुलका छन्।

प्रश्नमाला

१) २, २, ३ अङ्गुल भुज भएको त्रिभुज बनाऊ।
२) ३, ४, ५ अङ्गुल भुज भएको त्रिभुज बनाऊ।
३) १२, १६, २० हात भुज भएको त्रिभुज बनाऊ।
४) १३, १४, १५ हात भुज भएको त्रिभुज बनाऊ।
५) ९, १०, १७ हात भुज भएको त्रिभुज बनाऊ।
६) ५, १२, १६ हात भुज भएको त्रिभुज बनाऊ।
७) १२, १६, २५ हात भुज भएको त्रिभुज बनाऊ।
सूचना — १ हात = $\frac{१}{१०}$ अङ्गुल सम्झी क्षेत्र बनाउनू।
८) ५१, ६८, ८५ हात भुज भएको त्रिभुज बनाऊ।
सूचना — १७ हात = १ अङ्गुल सम्झी क्षेत्र बनाउनू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९) ४०, ७५, ८५ हात भुज भएको त्रिभुज बनाऊ ।
सूचना— १ हात = १/१० अङ्गुल सम्झी क्षेत्र बनाउनू ।

१०) १५०, २००, २२५ हात भुज भएको त्रिभुज बनाऊ ।

११) ९, १२, १५ हात भुज भएको त्रिभुज बनाऊ ।

१२) ८, १५, १७ हात भुज भएको त्रिभुज बनाऊ ।

१३) ३०० हात आधार भएको, २६०, २८० हात भुज भएको दुइटा त्रिभुज बनाऊ ।

१४) एउटै आधारमा दुइटा बराबर भुज भएका त्रिभुज बनाऊ । यस विषयमा राम्रो विचार गर ।

१५) ३, ६, ९ हात भुज भएको त्रिभुज बनाऊ ।

१६) ४, ५, १० हात भुज भएको त्रिभुज बनाऊ ।

१७) ८, ९, २० हात भुज भएको त्रिभुज बनाऊ ।

१८) २०, २५, ४५ हात भुज भएको त्रिभुज बनाऊ ।

१९) ३६ र ३० भुज, २८ आधार भएको त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षकोणबाट आधारमा लम्ब गर । सो लम्बको मान नापेर बताऊ ।

२०) ९, १२, १५ भुज भएको त्रिभुज बनाऊ । ९ र १२ भुजबाट बनेको कोण बताऊ ।

२१) १४ आधार, १३ र १५ भुज भएको त्रिभुज बनाई सो त्रिभुजको शीर्षकोणबाट आधारमा लम्ब हाल । सो लम्बले पारेका आधारका टुक्रालाई र सो लम्बलाई पनि नाप ।

२२) ९ आधार, १० र १७ भुज भएको त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षकोणबाट आधारमा लम्ब हाल । सो लम्ब त्रिभुजको भित्र पर्छ कि बाहिर पर्छ, विचार गर । लम्बको मूलबाट भुजको मूलसम्म रहेका आधारका टुक्रालाई नाप, सो लम्बलाई पनि नाप ।

२३) ३०० आधार, २६० र २८० भुज भएको त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षकोणबाट आधारमा लम्ब हाल । सो लम्बलाई नाप । लम्बले पारेका आधारका टुक्रालाई पनि नाप ।

२४) ३०० आधार, १९५ र ३१५ भुज भएको त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षकोणबाट आधारमा लम्ब हाल । सो लम्बलाई र सो लम्बले पारेका आधारका टुक्रालाई पनि नाप ।

२५) ३ र ४ अङ्गुल लामा दुइटा रेखाले समकोण बनाऊ । ती दुइ रेखाको टुप्पालाई जोड्ने अर्को रेखा (कर्ण) हाल । कर्णको मान नापेर बताऊ ।

२६) ५ र १२ अङ्गुलका रेखाले समकोण बनाऊ । ती दुइ रेखाका टुप्पालाई जोड्ने रेखा (कर्ण) हाल । सो कर्णको मान नापेर बताऊ ।

२७) आधार ११, १३ र २० भुज भएको त्रिभुज बनाई शीर्षकोणबाट आधारमा लम्ब हाल । लम्बको मूलबाट भुजको मूलसम्म रहेका आधारका टुक्रालाई नाप सो लम्बलाई पनि नाप ।

२८) १२ भुज भएको समत्रिबाहु त्रिभुज बनाऊ । सो त्रिभुजका प्रत्येक कोणलाई नाप । प्रत्येक कोणबाट सामुन्नेका भुजमा लम्ब हाल । ती लम्बलाई नाप । ती तीनवटा लम्ब आफुसमा कहाँ मिल्छन्, विचार गर ।

२९) १२ आधार, १० भुज भएको समद्विबाहु त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षबिन्दुबाट आधारमा लम्ब हाल । सो लम्बले पारेका त्रिभुजका दुवै टुक्रा रूप त्रिभुजका प्रत्येक भुज तथा कोण नाप ।

३०) १० आधार, १७ र २१ भुज भएको त्रिभुज बनाऊ । सो त्रिभुजको शीर्षकोणलाई र आधारमा रहेका दुवै कोणलाई पनि आधा गर । कोणलाई आधा गर्ने ती रेखाका स्थितिको विषयमा विचार गर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेइसौं प्रतिज्ञा

प्रोक्तं कोणं रेखयोः साधयन्त्योस् तस्मात् कोणात् तुल्यपार्श्वे समाने ।
दूरे तिष्ठच् चिह्नयुग्मं विधाय जानीयात् तच्चिह्नयुग्मान्तरालम् ।।१
प्रोक्तं बिन्दुं प्रोक्तरेखानिविष्टं केन्द्रं त्रिज्यां कोणचिह्नान्तरालम् ।
मत्वा वृत्तं साधयेद् आद्यमेतत्पालोचिछन्नप्रोक्तरेखाप्रदेशम् ।।
केन्द्रं त्रिज्यां चिह्नयुग्मान्तरालं मत्वा वृत्तं साधयेद् अन्यनाम ।
एतद्वृत्तद्वन्द्वसंपातबिन्दुं यावद् रेखां प्रोक्तबिन्दोर् विदध्यात् ।।
प्रोक्ते बिन्दौ प्रोक्तरेखाभवे सा कोणं कुर्यात् प्रोक्तकोणेन तुल्यम् ।

निर्दिष्ट रेखाको निर्दिष्ट बिन्दुमा निर्दिष्ट कोण जत्रो कोण बनाउने रीति

निर्दिष्ट कोण बनाउने दुइटा रेखामा सो कोणबाट एकैतिर बराबर टाढा रहेका दुइटा चिह्न लाउनू। निर्दिष्ट कोणबाट सो चिह्नसम्मको अन्तरलाई पहिलो अन्तर भन्नू। ती दुइ चिह्नको अन्तरलाई दोस्रो अन्तर भन्नू।

निर्दिष्ट रेखामा रहेको निर्दिष्ट बिन्दुलाई केन्द्र तथा पहिलो अन्तरलाई त्रिज्या मानी पहिलो वृत्त बनाउनू। पहिलो वृत्तको परिधि र निर्दिष्ट रेखाको योगबिन्दुलाई केन्द्र तथा दोस्रो अन्तरलाई त्रिज्या मानी दोस्रो वृत्त बनाउनू। पहिलो वृत्त र दोस्रो वृत्तका दुइटा योगबिन्दुमध्ये एउटा योगबिन्दुसम्म निर्दिष्ट बिन्दुबाट रेखा हाल्नू। सो रेखाले निर्दिष्ट रेखाको निर्दिष्ट बिन्दुमा निर्दिष्ट कोण जत्रो कोण बनाउँछ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu



क ग निर्दिष्ट रेखाको क बिन्दुमा अ निर्दिष्ट कोण जत्रो कोण बनाउनुपरेको छ ।

अ निर्दिष्ट कोणलाई बनाउने अ च, अ छ यी दुइ रेखामा अ बिन्दुबाट बराबर टाढा रहेका इ तथा उ चिह्न लाउनू । इ, उ बिन्दुमा जाने इ उ रेखा हाल्नू ।

इ अ रेखालाई पहिलो अन्तर, इ उ रेखालाई दोस्रो अन्तर भन्नू ।

क बिन्दुलाई केन्द्र, अ इ (पहिलो अन्तर) लाई त्रिज्या मानी झ ज ट वृत्त (पहिलो वृत्त) बनाउनू । पहिलो वृत्त र निर्दिष्ट रेखाको योगबिन्दु ज लाई केन्द्र, इ उ (दोस्रो अन्तर) लाई त्रिज्या मानी झ ठ ट वृत्त (दोस्रो वृत्त) बनाउनू । यी दुइ वृत्तको योग झ तथा ट बिन्दुमा भएको छ । ती दुइ योगमध्ये एउटा योगबिन्दु झ सम्म क निर्दिष्ट बिन्दुबाट क झ रेखा तथा दोस्रो वृत्तको केन्द्र ज बाट ज झ रेखा हाल्नू । यसरी बनेको झ क ग कोण निर्दिष्ट कोण अ ले बराबर हुन्छ ।

उपपत्ति

अ इ उ त्रिभुज तथा क झ ज त्रिभुजमा—

अ इ भुज = क झ भुज

अ उ भुज = क ज भुज

(उत्रै वृत्तका त्रिज्या हुनाले)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इ उ भुज = ऊ ज भुज (उत्रै वृत्तका त्रिज्या हुनाले)

यस कारण यी दुइ त्रिभुजमा एउटा त्रिभुजका तीनवटा भुज अर्को त्रिभुजका तीनवटा भुजसँग बराबर भए। यस कारण रेखागणित १।८ अनुसार—

अ इ उ कोण = क ऊ ज कोण

अ उ इ कोण = क ज ऊ कोण।

इ अ उ कोण = ऊ क ज कोण हुन्छ।

यसरी निर्दिष्ट क ग रेखाको निर्दिष्ट क बिन्दुमा निर्दिष्ट कोण अ (इ अ उ कोण) बराबरको ऊ क ज कोण बन्यो।

प्रश्नमाला

१) आधारमा ४५।४५ अंशका कोण भएको त्रिभुज बनाई सो त्रिभुजको शीर्षकोणको मान नापेर बताऊ।

२) आधारमा ३०।३० अंशका कोण भएको त्रिभुज बनाई सो त्रिभुजको शीर्षकोणको मान नापेर बताऊ।

३) आधारमा ४०।४० अंशका कोण भएको त्रिभुज बनाई सो त्रिभुजको शीर्षकोणको मान नापेर बताऊ।

४) आधारमा ७५।७५ अंशका कोण भएको त्रिभुज बनाई सो त्रिभुजको शीर्षकोणको मान नापेर बताऊ।

संगैको आ का गा त्रिभुजमा आ कोणको संमुखमा रहेको का गा भुजलाई अ नामले, का कोणको संमुखमा रहेको आ गा भुजलाई क नामले, गा कोणको संमुखमा रहेको आ का भुजलाई ग नामले लिन्छन् अर्थात् कोणलाई दीर्घ अक्षरले र सो कोणको संमुखमा रहेको भुजलाई, कोणलाई बुझाउने अक्षरको ह्रस्व रूपले बुझाउने चलन छ।



५) अ = २५

का = ७५ अंश

गा = ८५ अंश

भएको त्रिभुज बनाऊ।

६) अ = ३०

का = ८० अंश

गा = ४५ अंश

भएको त्रिभुज बनाऊ।

७) एउटा भुज ३, अर्को भुज ४, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८) एउटा भुज ६, अर्को भुज ८, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ ।

९) एउटा भुज ५, अर्को भुज १२, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ ।

१०) एउटा भुज ४०, अर्को भुज ७५, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ ।

११) एउटा भुज ७, अर्को भुज २४, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ ।

१२) एउटा भुज १६, अर्को भुज २०, ती दुइ भुजको बीचमा रहेको कोण ९० अंश भएको त्रिभुज बनाई अर्को भुजको मान नापेर बताऊ ।

१३) १६ र ३२ नापो भएका रेखाले समकोण बनाऊ । ३२ नापो भएको रेखाको टुप्पोबाट १६ नापो भएको रेखाको टुप्पोसम्म रेखा (कर्ण) हाल । सो कर्णले र ३२ नापो भएको रेखाले बनाएको कोण जत्रै कोण सो कर्णसँग १६ नापो भएको रेखाको टुप्पोमा बनाउने रेखा हाल । सो रेखाले ३२ नापो भएको रेखालाई समकोणबाट कति पर काट्छ, नापेर बताऊ ।

१४) ९ र २७ नापो भएका रेखाले समकोण बनाऊ । २७ नापो भएको रेखाको टुप्पोबाट ९ नापो भएको रेखाको टुप्पोसम्म रेखा (कर्ण) हाल । सो कर्णले र २७ नापो भएको रेखाले बनाएको कोण जत्रै कोण सो कर्णसँग ९ नापो भएको रेखाको टुप्पोमा बनाउने रेखा हाल । सो रेखाले २७ नापो भएको रेखालाई समकोणबाट कति पर काट्छ, नापेर बताऊ ।

१५) २४ र ३६ नापो भएका रेखाले समकोण बनाऊ । ३६ नापो भएको रेखाको टुप्पोबाट २४ नापो भएको रेखाको टुप्पोसम्म रेखा (कर्ण) हाल । सो कर्णले र ३६ नापो भएको रेखाले बनाएको कोण जत्रै कोण सो कर्णसँग २४ नापो भएको रेखाको टुप्पोमा बनाउने रेखा हाल । सो रेखाले ३६ नापो भएको रेखालाई समकोणबाट कति पर काट्छ, नापेर बताऊ ।

१६) १४ र ९८ नापो भएका रेखाले समकोण बनाऊ । ९८ नापो भएको रेखाको टुप्पोबाट १४ नापो भएको रेखाको टुप्पोसम्म रेखा (कर्ण) हाल । सो कर्णले र ९८ नापो भएको रेखाले बनाएको कोण जत्रै कोण सो कर्णसँग १४ नापो भएको रेखाको टुप्पोमा बनाउने रेखा हाल । सो रेखाले ९८ नापो भएको रेखालाई समकोणबाट कति पर काट्छ, नापेर बताऊ ।

चौबीसौं प्रतिज्ञा

पूर्वत्र्यस्रे संस्थितं बाहुयुग्मम् अन्त्यत्र्यस्रस्थेन बाहुद्वयेन ।
तुल्यं पूर्वत्र्यस्रजः शीर्षकोणोऽन्त्यत्र्यस्रस्थाच् शीर्षकोणाद् महीयान् ।।
चेत् स्यात् पूर्वत्र्यस्रजाता मही स्याद् दीर्घा मह्याः पश्चिमत्र्यस्रजायाः ।

पहिलो त्रिभुजमा रहेका दुइटा भुज दोस्रो त्रिभुजमा रहेका दुइटा भुजसँग क्रमले बराबर छन्, परन्तु पहिलो त्रिभुजको शीर्षकोण दोस्रो त्रिभुजको शीर्षकोणभन्दा ठूलो छ भने पहिलो त्रिभुजको आधार दोस्रो त्रिभुजको आधारभन्दा ठूलो हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu





अ इ उ पहिलो त्रिभुज हो । क ग च दोस्रो त्रिभुज हो ।

यहाँ —

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज छन् ।

इ अ उ कोण, ग क च कोणभन्दा ठूलो छ । यस कारण इ उ आधार, ग च आधारमन्दा ठूलो हुन्छ ।

उपपत्ति

क ग च त्रिभुजलाई उठाई क बिन्दु अ बिन्दुमा, ग बिन्दु इ बिन्दुमा पर्ने गरी थपक्क राखिदेऊ। यसो गर्दा अ इ भुज बराबर क ग भुज भएको हुनाले यी दुइ भुज टप्प मिल्छन् । इ अ उ कोणभन्दा ग क च कोण सानो भएको हुनाले अ उ भुजभन्दा वरै क च भुज पर्छ । यसपछि इ च तथा च उ रेखा हाल ।



अ च भुज = अ उ भुज भएकोले

अ च उ कोण = अ उ च कोण

(रेखागणित १।५)

अ उ च कोणभन्दा इ उ च कोण सानो छ (स्वयंसिद्ध) । यस कारण अ च उ कोणभन्दा पनि इ उ च कोण सानो हुन्छ । अ च उ कोणभन्दा इ च उ कोण ठूलो छ (स्वयंसिद्ध) । यस कारण इ उ च कोणभन्दा इ च उ कोण झन् ठूलो हुन्छ ।

इ च उ त्रिभुजमा इ उ च कोण सानो र इ च उ कोण ठूलो भएकोले इ च भुजभन्दा इ उ भुज ठूलो हुन्छ (रेखागणित १।१९) । इ च भुज भनेको ग च भुज हो । किनभने इ बिन्दुमा ग बिन्दु परेको छ । यस कारण इ उ आधार ग च आधारभन्दा ठूलो सिद्ध भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पच्चीसौं प्रतिज्ञा

पूर्वत्र्यस्त्रे संस्थितं बाहुयुग्मम् अन्यत्र्यस्त्रस्थेन बाहुद्वयेन ।
तुल्यं पूर्वत्र्यस्त्रजाता मही तु दीर्घा मह्याः पश्चिमत्र्यस्त्रजायाः ।।
चेत् स्यात् पूर्वत्र्यस्त्रजः शीर्षकोणोऽन्यत्र्यस्त्रस्थाच्छीर्षकोणाद् महान् स्यात् ।

पहिलो त्रिभुजमा रहेका दुइटा भुज, दोस्रो त्रिभुजमा रहेका दुइटा भुजसँग बराबर छन्; परन्तु पहिलो त्रिभुजको आधार, दोस्रो त्रिभुजको आधारभन्दा ठूलो छ भने पहिलो त्रिभुजको शीर्षकोण, दोस्रो त्रिभुजको शीर्षकोणभन्दा ठूलो हुन्छ ।





अ इ उ पहिलो त्रिभुज हो । क ग च दोस्रो त्रिभुज हो ।

यहाँ—

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज

छन् । इ उ आधार, ग च आधारभन्दा ठूलो छ ।

यस कारण इ अ उ कोण ग क च कोणभन्दा ठूलो हुन्छ ।

उपपत्ति

ग क च कोणभन्दा इ अ उ कोण ठूलो छैन भनी मान्ने हो भने
ती दुवै कोण आफुसमा बराबर होलान् ।

अथवा

इ अ उ कोणभन्दा ग क च कोण ठूलो होला ।

इ अ उ कोण तथा ग क च कोण बराबर छन् भनी मानेमा

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज (प्रतिज्ञामा दिइएको)

इ अ उ कोण = ग क च कोण (अहिले सकारिएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण इ उ आधार बराबर ग च आधार होला (रेखागणित १।४) ।

परन्तु ग च आधारभन्दा इ उ आधार ठूलो छ भनी प्रतिज्ञामा दिइएको छ । अहिले ती दुवै आधार बराबर सिद्ध हुनुरूपी यो अनर्थ हुन आएकोले इ अ उ कोण बराबर ग क च कोण हुन सक्दैन ।

इ अ उ कोणभन्दा ग क च कोण ठूलो छ भनी मानेमा—

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज (प्रतिज्ञामा दिइएको)

इ अ उ कोणभन्दा ग क च कोण ठूलो छ (अहिले स्वीकारिएको) ।

यस कारण इ उ आधारभन्दा ग च आधार ठूलो होला (रेखागणित १।२४) ।

परन्तु ग च आधारभन्दा इ उ आधार ठूलो छ भनी प्रतिज्ञामा दिइएको छ । अहिले सानो ग च आधार, ठूलो इ उ आधारभन्दा ठूलो सिद्ध हुनुरूपी यो अनर्थ हुन आएकोले इ अ उ कोणभन्दा ग क च कोण ठूलो हुन सक्तैन ।

यस कारण ग क च कोणभन्दा इ अ उ कोण अवश्य ठूलो छ भन्ने सिद्ध हुन्छ ।

छब्बीसौं प्रतिज्ञा

पूर्वत्र्यस्रे संस्थितं कोणयुग्मं किञ्चिद् बाहुश् चेतरस्मिँस् त्रिकोणे ।
कोणद्वन्द्वेनोषुषा बाहुना च केनाऽपि स्याच् चेत् समानं क्रमेण ।।
पूर्वत्र्यस्रे संस्थितं शिष्यमाणं कोणो बाहुद्वन्द्वमन्यत्रिकोणे ।
शेषेण स्याद् ऊषुषा कोणकेन बाहुद्वन्द्वेनाऽपि तुल्यं क्रमेण ।।
त्र्यस्रद्वन्द्वं तच्च निर्दिश्यमानम् अन्योन्यस्य स्यात् समानं तदानीम् ।

पहिलो त्रिभुजका कुनै दुइवटा कोण, दोस्रो त्रिभुजका कुनै दुइवटा कोणसँग बराबर छन् तथा पहिलो त्रिभुजको कुनै एउटा भुज, दोस्रो त्रिभुजको कुनै एउटा भुजसँग बराबर छ भने पहिलो त्रिभुजको बाँकी रहेको कोण, दोस्रो त्रिभुजको बाँकी रहेको कोणसँग बराबर हुन्छ । पहिलो त्रिभुजका बाँकी रहेका दुइवटा भुज, दोस्रो त्रिभुजका बाँकी रहेका दुइवटा भुजसँग बराबर हुन्छन् तथा ती दुइ त्रिभुज पनि आफुसमा बराबर हुन्छन् ।

अ इ उ पहिलो त्रिभुज हो । क ग च दोस्रो त्रिभुज हो ।



यहाँ—

अ इ उ कोण = क ग च कोण

अ उ इ कोण = क च ग कोण

इ उ भुज = ग च भुज

यस्तो छ भने

इ अ उ कोण = ग क च कोण

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज

अ इ उ त्रिभुज = क ग च त्रिभुज

यस्तो हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपपत्ति



अ इ भुज बराबर क ग भुज छैन भन्ने हो भने ती दुइमा एउटा ठूलो एउटा सानो होला। अ इ भुजलाई ठूलो छ भनी मान। अ इ भुजबाट क ग भुज जत्रो टुक्रो ज इ छुट्टयाऊ (रेखागणित १।३)। ज उ रेखा हाल।

ज इ उ त्रिभुज तथा क ग च त्रिभुजमा—

ज इ भुज = क ग भुज

(अहिले सकारिएको)

इ उ भुज = ग च भुज

ज इ उ कोण = क ग च कोण

(प्रतिज्ञामा दिइएको)

यस कारण

ज उ भुज = क च भुज

इ ज उ कोण = ग क च कोण

ज उ इ कोण = क च ग कोण

(रेखागणित १।४)

परन्तु अ उ इ कोण बराबर क च ग कोण छ भनी प्रतिज्ञामा दिइएको छ। अहिले ज उ इ कोण तथा क च ग कोण बराबर हुन आएकाले ज उ इ कोण तथा अ उ इ कोण बराबर सिद्ध हुन आए (स्वयंसिद्ध)। परन्तु अ उ इ कोणको टुक्रो ज उ इ कोण हो। जुनसुकै पदार्थ पनि आपनो टुक्रोभन्दा ठूलो हुन्छ (स्वयंसिद्ध)। यस कारण प्रत्यक्ष बाधा पऱ्यो। यहाँ अ इ भुज बराबर क ग भुज छैन भनी मानेकोले यो अनर्थ भएको हो। यस कारण यहाँ अ इ भुज बराबर क ग भुज छ भन्ने कुरा मान्नैपर्छ।

अब अ इ उ तथा क ग च त्रिभुजमा—

अ इ भुज = क ग भुज (भरखरै सिद्ध गरिएको)

इ उ भुज = ग च भुज

अ इ उ कोण = क ग च कोण (प्रतिज्ञामा दिइएको)

यस कारण

अ उ भुज = क च भुज

इ अ उ कोण = ग क च कोण

अ उ इ कोण = क च ग कोण

अ इ उ त्रिभुज = क ग च त्रिभुज

(रेखागणित १।४)

यस कारण

इ अ उ कोण = ग क च कोण

अ इ भुज = क ग भुज

अ उ भुज = क च भुज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ इ उ त्रिभुज = क ग च त्रिभुज

यस्तो सिद्ध भयो ।

अर्को स्थिति

अ इ उ कोण = क ग च कोण

अ उ इ कोण = क च ग कोण

अ इ भुज = क ग भुज

यस्तो छ भने

इ अ उ कोण = ग क च कोण

इ उ भुज = ग च भुज

अ उ भुज = क च भुज

अ इ उ त्रिभुज = क ग च त्रिभुज

यस्तो हुन्छ ।

इ उ भुज बराबर ग च भुज छैन भन्ने हो भने ती दुइमा एउटा ठूलो एउटा सानो होला । इ उ भुजलाई ठूलो छ भनी मान । इ उ भुजबाट ग च भुज जत्रो टुक्रो इ न छुट्याऊ (रेखागणित १।३) । अ न रेखा हाल ।



अ इ न त्रिभुज तथा क ग च त्रिभुजमा—

इ न भुज = ग च भुज

(अहिले सकारिएको)

अ इ भुज = क ग भुज

अ इ न कोण = क ग च कोण

(प्रतिज्ञामा दिइएको)

यस कारण

अ न भुज = क च भुज

इ अ न कोण = ग क च कोण

अ न इ कोण = क च ग कोण

(रेखागणित १।४)

परन्तु अ उ इ कोण बराबर क च ग कोण छ भनी प्रतिज्ञामा दिइएको छ । अहिले अ न इ कोण बराबर क च ग कोण हुन आएकोले अ न इ कोण तथा अ उ इ कोण बराबर सिद्ध हुन आए (स्वयंसिद्ध) । अर्थात् अ न उ त्रिभुजको अ उ न अन्तर्गत कोण तथा अ न इ बहिर्गत कोण बराबर सिद्ध हुन आए । तर यो हुन सक्दैन । किनभने त्रिभुजमा आफूसँग नजोरिएका अन्तर्गत कोणभन्दा बहिर्गत कोण ठूलो हुन्छ (रेखागणित १।१६) । यहाँ इ उ भुज बराबर ग च भुज छैन भनी मानेकोले यो अनर्थ भएको हो । यस कारण यहाँ इ उ भुज बराबर ग च भुज छ भन्ने कुरा मान्नैपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब अ इ उ त्रिभुज तथा क ग च त्रिभुजमा—

इ उ भुज = ग च भुज (भरखरै सिद्ध गरिएको)

अ इ भुज = क ग भुज

अ इ उ कोण = क ग च कोण

(प्रतिज्ञामा दिइएको)

यस कारण

अ उ भुज = क च भुज

इ अ उ कोण = ग क च कोण

अ उ इ कोण = क च ग कोण

अ इ उ त्रिभुज = क ग च त्रिभुज

(रेखागणित १।४)

यस कारण

इ अ उ कोण = ग क च कोण

इ उ भुज = ग च भुज

अ उ भुज = क च भुज

अ इ उ त्रिभुज = क ग च त्रिभुज

यस्तो सिद्ध भयो ।

प्रश्नमाला

१. २६ प्रतिज्ञाको काम के छ ?

त्रिभुजका सर्वावयवतुल्यता

त्रिभुजमा तीनवटा भुज र तीनवटा कोण तथा क्षेत्रफलसमेत गरी जम्मा सातवटा अवयव हुन्छन् भनी माथि त्रिभुजगणितमा बताइएको हो ।

दुइवटा त्रिभुजमध्ये पहिलो त्रिभुजका दुइवटा भुज र तदन्तर्गत कोण, दोस्रो त्रिभुजका दुइवटा भुज र तदन्तर्गत कोणसँग बराबर छन् भने ती दुइ त्रिभुजका सातवटै अवयव परस्परमा बराबर हुन्छन् भनी चारौँ प्रतिज्ञामा सिद्ध गरिएको छ ।

पहिलो त्रिभुजका तीनवटा भुज, दोस्रो त्रिभुजका तीनवटा भुजसँग बराबर छन् भने ती दुइ त्रिभुजका सातवटै अवयव परस्परमा बराबर हुन्छन् भनी आठौँ प्रतिज्ञामा सिद्ध गरिएको छ ।

पहिलो त्रिभुजका कुनै दुइवटा कोण र कुनै एउटा भुज, दोस्रो त्रिभुजका कुनै दुइवटा कोण र कुनै एउटा भुजसँग बराबर छन् भने ती दुइ त्रिभुजका सातवटै अवयव परस्परमा बराबर हुन्छन् भनी छब्बीसौँ प्रतिज्ञामा सिद्ध गरिएको छ ।

यसरी चारौँ, आठौँ, छब्बीसौँ यी ३ प्रतिज्ञाले जहाँ जहाँ काम गर्छन्, त्यहाँ त्यहाँ त्रिभुजका सर्वावयव-तुल्यता हुन्छ भन्ने कुरा स्पष्ट छ । यस कारण यी तीन प्रतिज्ञा त्रिभुजको विषयमा विचार गर्दा अगाडि आउँछन् । यी तीनवटै प्रतिज्ञा प्रमेयोपपाद्य रूपका छन् । प्रायः यी तीन प्रतिज्ञालाई सिद्ध गर्न भनेर नै अहिलेसम्म गएका वस्तूपपाद्य प्रतिज्ञा लेखिएका हुन् । □

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको यशको पात्र को ?*

लक्ष्मीनरसिंह मल्लको पालादेखि यस शहरको नाउँ काष्ठमण्डप रहन गयो भन्ने कुराको खण्डन प्रबोधचन्द्र बागचीले वि. सं. १९८८ मै गरिसकेका थिए

– महेशराज पन्त

कान्तिपुरको गद्दीमा लक्ष्मीनरसिंह मल्ल भएको बेलाको कुरा हो । मान्छेको रूप लिई मछिन्द्रनाथको लगनजात्रा कल्पवृक्ष हेरिरहेका थिए । कुनै बिसेतले[1] तिनलाई कल्पवृक्ष भनी चिन्यो र एउटै रूखबाट सत्तल बनाउन पुग्ने काठ आफूलाई दिलाइदिने वचन कल्पवृक्षले नदिएसम्म त्यस बिसेतले कल्पवृक्षलाई समातेको समात्यै गरिरह्यो । यो घटना घटेको चारौँ दिनमा कल्पवृक्षले सालको एउटा रूख पठाइदिए । राजाको आज्ञा लिएर त्यो रूख काटी त्यसको काठले त्यस बिसेतले कान्तिपुरमा सत्तल

---

* वि. सं. २०१६ मा काठमाडौँबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित नेपालीको १ अङ्कका १३–२९ पृष्ठमा छापिएको नयराज पन्तको **चापीय त्रिकोणमितिको विकासको एक झलक** भन्ने निबन्धको र वि. सं. २०१७ मा प्रकाशित नेपालीको ५ अङ्कका २५–५५ पृष्ठमा छापिएको नयराज पन्तकै **वृत्तरत्नाकरकारको एकद्व्यादिलगक्रिया नै प्यास्कलको त्रिभुज हो** भन्ने निबन्धको मूल शीर्षक **यसको यशको पात्र को ?** लाई मैले यस निबन्धको मूल शीर्षक बनाएको छु । वि. सं. २०२४ मा काठमाडौँबाट त्रिभुवन–विश्व–विद्यालयद्वारा प्रकाशित; मङ्गलदास प्रधानाङ्ग, साम्बराज आचार्य र मेघनाथ आचार्यद्वारा सम्पादित **संक्षिप्त गोलविमर्श तथा हिन्दू गणितको उत्कर्ष**का ४८–६७ पृष्ठमा केही हेरफेर गरी पहिलो निबन्ध छापिएको छ । वि. सं. २०३९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्तको **प्राचीन र नवीन गणितको तुलना**का ४९–७० पृष्ठमा पहिलो र सोही पुस्तकका ७१–९४ पृष्ठमा दोस्रो निबन्ध संशोधनसहित पुनर्मुद्रित गरिएका छन् । वि. सं. २०३७ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञाको ३२ पूर्णाङ्कका १–५६ पृष्ठमा छापिएको उहाँकै **ग्रेगोरी–न्यूटनको सूत्र भनी आजभोलि प्रख्यात भएको अन्तर्न्यास पद्धतिमा अन्तरका वारद्योतक (गुणक) ल्याउने सूत्र भास्करको स्फुटभोग्यखण्ड ल्याउने सूत्रको अलिकता विस्तृत रूपान्तर हो** भन्ने निबन्धको पनि मूल शीर्षक **यसको यशको पात्र को ?** भन्ने नै हाली सोही **प्राचीन र नवीन गणितको तुलना**का ९५–१५० पृष्ठमा त्यसलाई **पुनर्मुद्रित गरिएको छ ।**

१. **खानगी खाई मन्दिरका गरगहनाको** जाँचबूझ गर्ने मानिस **बिसेत** कहिन्छ भन्ने भनाइ श्रीईश्वरलाल सिंहको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनायो र यसको नाउँ मदुसत्तल राख्यो । एउटै रूखको काठबाट यो सत्तल बनेको हुनाले यसको नाउँ काठमाडौँ भन्ने पनि रह्यो ।

यो कथा नेपालीमा लेखिएको वंशावलीलाई अङ्ग्रेजीमा उल्था गरी वि. सं. १९३३ मा केम्ब्रिजबाट नेपालको इतिहासको नाउँले प्रकाशित पुस्तकबाट नेपालीमा फेरि रूपान्तर गरी यहाँ दिइएको हो ।[२] डानियल राइटद्वारा सम्पादित यस वंशावलीमा मात्र होइन, वंशावलीका अरू केही संस्करणमा पनि यस कथाले ठाउँ पाएको छ ।[३] वंशावलीपीछे यस कथामा धेरथोर फरक छ तापनि लक्ष्मीनरसिंह मल्लको पालामा कान्तिपुरमा काष्ठमण्डप नाउँले एउटा सत्तल बन्यो भन्ने कुरामा चाहिँ सबैको एकमत छ ।

आफूले सम्पादन गरेको वंशावलीको नाउँ नेपालको इतिहास भनी राइटले राखिदिएकाले नेपालको इतिहासको साधारण ज्ञान लिन खोज्नेहरूको लागि सो वंशावली अपरिहार्य हुन गयो र धेरै समयसम्म नेपालको इतिहास र राइटको वंशावली पर्यायवाची शब्द जस्ता हुन पुगे । यसैले काष्ठमण्डपको निर्माणसम्बन्धी कथाको जुन रूप राइटको वंशावलीमा दिइएको छ, त्यही रूपको ज्यादा प्रचार हुन गयो ।

तात्कालिक साधनको राम्रो ऊहापोह नभएको अवस्थामा वंशावलीलाई नै मूल आधार मानी कलम चलाउँदा वंशावलीमा बयान गरिएको कुनै घटनाबाट पुराणको पाराका अलौकिक कुरालाई मात्र पन्साई त्यस घटनालाई आफूले लेखेका पुस्तकमा ऐतिहासिकहरूले ठाउँ दिने गरेकाले लक्ष्मीनरसिंह मल्लको पालामा कान्तिपुरमा एउटै रूखको काठबाट काष्ठमण्डप नाउँले एउटा सत्तल बन्यो भन्ने कुराले नेपालको इतिहासमा साना ठूला पुस्तकमा ठाउँ पाएको त छँदै छ; त्यसमाथि, त्यसै बेलादेखि कान्तिपुरको नाउँ काष्ठमण्डप रहन गयो भन्ने निष्कर्षले पनि ती पुस्तकहरूमा ठाउँ पाएको कुरा यहाँनिर भन्नुपर्छ ।

काष्ठमण्डप बनाइएको मिति राइटको वंशावलीमा दिइएको छैन, नत लक्ष्मीनरसिंह मल्लको समय नै त्यहाँ दिइएको छ । तर शिवसिंह मल्लपछि लक्ष्मीनरसिंह मल्ल राजा भए, उनका पालामा काष्ठमण्डप बन्यो भनी त्यहाँ

---

२. वि. सं. १९३३ मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, डानियल राइटको हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् द परबतिया बाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुनानन्द् : विथ् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल् [पर्वतेबाट मुन्शी शिवशङ्करसिंह र पण्डित श्रीगुणानन्दले उल्था गरेको नेपालको इतिहास, मुलुक र नेपालका दुनियाँको परिचयात्मक वर्णनसहित] को मूलभागको २११ पृष्ठ ।

३. वि. सं. २०२५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपालको ६ संख्यामा छापिएको बालचन्द्र शर्माको काठमाडौं उपत्यकाको एक राजवंशावली, सो संख्याको १ पृष्ठ ।

वि. सं. २०२७ मा होशियारपुरबाट प्रकाशित विक्रमजित् हसरतको हिस्टरि अफ् नेपाल् याज् टोल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्परिर क्रनइक्लर्ज् [नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताए-बमोजिमको नेपालको इतिहास] को मूलभागको ७३ पृष्ठ ।

वि. सं. २०२८ मा प्रकाशित प्राचीन नेपालको १८ संख्यामा छापिएको नेपाल देशको इतिहास भन्ने वंशावली, सो संख्याका १२–१३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखिएकोले त्यो **वंशावली** जसले लेखे, उनले काष्ठमण्डप कहिले बन्यो भनी ठानेका थिए भन्ने कुरा मोटामोटी रूपमा पत्ता लाउन सकिन्छ । शिवसिंह मल्लको पालामा घटेका घटनाको त्यहाँ वर्णन गर्दै जाँदा संवत् दिई वर्णन गरिएका घटनामध्ये पछिल्लो घटना ने. सं. ७१४ [वि. सं. १६५०/५१] को भएकोले[४] र लक्ष्मीनरसिंह मल्लका छोरा प्रताप मल्लले ने. सं. ७५९ [वि. सं. १६९५/९६] मा गादी चढे भनी त्यहाँ लेखिएकोले[५] यसै बीच काष्ठमण्डप बन्यो भन्ने विचार त्यो **वंशावली** लेख्नेको थियो भन्ने बुझिन्छ ।

राइटको **वंशावली**मा काष्ठमण्डप बनेको मिति नदिइए तापनि अरू अरू **वंशावली**मा ने. सं. ७१५ [वि. सं. १६५१/५२] मा काष्ठमण्डप बन्यो भनी स्पष्टसँग लेखिएकोले[६] काष्ठमण्डप भन्ने नाउँ वि. सं. १६५१/५२ देखि चल्यो भन्ने कुराको प्रचार हुन गयो ।

एस. एल. सी. परीक्षा दिने विद्यार्थीहरूको लागि लेखिएको अल्पकाय ग्रन्थ भए पनि पाएसम्म तात्कालिक साधनको परीक्षा गरी गरी लेखिएकोले वि. सं. २००४ मा प्रकाशित, प्राध्यापक तोत्रराज पाण्डेय र पिताजी पं. नयराज पन्तको **नेपालको संक्षिप्त इतिहास** इतिहासका साधारण पाठ्यपुस्तकभन्दा निकै नै भिन्नै खालको छ भन्ने कुरा त्यस पुस्तकका पत्रपत्रबाट हामी थाहा पाउन सक्छौं । त्यहाँ प्रकृत विषयमा पनि वंशावलीको भर नपरी तात्कालिक साधन केलाएर यसरी निष्कर्ष निकालिएको छ—

> लक्ष्मीनरसिंहको राज्यमा एउटै रूखको काठबाट (गोरखनाथको) देवल बनेको हुनाले कान्तिपुरको नाम काष्ठ माण्डप रहेको तथा काष्टमाण्डपको अपभ्रंश काठमाडों हो भन्ने मानिसहरूमा भनाइ छ । परन्तु स्थितिमल्लका पनिपालामा काष्ठमण्डप नाम देखिएकाले सो घटना लक्ष्मीनरसिंहको पालामा भएको जस्तो देखिदैन ।[७]

स्थिति मल्लको पालाको कुन लेखको आधारमा यो निष्कर्ष निकालिएको हो भन्ने कुरा साधारण पाठ्यपुस्तक भएकोले यहाँ खुलाइएको छैन तापनि वि. सं. १४०६ मा शमसुद्दीन इल्यासले आगो लगाई ध्वस्त पारिदिएको स्वयम्भूको स्तूप फेरि बनाई वि. सं. १४२९ मा राखिएको शिलापत्रको आधारमा माथिको कुरा लेखिएको थियो भनी अवश्य भन्न सकिन्छ ।[८]

---

४. राइटको **हिस्टरि अफ् नेपाल्...** को मूलभागको २१० पृष्ठ ।

५. उही २१२–२१३ पृष्ठ ।

६. **प्राचीन नेपाल**को ६ संख्याको १ पृष्ठ ।
हसरतको **हिस्टरि अफ् नेपाल्...** को मूलभागको ७३ पृष्ठ ।
प्राचीन नेपालको १८ संख्याको १३ पृष्ठ ।

७. वि. सं. २००४ मा काशीबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको **नेपालको संक्षिप्त इतिहास**को ३३ पृष्ठ ।

८. यस शिलापत्रको पहिलो खोजी बाबुराम आचार्यबाट भएको हो (वि. सं. २०२६ मा प्रकाशित **पूर्णिमा**को २७ अङ्कमा छापिएको बाबुराम आचार्यको **नेपालमा भएको मुसलमानी आक्रमण** भन्ने निबन्धमा नयराज पन्तको टिप्पणी, सो अङ्क, १५४ पृष्ठ) । तर यसको प्रकाशन भने वि. सं. १९९३ मा पटनाबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालमा पाइने र नेपालमा रचिएका संस्कृत भाषाका विभिन्न विषयका ग्रन्थहरूको परिचय दिँदै जाने र नेपालको इतिहाससम्बन्धी साधनको प्रकाशन गर्दै जाने विचारले वि. सं. २०१० देखि योगी नरहरिनाथको विशेष प्रयत्नमा प्रकाशित हुन थालेको **संस्कृत–सन्देश** नाउँको मासिक पत्र डेढ वर्ष मात्र चले पनि त्यसमा परेका ऐतिहासिक साधनहरूको कारणले गर्दा थ्यो पत्र नेपालको इतिहासका अनुसन्धाताहरूको लागि अपरिहार्य हुन गएको छ। मरुसत्तलको निदालमा टाँसिएका सातवटा ताम्रपत्र योगी नरहरिनाथद्वारा सम्पादित भई **संस्कृत–सन्देशको** पहिलो वर्षको छैटौँ अङ्कमा प्रकाशित भएका छन्। ती अभिलेख दिनुभन्दा अगाडि मरुसत्तल अर्थात् काष्ठमण्डपको विषयमा आफ्नो तर्फबाट केही लेख्दा प्रकृत विषयलाई उहाँले यसरी छुनुभएको छ—

> एवं प्रकारेण काष्ठमण्डपमशोकमण्डपं सुवर्णप्रणालीति त्रिधा भिन्नमपि प्राक् पुरमिदं प्रधानव्यपदेशेन समस्तं काष्ठमण्डपाभिधानमभूत्। स्थितिराजरत्नमल्लादिकालेऽपि ६६९ वर्षपूर्वं राजधानी काष्ठमण्डपाभिधानासीत्। काष्ठमण्डपस्य निर्माणकालो निश्चयेन न ज्ञायते। यद्यपि नेपालवंशावलीषु विविधासु विविधाः सन्ति कथा विसंवादिन्यः। नाद्युनानुसन्धानमशेषतोऽस्माभिरन्यैरथवाऽकारि, येनेदमित्थमिति भणितुं शक्येत।[८]
>
> [यस प्रकारले काष्ठमण्डप अशोकमण्डप सुवर्णप्रणाली भनी तीन प्रकारले भिन्न भएको यो शहर समष्टिमा काष्ठमण्डप भन्ने मुख्य नाउँले पहिले कहलाएको थियो। स्थितिराज रत्न मल्ल आदिको समयमा पनि ६६९ वर्षपहिले राजधानी काष्ठमण्डप नाउँको थियो। काष्ठमण्डप बनाइएको समयको पक्का ज्ञान छैन। हुनत थरीथरीका नेपालवंशावलीमा परस्परमा बाझने थरीथरीका कुरा छन्। अहिले इदमित्थ गरी भन्न सकिने गरी हामीहरूबाट वा अरूहरूबाट पूरा अनुसन्धान भइसकेको छैन।]

योगी नरहरिनाथले ६६९ वर्षअगाडि यस राजधानीको नाउँ काष्ठमण्डप थियो भनी वि. सं. २०१० मा जुन लेख्नुभयो, त्यसको आधार ने. सं. ४०५ को भनी उहाँले प्रकाश गर्नुभएको, रत्न मल्ल र अरि मल्लको पालाको ताम्रपत्र हो। यस ताम्रपत्रलाई पहिलो सङ्ख्याको रूपमा[१०], स्थिति मल्लको पालाको ने. सं. ४९९ को ताम्रपत्रलाई तेस्रो सङ्ख्याको रूपमा[११], ज्योतिर् मल्लको पालाको ने. सं. ५४३ को ताम्रपत्रलाई चौथो सङ्ख्याको रूपमा[१२] र यक्ष मल्लको पालाको ने. सं. ५८५ को ताम्रपत्रलाई पाँचौँ सङ्ख्याको रूपमा[१३] उहाँले प्रकाश

प्रकाशित **जर्नल् अफ् द बिहार् यान्ड् ओरिस्सा रिसर्च् ससाइइटि** [बिहार र उडिसाको खोजी गर्ने संस्थाको पत्रिका]को २२ भागका ८१–९५ पृष्ठमा छापिएको काशीप्रसाद जायसवालको **यान् अन्‌रिकर्ड्‌इड् मुह्याम्‌अडन् इन्‌भेजन् अफ् नेपाल्** [नेपालमा भएको, तर लिखित रूपमा प्रचारमा नआएको मुसलमानी हमला] भन्ने निबन्धमा भएको हो।

९. वि. सं. २०१० मा काठमाडौँबाट प्रकाशित **संस्कृत–सन्देशको** १ वर्षको ६ अङ्कमा छापिएको नरहरिनाथको **काष्ठमण्डपः [काठमाडौं]** भन्ने निबन्ध, सो अङ्कको २ पृष्ठ।

१०. उही ४ पृष्ठ।

११. उही ५–६ पृष्ठ।

१२. उही ६–७ पृष्ठ।

१३. उही ७–८ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुभएको छ। रत्न मल्ल र अरि मल्ल यक्ष मल्लका छोरा, ज्योतिर् मल्लका नाति, स्थिति मल्लका पनाति भएकाले[१४] बराजुको पालाको लिखतभन्दा पनातिको पालाको लिखत ९४ वर्षअगाडिको, बाजेको पालाको लिखतभन्दा नातिको पालाको लिखत १३८ वर्षअगाडिको, बाबुको पालाको लिखतभन्दा छोराको पालाको लिखत १८० वर्षअगाडिको हुन गएकोले र अन्त पनि योगीजीले ६ को अङ्कलाई ४ पढेको उदाहरण भेट्टिएकोले[१५] रत्न मल्ल र अरि मल्लको पालाको ताम्रपत्र ४०५ को नभई ६०५ को हो भन्ने कुरा स्पष्ट हुन जान्छ।

योगीजीलाई पनि स्थिति मल्लको र रत्न मल्लको सम्बन्ध थाहा भएकोले होला, आफैंले रत्न मल्लको पालाको ताम्रपत्रको संवत् ४०५ पढ्दा पढ्दै र स्थिति मल्लको पालाको ताम्रपत्रलाई संवत्क्रमअनुसार रत्न मल्लको पालाको ताम्रपत्रभन्दा तल राख्दा राख्दै पनि आफ्नो तर्फबाट ती दुइ राजाको नाम काढ्दा भने पहिले स्थिति मल्लको नै नाउँ उहाँले त्यहाँ लिनुभएको कुरा भन्नैपर्छ।

नेपालको इतिहासका पुस्तकहरूमा परेका अशुद्धिहरूको निराकरण तात्कालिक लेखहरूको आधारमा क्रमशः गर्दै जाने विचारले पिताजीले आफ्ना विद्यार्थीहरूलाई वि. सं. २००६ देखि इतिहास–संशोधनपत्र निकाल्न लगाउनुभयो। यसै क्रममा वि. सं. २०११।६।२।७ मा श्री ईश्वरराज अर्याल बी. ए. को नयाँ नेपालको इतिहासमा रहेका अपूर्व कुराहरूको केही नमूना भन्ने शीर्षक दिइएको; रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीको इतिहास–संशोधन [१ सङ्ख्या] प्रकाशित भयो। लक्ष्मीनरसिंह मल्लको पालामा काष्ठमण्डप बनेकोले त्यस बेलादेखि यस शहरको नाउँ काष्ठमण्डप रहन गयो भन्ने कुराको खण्डन त्यहाँ यसरी गरिएको छ—

> "लक्ष्मीनरसिंह मल्लः– ··· ··· ··· यिनको पालामा कान्तिपुरको कुनै 'विसेत' न्ने मानिसले एउटै सालवृक्षबाट काष्ठमण्डप नामको सत्तल बनाएकोले त्यसबेलादेखि कान्तिपुरको नाम काठमाण्डू भयो"।
>
> [पृष्ठ ६४–६५]

योगी नरहरिनाथद्वारा संस्कृतसन्देश षष्ठ अङ्कमा प्रकाशित भएको काठमाडौं मरुसत्तलमा रहेको वि. सं. १३४२ को ताम्रपत्रमा यस्तो लेखिएको छ—

> १ (ॐ) शुभ स्वस्ति श्रीजयरत्नमल्लदेवस्य श्री श्री जय अरिमल्लदेवस्य विजयराज्ये ।। अद्य वाराहकल्पे वैवस्वतमन्वन्तरे कलियुगे जम्बूद्वीपे भरतखण्डे हिमवत्पादे वासुकिक्षेत्रे श्रीनेपालदेशे पशुपतिसन्निधाने वाङमत्याः पश्चिमकूले विष्णुमत्याः पूर्व्वकूले इहैव स्थाने श्रीकाष्ठमण्डपनगरे श्री श्रेयोऽस्तु संवत् ४०५ आश्विनशुक्ले चतुर्थ्यायां तिथौ अङ्गारवासरे ध्व दिवस कोन्हु ··· ···

संस्कृतसन्देश १० अङ्कमा भोलानाथ घनवज्र ज्ञानमणिद्वारा प्रकाशित भएको स्वयम्भूमा रहेको अर्जुनमल्ल जयस्थितिमल्लका समयको वि. सं. १४२९ को शिलालेखमा यस्तो लेखिएको छ।

---

१४. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागका १३२, १३९–१४१ पृष्ठ।

१५. वि. सं. २०४७ मा प्रकाशित पूर्णिमाको ७७ अङ्कमा छापिएको महेशराज पन्तको ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका विक्रमको चौधौं शताब्दीका १५ वटा लिखतपत्र; सो अङ्कको २ पृष्ठ, ३ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

… … …श्रीकाष्ठमण्डपपुरी विमलातिरम्या
तस्यां जयी वसति वीर्यगुणैरुदार: … … …

संस्कृतसन्देश ११ अङ्कमा ह्रामीहरूले प्रकाश गरेका जयसिंहरामवर्द्धनको पालाको इटंवहालमा रहेको वि. सं. १४३९ को शिलालेखमा यस्तो लेखिएको छ ।

… … …प्रतिष्ठापिताचार्य राजपण्डित श्रीमहावोधि … … देव प्रतिसंस्कारित काष्ठमण्डपभिक्षु आरजयोनस्य शुभ…

माथि उद्धृत गरिएका यी अभिलेखहरूबाट विक्रमको सत्रौं शताब्दीका लक्ष्मीनरसिंहमल्ल भन्दा कैयौं शय वर्ष अघि नै काष्ठमण्डपको नाम चलिसकेको स्पष्टै देखिन्छ । तर बी. ए जीले ती अभिलेखहरू कीर्ते हुन् भन्ने कुनै प्रमाण पाउनुभएको छ कि; सो प्रमाण देखाइदिनुभए ह्राम्रो शंका निर्मूल हुने थियो ।[१६]

लक्ष्मीनरसिंह मल्लभन्दा सयौं वर्षअगाडिदेखि नै काष्ठमण्डप भन्ने नाउँ चलिसकेको थियो भन्ने देखाउन यहाँ उद्धरण गरिएका तीनवटा प्रमाणमध्ये पहिलो भएर आएको प्रमाण वास्तवमा तेस्रो भएर आउनुपर्ने थियो । कुरा के भने, यो ताम्रपत्र रत्न मल्ल र अरि मल्लको पालाको भएको कुरा यस ताम्रपत्रको योगी नरहरिनाथले पढेको पाठबाट उनीहरू आफैंले उद्धरण गरेको अंशमा हुँदा हुँदै, स्थिति मल्लका पनाति रत्न मल्ल हुन् भन्ने कुरा उनीहरू-को लागि नौलो नहुँदा नहुँदै[१७], आफैंले यहाँ स्थिति मल्लको पालाको ने. सं. ४९२ को शिलापत्रको उद्धरण गर्दा गर्दै पनि ने. सं. ४९२ मा देखिने स्थिति मल्लका पनाति रत्न मल्लको पालाको ताम्रपत्र ने. सं. ४०५ को कसरी हुन सक्छ भन्ने प्रश्न ह्राम्रा संशोधकहरूको मनमा उठ्न गएन र योगी नरहरिनाथले ने. सं. ६०५ को यस ताम्रपत्र-लाई भ्रमवश ने. सं. ४०५ को भनी मानेकोमा नै संशोधकहरू विश्वस्त भएको देख्ता छक्क लाग्नु अस्वाभाविक होइन । जे भए तापनि, यस इतिहास-संशोधनपत्रको प्रकाशनबाट लक्ष्मीनरसिंह मल्लको पालादेखि काष्ठमण्डप भन्ने नाउँ चल्न थाल्यो भन्ने भ्रमात्मक कुराको खण्डन तात्कालिक लिखतहरूको उद्धरणबाट हुन गयो, यही नै ह्रामीहरूको लेखा ठूलो कुरा भयो ।

इतिहास-संशोधनको मुख्य उद्देश्य देशको शुद्ध र सर्वाङ्गीण इतिहास तयार गर्दै जानु हो, कसैको मान वा अपमान गर्नु होइन… यस कारण फलानाले यस्तो अशुद्ध लेखे भन्ने कुरा दोहन्याइरहनु आवश्यक देखिंदैन । यसैले फैलिरहेका अशुद्ध कुरा यी हुन्, प्रमाण द्वारा सिद्ध शुद्ध कुरा यी हुन् भन्ने देखाए पुग्ने हुनाले अशुद्ध, शुद्ध, प्रमाणका रूपमा… इतिहास-संशोधनका सारमात्र[१८] मात्र दिने विचारले वि. सं. २००९।६।५ देखि वि. सं. २०१९ वैशाख १ गतेभित्र निस्केका ५४ वटा सानाठूला इतिहास-संशोधनपत्रमध्येका ५० वटाको प्रमाण-प्रमेयको संग्रहको रूपमा धनवज्र

---

१६. २-४ पृष्ठ ।

१७. वि. सं. २०१० श्रीपञ्चमीमा काठमाडौंबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरू-कै **इतिहास-संशोधन** १ सङ्ख्याका २-३ पृष्ठ ।

वि. सं. २००९।६।५ मा काठमाडौंबाट केशवमणि आ. दी, महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी-द्वारा प्रकाशित, उनीहरूकै **इतिहास-संशोधनको** २ पृष्ठ ।

१८. **इतिहास-संशोधनको प्रमाण-प्रमेयको ह्राम्रो वक्तव्य**, ६२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वज्राचार्यको प्रधान सम्पादकत्वमा इतिहास-संशोधनको प्रमाण-प्रमेयको पहिलो भाग वि. सं. २०१९ मङ्सीरमा प्रकाशित भयो। विभिन्न इतिहास-संशोधनपत्र प्रकाशित भएको र इतिहास-संशोधनको प्रमाण-प्रमेय तयार भएको अन्तरालमा केही नयाँ सामानहरूको खोजी भएको र केही पहिले पाइएका सामानहरूको अर्थ बढ्ता लाग्न सकेकोले सकभर तिनको पनि यसमा उपयोग गर्नु उचित र आवश्यक हुन जाँदा पहिले छापिएका इतिहास-संशोधनभन्दा इतिहास-संशोधनको प्रमाण-प्रमेयमा ठाउँठाउँमा थपघट गरी कति ठाउँमा त धेरै नै परिवर्तन तथा परिवर्द्धन[१९] गरी इतिहास-संशोधनको प्रमाण-प्रमेय तयार गरिएको थियो। यसैले, सत्रौं शताब्दीका लक्ष्मीनरसिंह मल्लको पालाभन्दा धेरै धेरै अगाडिदेखि नै काष्ठमण्डप भन्ने नाउँ चलिसकेको थियो भन्ने कुरा वि. सं. १४२९ देखिका तीनवटा प्रमाणको आधारमा वि. सं. २०११ मा इतिहास-संशोधनबाट सिद्ध हुन गएकोमा वि. सं. १२०० देखिका १५ वटा प्रमाणद्वारा यही कुरालाई वि. सं. २०१९ मा निस्केको इतिहास-संशोधनको प्रमाण-प्रमेयमा पुष्ट पारियो।[२०]

एक थरी वंशावलीहरूमा लक्ष्मीनरसिंह मल्लको पालामा मात्र नभनी काष्ठमण्डप ने. सं. ७१५ [वि. सं. १६५१/५२] मा बन्यो भनी किटेर लेखिएकोमा यस इतिहास-संशोधनको प्रमाण-प्रमेयमा अन्यत्र प्रकाशित तात्कालिक साधनहरूबाट ने. सं. ७३५ [वि. सं. १६७२] सम्म शिवसिंह मल्ल नै गद्दीमा बसिरहेको प्रमाणित भएकोले[२१] लक्ष्मीनरसिंह मल्लको पालामा काष्ठमण्डप बन्यो भन्ने कुराको खण्डनको साथसाथै ने. सं. ७१५ मा लक्ष्मीनरसिंह मल्लले गद्दी चढिसकेकै थिएनन् भन्ने कुरा पनि स्पष्ट हुन गयो।

सबभन्दा रमाइलो कुरा त धनवज्र वज्राचार्यले वि. सं. २०२३ मा लक्ष्मीनरसिंह मल्लको टिप्पन प्रकाशित गरिदिइसकेपछि भयो। कुरा के भने, ने. सं. ७१५ मा गद्दीनशीन राजा भनी वंशावलीहरूमा प्रचार गरिएका लक्ष्मीनरसिंह मल्ल ने. सं. ७१८ [वि. सं. १६५५] मा मात्र जन्मेको कुरा प्रमाणित हुन गएकोले[२२] वंशावलीको लेखाइ तासको घर झैं ढल्यो।

वि. सं. २००९ मा

---

१९. उही ६२–६३ पृष्ठ।

२०. उही मूल भागका ११०-११५ पृष्ठ।

रत्न मल्ल र अरि मल्लको पालाको ताम्रपत्रको मिति इतिहास-संशोधनमा ने. सं. ४०५ दिइएकोमा इतिहास-संशोधनको प्रमाण-प्रमेयमा (११४ पृष्ठमा) ने. सं. ६०५ दिइएको र त्यस तिथिमितिलाई गणनाद्वारा पुष्ट पनि गरिएको कुरा (३३० पृष्ठमा) यस प्रसङ्गमा स्मरणीय छ।

वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेड्इइभल् नेपाल् [मध्यकालको नेपाल]को तेस्रो भागको पहिलो खण्डका ८५–८६ पृष्ठमा ७५ सङ्ख्याको रूपमा रत्न मल्ल र अरि मल्लको पालाको सो ताम्रपत्र छापिएको छ। त्यहाँ पनि संवत्को अङ्क शुद्धसँग ६०५ पढिएको छ।

२१. इतिहास-संशोधनको प्रमाण-प्रमेय मूल भागको १६ पृष्ठ।

२२ वि. सं. २०२३ मा प्रकाशित पूर्णिमाको ९ अङ्कमा छापिएको, धनवज्र वज्राचार्यको योगनरेन्द्र मल्लको राज्याभिषेक भन्ने निबन्ध, सो अङ्कको १८ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

> लक्ष्मीनरसिंह मल्लले आजभोलि काष्ठमण्डप भनी कहलिएको काठको मन्दिर बनाएका हुन् । ··· यसैबाट शहरको नाउँ नै काष्ठमण्डप रहन गयो ।[२३]

भनी लेख्ने डिल्लीरमण रेग्मी वि. सं. २०२३ मा यस्तो

> नयाँ वंशावलीहरूअनुसार काष्ठमण्डप राजा लक्ष्मीनरसिंह मल्ल [ने. सं. ७४०–७६१] द्वारा बनाइएको हो । तर यो बिलकुल अशुद्ध हो ।[२४]

लेख्न पुगे ।

> वि. सं. १२०० मा लेखिएको एउटा हस्तलिखित पुस्तकमा 'काष्ठमण्डप' को उल्लेख पाइएको छ । यसपछिका हस्तलिखित पुस्तकमा र अभिलेखहरूमा पनि 'काष्ठमण्डप' को उल्लेख पाइन्छ ।[२५]

भन्ने लेखी यसको पहिलो प्रमाणको रूपमा ने. सं. २६३ [वि. सं. १२००] आश्विनशुक्लपूर्णिमाको दिन नरेन्द्रदेवको पालामा सारिसिद्धयाइएको पुस्तकको पुष्पिका इतिहास-संशोधनको प्रमाण–प्रमेयमा उद्धरण गरिएको थियो । रेग्मीले त्यही कुरालाई ओल्टाई पल्टाई

> काष्ठमण्डप भन्ने नाउँ पहिलो पटक नरेन्द्रदेवको लेखमा पाइन्छ ।[२६]

भनी माथि लेखी त्यसको टिप्पणीमा

> पेतेकको पुस्तकमा उनको [नरेन्द्रदेवको] पालाको पहिलो लिखत । मिति २६३ आश्विनशुक्ल १५ छ ।[२७]

भनी लेखेका छन् र संशोधन–मण्डलका अनेकन् अन्वेषणलाई आफ्नो नाउँमा थपक्क दर्ता गर्ने दुष्प्रयासको एक कडीको रूपमा काष्ठमण्डपको प्राचीनताविषयक यो खोजी पनि डिल्लीरमण रेग्मीको पुस्तकमा पर्न गएको छ । लक्ष्मीनरसिंह मल्लको पालामा काष्ठमण्डप बनेको हुनाले कान्तिपुरको नाउँ काष्ठमण्डप रहन गयो भन्ने कुराको निराकरण प्राध्यापक तोत्रराज पाण्डेय र पिताजी पं. नयराज पन्तद्वारा वि. सं. २००४ मा पहिलो पटक भएको

---

२३. वि. सं. २००९ मा काठमाडौंबाट प्रकाशित डिल्लीरमण रेग्मीको एन्शन्ट् यान्ड् मेड्ईभल् नेपाल् [प्राचीन र मध्यकालको नेपाल] को १६५ पृष्ठमा यसको मूल अङ्ग्रेजी छ ।

वि. सं. २०२३ मा प्रकाशित **पूर्णिमाको** ११ अङ्कमा छापिएको **श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन** भन्ने हाम्रो निबन्ध, सो अङ्कको १०२ पृष्ठमा छापिएको उल्थामा अलिकति हेरफेर गरी त्यही यहाँ दिइएको छ ।

२४. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेड्ईभल् नेपाल्को पहिलो भागका ६०१–६०२ पृष्ठमा यस वाक्यको मूल अङ्ग्रेजी छ । पूर्णिमाको ११ अङ्कको १०२ पृष्ठमा छापिएको उल्थामा अलिकति हेरफेर गरी त्यही यहाँ दिइएको छ ।

२५. इतिहास-संशोधनको प्रमाण–प्रमेयको मूल भागको ११० पृष्ठ ।

२६. द नेम् काष्टमण्डप अकर्ज् फर् द फर्स्ट् टाइम् इन् ए रेक्अर्ड् अफ् नरेन्द्रदेव ।
(मेड्ईभल् नेपाल्को पहिलो भागको ६०२ पृष्ठबाट)

२७. डक्. ४ अफ् हिज् रेन् इन् पेतेक्'स् बुक् । द डेट् इज् २६३ आश्विन शुक्ल १५ ।
(मेड्ईभल् नेपाल्को पहिलो भागको ६०२ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने कुरा थियो यतासम्मका कुराबाट स्पष्ट भएको छ। तर यसभन्दा १६ वर्षअगाडि नै अर्थात् वि. सं. १९८८ मै प्रबोधचन्द्र बागचीले वंशावलीको यस कुराको खण्डन गरिसकेको देखिएको छ। यसैले, अङ्ग्रेजीमा प्रकाशित उनको त्यस लेखलाई उल्था गरी यहाँ अविकल दिइन्छ।[२८]

"काष्ठमण्डप वा काट्माण्डु" भन्ने नाउँको प्राचीनताको विषयमा

काट्माण्डुको पुरानो नाउँ नेपाली वंशावलीहरूअनुसार कान्तिपुर थियो। कलिसंवत् ३८२४=ई. सं. ७२४ [वि. सं. ७८०]* मा गादी चढेका राजा गुणकामदेवद्वारा यसको स्थापना भएको थियो। पछि ई. सं. १५९५ [वि. सं. १६५१/५२] मा लक्ष्मीनरसिंह मल्लको पालामा त्यस शहरको नाउँ काष्ठमण्डपमा बदलिएको थियो। घुमन्ता तपस्वीहरूको प्रयोगको लागि एउटै रूखको काठले मन्दिर बनाउने इच्छा कुनै देशवासीको दिलमा भएको कुरा त्यस परम्पराको कथात्मक भागमा छ। मत्स्येन्द्रनाथको जात्रामा त्यसले मानिसको रूप लिएको कल्पवृक्षलाई अचानक चिन्यो, उनलाई [कल्पवृक्षलाई] समात्यो र वर माग्यो। कल्पवृक्ष त्यससँग प्रसन्न भए र यसरी एउटै रूखको काठले मन्दिर बनाउन त्यसले सक्यो।[१] काठमाडौंमा मल्लहरूको पुरानो दरबारको अगाडि त्यो मन्दिर अझै देख्न सकिन्छ। यसको प्रयोग घुमन्ता तपस्वीहरूद्वारा अझ हुँदैछ।

यो निरा कथा भए तापनि काट्माण्डुको नाउँको विषयमा थप कुरा थाहा नभएकोले ई. सं. १५९५ [वि. सं. १६५१/५२] को मिति राखिछोड्नुपरेको थियो। त्यस शहरको नाउँको विषयमा केही कुरा भएको एउटा लेखोट पुस्तक नेपालको मेरो पछिल्लो बसाइभित्र दरबारको सङ्ग्रहमा मैले संयोगवश भेट्टाएँ।

यो, शैवाचार्य तेजब्रह्मको लक्षहोमविधिको लेखोट पुस्तक हो। यसको पुष्पिका यस्तो छ—
श्रेयोऽस्तु, सम्बत् ५३१ वैशाख शितनवम्यान्तिथौ लिखितं इदम् श्रीकास्तमन्डप नगरे श्रीभीमदत्त सोमशर्मणा लिखितमिदं।[२]

१. सिल्भि लिविको ले नेपाल् [नेपाल] को पहिलो भागका ५२–५४ पृष्ठ।

२. आफ्नो क्याट्अलग् अफ् पाम् लीफ् यान्ड् सिलेक्टेड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्गइङ टु द डर्बार् लाइब्ररि, नेपाल् [नेपालको दरबारिया पुस्तकखानाका, ताडपत्रका पुस्तक र कागतका छनौट पुस्तकको सूचीपत्र]को दोस्रो भागको ४८ पृष्ठमा दिवङ्गत महामहोपाध्याय हरप्रसाद शास्त्रीले पनि यी पुस्तकको बयान गर्नुभएको छ, तर त्यहाँ दिइएको पुष्पिकामा गलती परेका छन्— "श्रीयास्तु संवत् ५३१ वैशाखस्य सितनवम्यां तियौ लिखितमिदं श्रीकास्तमण्डप नगरे श्री–भीमदत्त सोमशर्माणो–अलिखित्।

---

२८. वि. सं. १९८७/८८ मा प्रकाशित दि इन्डिअन् हिस्टर्इकल् क्वार्टर्लि [भारतीय इतिहाससम्बन्धी त्रैमासिक पत्रिका]को ७ वर्षका ७४१–७४२ पृष्ठमा छापिएको प्रबोधचन्द्र बागचीको अन् दि यान्टिक्विटि अफ् द नेम् 'काष्ठमण्डप अर् काट्मान्डु" भन्ने निबन्ध। यो निबन्ध सो वर्षको चौथो अङ्क (वि. सं. १९८८ मा प्रकाशित) मा परेको छ।

* यहाँ [ ] कोष्ठभित्र जे छन्, ती मैले थपेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो पुस्तक सार्नेले गरेको अशुद्धि नेपाली लेखोट पुस्तकहरूमा हुने ज्यादै आम खालको अशुद्धि भएकोले कास्तमण्डप शहर काष्ठमण्डप नै हो, अर्को होइन। यस कारण लक्ष्मीनरसिंह मल्लदेवको पालाभन्दा २०० वर्षअगाडि नेपालसंवत् ५३१ अर्थात् ई. सं. १४११ [वि. सं. १४६८]मै काष्ठमण्डप भन्ने नाउँ चलिसकेको थियो।

लेखोट पुस्तकहरूका पुष्पिकाबाट स्पष्ट भए जस्तै[३], कान्तिपुर भन्ने नाउँ पनि त्यस अवधिमा चलनचलतीमा थियो। यसरी, कान्तिपुर र काष्ठमण्डप दुवै नाउँ कुनै अवधिमा सँगसँगै चलनचलतीमा र पछि गएर अघिल्लो बढी चल्नु र पछिल्लोको चाहिँ चलनचलती हराउनु सम्भव देखिन्छ।

प्रबोधचन्द्र बागची

३. शास्त्रीको उही पुस्तकको १९० पृष्ठमा पार्थिवार्चन चुडामणि (१७१५ [वि. सं. १७७१/७२] मा सारिएको) नेपाले बहुपीठमण्डितशिवे कान्तिपुरी राजते; १९६ पृष्ठमा पूजाकल्पलता (ई. सं. १६६९ [वि. सं. १७२५/२६] मा सारिएको)– "कान्तिपुरीर् राजा प्रतापमल्लेर् गुरुनारायण बाहुकेर् पुथि"; २३३ पृष्ठमा पितृभक्ति तरङ्गिणी (ई. सं. १६७४ [वि. सं. १७३१] मा सारिएको)— कान्तिपुर् नगरे लिखितैषा हेर्नू।

ने. सं. ५३१ [वि. सं. १४६८] वैशाखशुक्लनवमीको दिन काष्ठमण्डप शहरमा भीमदत्त सोमशर्मले यो पुस्तक सारिसिद्ध्याए भनी वीरपुस्तकालयमा रहेको लक्षहोमविधि भन्ने पुस्तकको पुष्पिकामा लेखिएकोले ई. सं. १५९५ [वि. सं. १६५१/५२]मा लक्ष्मीनरसिंह मल्लको पालामा कान्तिपुरको नाउँ काष्ठमण्डप रहन गयो भनी वंशावलीहरूमा लेखिएको कुरालाई अप्रामाणिक ठहराई लक्ष्मीनरसिंह मल्लको पालाभन्दा २०० वर्षअघि नै ने. सं. ५३१ मा त्यस शहरको नाउँ काष्ठमण्डप चलिसकेको थियो भन्ने कुरा प्रवोधचन्द्र बागचीले यहाँ सिद्ध गरेका छन्। वंशावलीमा लेखिएको यस कल्पनामय कुराको पहिला संशोधक प्रबोधचन्द्र बागची भएको कुरा यताबाट स्पष्ट भएको छ।

यहाँनिर एउटा रमाइलो कुरा के छ भने, काष्ठमण्डप भन्ने नाउँ लक्ष्मीनरसिंह मल्लको पालाभन्दा धेरै पहिलेदेखि चलिसकेको थियो भन्ने कुरा सिद्ध गर्न वि. सं. २०१९ मा इतिहास–संशोधनको प्रमाण–प्रमेयमा १५ वटासम्म प्रमाण जुटाउँदा पनि ४७ वर्षअघि वि. सं. १९७२ मा प्रकाशित, हरप्रसाद शास्त्रीको वीरपुस्तकालयको सूचीपत्रको दोस्रो भागमा परेको यस पुष्पिकावाक्यमा प्रमाण–प्रमेयका सम्पादकमध्ये हामी कसैको आँखा परेन र यो प्रमाण प्रमाण–प्रमेयमा गाभिन सकेन।[२९]

२९. वि. सं. १९६२ मा कलकत्ताबाट प्रकाशित हरप्रसाद शास्त्रीको ए क्याट्अलग् अफ् पाम्–लीफ् यान्ड् सिलेक्टेड् पेपर् म्यान्युस्क्रिप्ट्स्को पहिलो भागको ५५ पृष्ठमा छापिएको कुशोपदेशटीकाको पुष्पिकामा सो पुस्तक ने. सं. ६४४ [वि. सं. १५८०] फाल्गुनमा काष्ठमण्डप शहरको पूर्वपट्टि रहेको तरुमूलमहाविहारमा सारियो भनी लेखिएको छ। काष्ठमण्डप भन्ने नाउँ लक्ष्मीनरसिंह मल्लको पालाभन्दा धेरै पहिलेदेखि चलिसकेको थियो भनी सिद्ध गर्न प्रमाण–प्रमेयमा दिइएका प्रमाणहरूमध्ये यो पुष्पिका पनि त्यहाँ नपरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस शहरको काष्ठमण्डप भन्ने नाउँ लक्ष्मीनरसिंह मल्लको पालाभन्दा दुइ सय वर्षअगाडि नै चलिसकेको थियो भन्ने कुरा मात्र सिद्ध नगरी काष्ठमण्डप भन्ने नाउँ चलिसकेपछि पनि कान्तिपुर नाउँ पनि चलनचलतीमै थियो, हराएको थिएन भन्ने कुरा पनि प्रबोधचन्द्र बागचीको यस लेखमा सिद्ध गरिएको कुरा यहाँनिर भन्नुपर्छ ।

प्रबोधचन्द्र बागचीले यो लेख निकै हतारमा लेखेका थिए भन्ने कुरा उनको लेख गढेर पढ्दा राम्ररी नै स्पष्ट हुने भएकोले यस विषयमा पनि केही लेख्नुपरेको छ ।

लक्षहोमविधिको पुष्पिका हरप्रसाद शास्त्रीले दिंदा गलती परेका छन् भनी हरप्रसाद शास्त्रीको सूचीपत्रबाट उद्धरण गरेको भनी प्रबोधचन्द्र बागचीले रोमनमा उतारेको पुष्पिका हरप्रसाद शास्त्रीको सूचीपत्रमा देवनागरीमा दिइएको सोही पुष्पिकासँग दाँजेर हेर्दा हरप्रसाद शास्त्रीको सूचीपत्रबाट त्यो पुष्पिका उतार्दा उनले निकै नै ठाउँमा बिराएको स्पष्ट देखिन्छ । आफ्नो तर्फबाट सो पुष्पिका देवनागरीमा दिंदा दिंदै हरप्रसाद शास्त्रीले देवनागरीमै दिएको सोही पुष्पिका आफ्नो टिप्पणीमा सार्दा भने प्रबोधचन्द्र बागचीलाई किन त्यो रोमनमा दिनुपरेको हो, केही बुझिएन । सो पुष्पिका हरप्रसाद शास्त्रीको सूचीपत्रको दोस्रो भागको ८४ पृष्ठमा छापिएकोमा प्रबोधचन्द्र बागचीको लेखअनुसार ४८ पृष्ठमा छापिएको हुन गएको छ । सो पुष्पिकाको पूरा उद्धरण गर्दा कास्तमन्डप भनी उतार्ने प्रबोधचन्द्र बागची शहरको नाउँ त्यस पुष्पिकामा अशुद्ध लेखिएको छ भनी आफ्नो तर्फबाट लेख्दा भने त्यस पुष्पिकामा कास्तमण्डप लेखिएको छ भनी भन्न पुगेका छन् । यसै गरी, प्रबोधचन्द्र बागचीको लेखमा चूडामणि रोमनमा लेख्दा चुडामणि हुन गएको र हरप्रसाद शास्त्रीले **पितृभक्तितरङ्गिणी** सारिएको मिति ने. सं. ७८४= ई. सं. १६६४ दिंदा दिंदै प्रबोधचन्द्र बागची ई. सं. १६७४ लेखन पुगेको कुरा पनि यस प्रसङ्गमा भन्नैपर्छ । नव्य भारतीय आर्यभाषाहरूमा लेख्दा अकारान्त भए पनि धेरैजसो रूपको उच्चारण हलन्त गरिने हुनाले पुष्पिकामा लेखिएको अकारान्त रूपलाई रोमनमा ढाल्दा प्रबोधचन्द्र बागचीले हलन्त बनाएको सह्य भए पनि हरप्रसाद शास्त्रीले कान्तिपुरनगरे भनी छपाएकोलाई रोमनमा परिवर्तन गर्दा प्रबोधचन्द्र बागचीले **कान्तिपुर् नगरे** पारेकोचाहिँ सहन सकिंदैन ।

कलकत्ताबाट नरेन्द्रनाथ लाहाको सम्पादकत्वमा छापिने, अत्यन्त प्रसिद्ध पत्रिका **दि इन्डिअन् हिस्टरिकल् क्वार्टर्लि**मा प्रकाशित यो लेख पाश्चात्त्य भाषामा नेपालको इतिहासको विषयमा कलम चलाउनेहरूमा पनि किन चर्चित भएन, म भन्न सक्दिनँ । नौ वर्षअघि कीलविश्वविद्यालयको भारतविद्याविभागको पुस्तकसङ्ग्रहमा आँखा लाउँदै जाँदा यस लेखमा मेरो आँखा संयोगवश परेको थियो । यस लेखलाई नेपालीमा उल्था गरी प्रबोधचन्द्र बागचीको खोजीलाई प्रचारमा ल्याउँला भनी त्यसै बेला अठोट गरेको थिएँ तापनि अहिले वि. सं. २०४८ माघमा मात्र कीलमै बसी चिताएअनुसार लेख तयार गर्न सकें ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र
(वि. सं. १६८०, १६८७, १६९६)

— महेशराज पन्त

१ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६७/४८)

यस पत्रमा छाप करेको छ ।

यम्बु [काठमाडौँ शहरको उत्तर भाग][1] मा पर्ने केरटोर [केलटोल] खटकिननीको १ खा[2], १ चुर[3] र

---

१. वि. सं. २०३१ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज् [नेपालविषयका विद्यासम्बन्धी लेख] को १ वर्ष २ अङ्कका ९०–९८ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको यङ्गल, यम्बु भन्ने निबन्ध ।

२. यिन राजा जयस्थिति मल्लले... घरका बन्देज प्रमाण बूढी अंगुठा २४ अंगुलीको एक हात आफ्ना हातको प्रमाण गरी बनाया । गल्ली घरको प्रमाण खा १ घरको चारैतर्फ नापी हात ९५ गल्लीभित्रका घरको प्रमाण खा १ को १०१ हात सहर पट्टिका घरको प्रमाण ८५ हात घरको यति ३ प्रकार गरिदिया ।

(वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालको भाषावंशावलीको २ भागको ३८ पृष्ठबाट)

घरका जमीनमा २२॥ हात लम्बाइ र एक हात गज भयाको जमीन लाइ जवा भन्दछन्.

४ जवा = १ खा

(वि. सं. १९७१ मा काठमाडौँबाट गोपालदत्त पाडेद्वारा प्रकाशित, उनैको व्यक्तचंद्रिकाको चौथो संस्करण-को २ पृष्ठबाट)

यस कारण ९० वर्ग हात = १ खा हुन्छ ।

(वि. सं. २०२४ मा प्रकाशित पूर्णिमाको १६ अङ्कमा छापिएको, दिनेशराज पन्तको राजज्योतिषी भोलानाथ पाँडे भन्ने निबन्ध, सो अङ्क, ३९६ पृष्ठबाट)

३. चुर= जवा

(वि. सं. २०१२ मा काठमाडौँबाट रत्नप्रसाद जोशीद्वारा प्रकाशित, पद्मप्रसाद जोशीको संक्षिप्त नेपाल भाषा शब्द-कोशमा चुल शब्द हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५ कु [हात] नापो भएको घर र त्यहीँको २ खा, २ चुर र १५ कु नापो भएको पातालजग्गा त्यही टोलको दुइ जना दाजुभाइलाई ११२ टङ्कामा बेची राजा लक्ष्मीनरसिंह मल्लले ने. सं. ७४३ [वि. सं. १६८०] चैत्रकृष्णनवमीको दिन गरिदिएको फार्सेपत्र यो हो। यस पत्रमा भीम मल्ल दृष्टसाक्षी बसेका छन्।

यस ताडपत्रको बायाँतिर छाप हुने ठाउँमा छाप खस्न जाँदा र छापमुनिको ताडपत्रको दोब्रयाएर सिइराखेको अंश फुस्किन जाँदा देखिन गएका अक्षर—

१. ᳫ शुभ ॥ खतकिननि छे खा १ चुर छि १ कु १५ पातारभु खा २ चुर २ कु १५ तस्य
२. क्रीपत्रमिदं ॥

मूलपाठ

१. (ᳫ स्व)[४]स्ति ॥ श्रीश्रीजयलक्ष्मीनरसिंह[५] मल्लदेव प्रभु ठाकुलसन, श्रीयंबुभूमौ, केरटोरके, षटकिननिछेंगृहबास्तव्य, मनिताजभातृसहनाम्ने प्रसादीकृ, तं स एव षटकिननिछेंगृहनामप्रदेशे, चार्पासिहरखर्मासिंहकस्य गृहेन पश्चिमतो, धारा भु × × × × × ×[६] पूर्व्वतश्च मार्ग्गेन दक्षिणत[७] एतेषां मध्य श्वते चात्राघातन[८] दुंछे खा १ चुर[९] (१ कु १५ पाता)-[१०]

२. रभु खा २ चुर २ कु १५ पूर्व्व स्वसिमा सह ततगृहस्य, यथादेशकालप्रवर्त्तमानसंचारार्घेन सुवर्ण्ण-मूल्यद्वादशटंकाधिकएकशतटंक ११२ मादाय स्वाधिनानवतुकंन्यायेन क्रयेन विक्रीयेतं भवति ॥ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीभीममल्लदेवस[११] ॥ सम्बत् ७४३ चैत्रबढि ९ शुभ ॥

२ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२९/५३)

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको, गोलो छाप छ। छापको तल्लो भाग फुटेको छ।

---

४. ताडपत्रको रेशा निस्किएकोले मूलमा यी अक्षर देखिँदैनन्।

५. ताडपत्र भाँचिई टुक्रा झरेकोले सिंको सको बाइमात्राको दाहिनेपट्टिको अलिकता भाग र अनुस्वार मूलमा देखिँदैनन्।

६. ताडपत्र भाँचिई टुक्रा झरेकोले ६ अक्षर मूलमा पूरै देखिँदैनन्।

७. ताडपत्र भाँचिई टुक्रा झरेकोले दक्षिणतको क्षिको बाइमात्राको डिको माथिको ", णको र तको माथिल्लो भाग त्यहाँ देखिँदैन।

८. ताडपत्र भाँचिई टुक्रा झरेकोले एतेषांदेखि चात्राघा°सम्मका अक्षरका माथिल्ला भाग मूलमा देखिँदैनन्।

९. ताडपत्र भाँचिई टुक्रा झरेकोले चुरको माथिल्लो भाग मूलमा देखिँदैन।

१०. ताडपत्र भाँचिई टुक्रा झरेकोले कोष्ठभित्र पढिएका अक्षरमध्ये कुनै पूरै नष्ट भएको र कसैको माथिल्लो भाग मात्र देखिने भए तापनि छाप हुने ठाउँमा छाप खस्न जाँदा र छापमुनिको ताडपत्रको दोब्रयाएर सिइराखेको अंश फुस्किन जाँदा देखिन गएका अक्षरको आधारमा कोष्ठभित्रका अक्षर हालिएका हुन्।

११. ताडपत्र भाँचिई टुक्रा झरेकोले देवको बेको एकलछखानो र वको डिको मूलमा देखिँदैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस छापको फोटो त्यति स्पष्ट नभएकोले छापको पूरा बयान गर्न सकिँदैन तापनि बीचमा खड्ग र खड्गको माथिल्लो भागमा दायाँबायाँ श्री अक्षर भने फोटोमा देखन सकिन्छ ।

यम्बुमा पर्ने केरटोर [केलटोल] केरमुगलको १ खा, २ चुर नापो भएको पातालजग्गा त्यहीँकै एक जना कांसकाल [कंसकार]लाई ४४ टङ्कमा बेची राजा लक्ष्मीनरसिंह मल्लले ने. सं. ७४३ [वि. सं. १६८०] भाद्रशुक्लनवमीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा भीम मल्ल दृष्टसाक्षी बसेका छन् ।

मूलपाठ

१. ॐ स्वस्ति ।। श्रीश्रीजयलक्ष्मीनरसिंह मल्लदेव प्रभु ठाकुलसन ् श्रीयंबुभूमो केरटोरके ् केरमुगल-यंन्ताछेंगृहवास्तव्यकांसकालरुगुनाम्ने प्रसादीकृतं ् स एव केरमुगलयेतापातारभुमिकानामप्रदेशे ् विश्वरामकस्य पातारभुमिकाया पश्चिमतो मयाचरकस्य पातारभुमिकाया उत्तरतो ग्राहाकस्य पातारभुमिकाया पूर्व... [१२]

२. थ्वते चात्राघातन दुं पातारभु खा १ चुर २ मार्गधारापूर्व्वं स्वसिमा सह ततपातारभुमिकाया यथा-देशकालप्रवर्त्तमानसंचारार्घेन सुवर्ण्णमूल्यचतुचत्वारिंशतिटंक ४४ मादाय स्वाधिनानवतुकंन्यायेन क्रयेन विक्रीयेतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीभीम मल्लदेवस ।। सम्वत् ७४३ भाद्रपदशुद्धि ९ शुभ ।। ९

३ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २११६/५५)

यस पत्रको बायाँपट्टि फट्केमा बीचमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ । त्यस छापमा सबभन्दा माथि दायाँबायाँ सूर्यचन्द्र, सूर्यको मुनि ल अक्षर र चन्द्रको मुनि क्ष्मी अक्षर छन् र सबभन्दा तल्लो भागमा रहेको बसाहामा पर्ने गरी बीचमा त्रिशूल रहेको छ । यस छापको फोटो त्यति राम्रो नआएकोले अरु बयान गर्न सकिएन ।

यंग्ल [काठमाडौँ शहरको दक्षिणी भाग][१३] मा काष्ठमण्डप शहर अथस्व [अटको] खालखुका एक जना मानंध्र [मानन्धर = साल्मी]लाई अथस्वकै प्रेतबाहारका अर्को मानंध्रले आफ्नो हकभोगको डेढ रोपनी खेतमध्येबाट आधा भाग अर्थात् तीन चुर खेत ६० टङ्कामा बेची ने. सं. ७५१ [वि. सं. १६८७] कार्तिकशुक्ल-त्रयोदशीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा दृष्टसाक्षी राजा लक्ष्मीनरसिंह मल्ल बसेका छन् ।

मूलपाठ

१. ॐ स्वस्ति ।। श्रीश्रीजयलक्ष्मीनरसिंह मल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुस्यं प्रसन जुया ् श्रीयंग्लकाष्टमण्डपनगले ् श्रीअथस्व ् खालखु वंन्ताछे ् मानंध्र ् मणिराज ् वितुकस्य नाम्नेन

१२. ताडपत्र भाँचिएकोले यहाँ केही अक्षर नष्ट भएका छन् ।

१३. कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टडिइज्को १ वर्ष २ अङ्कका ९०–९८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकासात ।। स येव अथवत्र ् प्रेतबाहार ् रिपछे ् मातंध्र ् जषमकस्य नाम्नेन गुष्ठियं सुवुज्य-मानिकं ।। मालक्षत्रनामप्रदेशे ।। गुथिया क्षत्रेन पश्चिमत ् उत्तरत ।। ग्राहाकया

२. क्षत्रेन ् पूर्व्वत दक्षिणत ।। एतेषा मधे ् साद्धाधिक ् मेकरोपनिकं ् अर्द्ध भाग ् क्षत्राङ्कतोपि ् बु रोव छपेकत्या १ × थ्वतेस ् अर्द्ध भाग ् बु चुर स्व ३ धारणया ् थव स्वादिकाल दक्व ् पूर्व्व सोसिमा सह ् ततक्षत्रस्य यथादेशकाल ् प्रवत्तमान ् तथा संचाराघेण् सुवर्ण्णमूलमादायं ् स्वादिना ् नृवर्त्त कंन्यायं ् क्रिविक्रीयतं भवति ् तत्रा धारणकस्य ् निमित्तेन यदि पीडा स्यात्धा-

३. रणकेन परिसोधनियश्च प्रत्ति धारणस प्रसार बयस ् क्रिबिक्रीन काया जुरो ।। सम्वत् ७५१ कात्तिकशुद्धि १३ थ्व बुया मूल टंका ६० दुं कास्यं पाचु ।।

४ सङ्ख्या

(नेपाल राष्ट्रिय अभिलेखालयमा, बट्टाको सङ्ख्या ५७, क्रमसङ्ख्या ८३४ मा मूल पत्र छ ।)

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई १५३४/४५)

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ । छापको बीचमा खड्ग छ, त्यसको धेरैजसो भाग मालाले घेरिएको छ । खड्गको ठीक माथि छत्र, त्यसभन्दा मुनि खड्गको दायाँबायाँ श्री अक्षर छन् । खड्गको बोँडमुनि दायाँबायाँ मकरमुख छन् ।

तुप्या वा तुप्वा भन्ने ठाउँका एक जनालाई २ कर्ष [आधा रोपनी][१४] बारी ३६ टङ्कामा वेची राजा लक्ष्मीनरसिंह मल्लले ने. सं. ७६० [वि. सं. १६९६] माघकृष्णनवमीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा भीम मल्ल दृष्टसाक्षी बसेका छन् ।

मूलपाठ

१. स्वस्ति ।। श्रीश्रीजयलक्ष्मीनरसिंह मल्लदेव प्रभु ठाकुलसन ् तुप्याभुमो ननिवंताछेंगृहवास्तव्य-देवनाम्न प्रसादीकृतं ् स्थानस्य उत्तरदिशि प्रदेशे ् चोनिवलवाटिकानाम मार्ग्गेन पश्चिमतो पूर्व्वतश्च ् श्रीश्रीराजकुलवाटिकाया उत्तरतो ् दक्षिनतश्च ् एतेषां मध्य थ्वते चात्राघातन दुं

२. वल कष २ ततवाटिकाया यथादेशकालप्रवर्त्त मानसंचाराघंत सुवर्ण्णमूल्यषटत्रिंशतिटंक ३६ मादाय स्वाधिनानवंतुकंन्यायन क्रयेन विक्रीयतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीभीम मल्ल-देवस । सम्वत् ७६० माघवद्धि ९ शुभ ।। ७१७२

पछाडिपट्टि

देव तुप्वा

---

१४. कर्ष= $\frac{1}{4}$ रोपनी ।

(वि. सं. २०२१ मा प्रकाशित पूर्णिमाको १ अङ्कका ३०–३३ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको कर्षको अर्थ भन्ने निवन्ध ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दशवटा लिखतपत्र (वि. सं. १७०१, १७०३, १७१०, १७१२, १७१४, १७१६, १७२६, १७३०)

– महेशराज पन्त

१ सङ्ख्या

(नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २१२९/२)

यस पत्रको बायाँपट्टि फट्केमा पहिलो हरफको हाराहारीभन्दा पनि अलि माथि, माटाको, वरिपरि थोप्लैथोप्ला भएको, चिटिक्क परेको सानो गोलो छाप छ। त्यस छापमा सबभन्दा माथि श्री अक्षर, श्री अक्षरको दायाँबायाँ सूर्यचन्द्र, सूर्यको मुनि अर्को श्री अक्षर, चन्द्रको मुनि अरू अर्को श्री अक्षर र सबभन्दा तल्लो भागमा रहेको बसाहामा पर्ने गरी बीचमा त्रिशूल रहेको छ। बसाहाको दायाँबायाँ रहेका के हुन्, चिन्न सकिएन।

यम्वुमा पर्ने योताखातोंर [यट्खाटोल]का एक जना भारोलाई काष्ठमण्डप शहर चेकनमगुडितोंर [चिकंमुगल-टोल]का एक जना ल्वाहाकार [लोहकार =कौ]ले आफ्नो हकभोगको १ रोपनी २ चुरं खेत बेची ने. सं. ७६४ [वि. सं. १७०१] नष्ट[अधिक]चैत्रकृष्णसप्तमीको दिन गरिदिएको फार्सपत्र यो हो। यहाँ खेतको मोल खुलाइएको छैन। यस पत्रमा राजा प्रताप मल्ल दृष्टसाक्षी बसेका छन्।

मूलपाठ

१.१स्वस्ति ॥ श्रीश्रीजयप्रताप म्लदेवं प्रभु ठाकुसंनं दृष्टसाक्षि जुस्य प्रसन जुया जुरो ॥ श्रीयोऽस्तु ॥ सम्वत ७६४ नष्टचैत्रमासे कृष्णपक्षे सप्तम्यायां तिथौ ॥ श्रीयंबुबुमाया योताखातोंर राष्ठ योताछे विष्णुसिंह भारोया नाम्नानकस्य सकास्य ॥ तत्रव श्रीकाष्ठमण्डपनगरे ॥ चेकनमगुडि-तोंर ॥ भिलुपात वंताछे ल्वाहाकार रामचाया ना-

---

१. बेवको व खुंडे पारी लेखिएको छ। खुंडे वको विषयमा वि. सं. २०४४ मा प्रकाशित पूर्णिमाको ७२ अङ्कमा छापिएको महेशराज पन्तको द गोपालराजवंशावली सरसरी हेर्दा भन्ने निबन्धमा (१२ पृष्ठमा) लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. ग्णेनकेण स्वक्रियं स्वभुर्ज्यमानिकं ।। साब्वातबुक्षेत्रनामप्रदेशे ।। मार्ग्गस्य पच्छि १ मत ।। भिक्षु श्रीदेवसिंहजुया क्षेत्रन उत्त्तरत ।। जिकेराजया क्षेत्रन पूर्व्वत ।। किसानिया क्षेत्रन दक्षिनत ।। एर्त्तत्मधे द्वयचुधिकमेकरोपनिकं जत्र क्षेत्र अके च साब्वातबु रोव १ चुरं २ सं जथादेसकारप्रव्वर्त्त-मानेनं ।। संच्यारा घेन क्रेविक्रीयंत ।। अष्ट परं प्रश्नार्त्तत्कारे ।।

३. तदियपुत्रपौत्रादिते पिदा बाधा क्रतु कारे तु च न रभेते तत्र जदि पिदा स्यात्तदा धार्नकेर्ण्णं परिस्वधनियंञ्च प्रति धारणया छे कायस क्रेन बिक्रीन काया जुरो शुभ ।। : ।।
७ शुभ ।।

पछाडिपट्टि

साब्वातबुया क्रेपत्र ।।

विष्णु सिंह

या साब्वात

बुया ।।

२ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३१/२९)

यस पत्रमा छाप छैन ।

यम्बुमा पर्ने तेमुबाहारटोलका एक जना शिखलिकार [अवाल]लाई राजा प्रताप मल्लले त्यही बहालको २ चुर्ल नापो भएको घर र १ खा नापो भएको पातालजग्गा दिई ने. सं. ७६५ [वि. सं. १७०१] माघशुक्लद्वादशीको दिन गरिदिएको पत्र यो हो । यस घरजग्गाको मोलको प्रतीकस्वरूप सुपारीमूठीको रूपमा साढे चौध मोहोल [मोहर] टङ्का दर्शनभेटी लिई देवतालाई बहाल तिर्नुपर्ने शर्तमा[२] प्रताप मल्लले यो पत्र गरिदिएका हुन् । यस पत्रमा भीम मल्ल दृष्टसाक्षी बसेका छन् ।

राजा लक्ष्मीनरसिंह मल्लले घरजग्गा बिक्री गर्दा लेखिएका पत्रमा भीम मल्ल साक्षी बसेका र ती पत्रमा लक्ष्मीनरसिंह मल्लको नाउँको अगाडि श्रीश्री र देव जोडिए जस्तै भीम मल्लको नाउँको अगाडिपछाडि पनि श्रीश्री र देव जोडिएका छन्; खालि फरक के छ भने, लक्ष्मीनरसिंह मल्लको नाउँको अगाडि श्रीश्रीपछि जोडिएको जय शब्द मात्र भीम मल्लको नाउँको अगाडि जोडिएको छैन ।[३] राजा प्रताप मल्लको यस पत्रमा पनि तिनै भीम मल्ल साक्षी बसेका छन् तापनि उनको नाउँको अगाडि लक्ष्मीनरसिंह मल्लका पत्रमा जोडिए जस्तै दुइटा श्री नजोडिई खालि एउटा मात्र श्री जोडिएको छ । त्यसै गरेर, यही निबन्धमा तल छापिने ३ सङ्ख्याको पत्रमा साक्षी बसेका बलभद्र मल्ल र ४, ५, ७, ९ र १० सङ्ख्याका पत्रमा साक्षी बसेका नारायण मल्लको नाउँको अगाडि पनि

---

२. यो घरजग्गा तेमुबहालको अधिकारको भएकोले होला, देवतालाई बहाल तिर्नुपर्छ भन्ने शर्त यहाँ राखिएको ।

३. पूर्णिमाको यही अङ्कमा छापिएको, महेशराज पन्तको लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र भन्ने निबन्धका १, २, ४ सङ्ख्याका पत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटा मात्र श्री जोडिएको छ। प्रताप मल्लले आफ्ना नजीकका दाज्यूभाइहरूलाई आफ्ना बाबुले गरे जस्तै राजोचित श्रीश्रीले विभूषित गर्न नखोजेको यताबाट स्पष्ट हुन्छ तापनि ती दाज्यूभाइहरूको नाउँको पछाडि आउने राजोचित देव शब्द भने उनले कायमै राखिदिएको देखिन्छ।

मूलपाठ

१. ९ स्वस्ति॥श्रीश्रीजयप्रताप मल्लदेव प्रभु ठाकुलसन श्रीयंबुंभूमौ तेमूबाहारटोलबाहाल यौताछेँ शिख-

२. लिकार माधवसिंहयातं स एव बाहाल येताछेँ चुलं २ पातालभु खा १ ब्वतेया गोय ह्मु ति मोहोल

३. टंका १४ × दुं कास्यं बिज्याङाव प्रसनं जुया ह्ङापा मर्जातिथे देवस्त बाल पुरेमाल ॥ अत्र पत्रार्थे दृष्ट-

४. साक्षि[४] श्रीभीममल्लदेव ॥ सम्वत् ७६५

माघशुद्धि १२ शुभ ॥ ९

३ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २१२७/४०)

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ। यस छापमा माथिल्लो भागमा मालासहितको खड्ग, खड्गको दायाँबायाँ श्री अक्षर र खड्गको बीँडमुनि दायाँबायाँ मकरमुख छन्।

यम्बुमा पर्ने केरटोर [केलटोल] का दुइ जना कंसकारलाई साढे तीन रोपनी अर्थात् ३ रोपनी, २ चुलं खेत १४७ टङ्कमा बेची राजा प्रताप मल्लले ने. सं. ७६६ [वि. सं. १७०३] आश्विनकृष्णद्वादशीको दिन गरिदिएको क्रयपत्र यो हो। यस पत्रमा बलभद्र मल्ल दृष्टसाक्षी बसेका छन्।

मूलपाठ

१. ९ स्वस्ति ॥ श्रीश्रीजयप्रताप मल्लदेव प्रभु ठाकुलसन श्रीयंबुभूमौ केरटोरथंयछेँगृहवास्तव्य ˎ कंन्सकार धर्म्मराम ˎ मनजुराज द्वयो नाम्ने प्रसादीकृतं ˎ स्यानस्य उत्तरदिशि प्रदेशे ङचाङ-चपाडक्षत्रनामसंज्ञकं ˎ मार्ग्गेन पश्चिमतो ˎ श्रीउपाध्याजुकस्य क्षेत्रेन गोमिराजकस्य क्षेत्रेन उत्तरतो ˎ गोविन्दकस्य क्षत्रेन पूर्व्वतो ˎ तेप्वछ्चाककस्य क्षत्रेन दक्षिणतो ˎ एतेषां मध्य सार्द्ध तृरोपनीकं क्षेत्रा-

२. ङ्कतोपि बु रो ३ चुलं २ ततक्षत्रस्य यथादेशकालप्रवर्त्तमानसंचारार्घन सुवर्ण्णमूल्यसप्त-चत्वारिंशतिटंकाधिकः एकशतमोहोर टंक १४७ मादाय स्वाधिनानवंतुकंन्यायेन क्रयेन विक्रीयतं

४. चौथो पङ्क्ति बीचबाट अर्थात् तेस्रो पङ्क्तिको ह्ङापाको ठीक मुनिबाट मात्र शुरू गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीबलभद्र मल्लदेवस ।। सम्बत् ७६६ आश्विनवद्धि १२ शुभ ।।

४ सङ्ख्या

यस पत्रको फोटो मसँग छ । फोटोमा बायाँपट्टि फट्केमा गोलो छाप देखिन्छ तापनि छाप स्पष्ट नआएकोले त्यसको बयान गर्न सकिएन ।

कान्तिपुर महानगरमा यम्बुमा पर्ने केरटोर गंथननिको १ खा, १ कु नापो भएको घर र १ चुलं नापो भएको पातालजग्गा त्यही टोलकै एक जना कंसकारलाई ४७ टङ्क लिएर राजा प्रताप मल्लले ने. सं. ७७३ [वि. सं. १७१०] आषाढकृष्णद्वितीयाको दिन गरिदिएको फार्सपत्र यो हो । यस पत्रमा नारायण मल्ल दृष्टसाक्षी बसेका छन् ।

प्रताप मल्लका माथि दिइएका तीन लिखतपत्रमा श्रीश्रीजयप्रताप मल्लदेवको अगाडि कुनै विशेषण नभएकोमा यस लिखतपत्रमा उनको नाउँमा कवीन्द्र पनि जोडी श्रीश्रीकवीन्द्रजयप्रताप मल्लदेव लेखिएको र टङ्कमा पनि कवीन्द्रमल्ली भन्ने विशेषण जोडिएको कुरा चाखलाग्दो छ ।

मूलपाठ

१. ॥ स्वस्ति ।। श्रीश्रीकवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकुलसन श्रीमत्कान्तिपुरमहानगरे श्रीयंबुभूमौ केरटोरतवलिबिछेंगृहवास्तव्यकंसकारधर्म्मरामनाम्न प्रसादीकृतं स एव गंथननियंताछेगृहनाम-प्रदेशे, गृहमण्डरेन पश्चिमतो, श्रीश्रीराजकुलगृहेन उत्तरतो, ग्राहाकस्य गृहेन पूर्व्वतो, विश्वकस्य गृहेन दक्षिनतो, एतेषां मध्य थवते चात्राघातन दुं-

२. छे खा १ कु १ पाताल चुलं १ पूर्व्वं स्वसिमा सह ततगृहस्य यथादेशकालप्रवर्त्त मानसंचारार्घेन सुवर्ण्णमूल्यसप्तचत्वारिंशतिकवीन्द्रमल्लीटंक ४७ मादाय स्वाधिनानवंतुकंन्यायन क्रयेन विक्रीयतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीनारायण मल्लदेवस ।। सम्वत् ७७३ आषाढबद्धि २ शुभ ।।

५ सङ्ख्या

[नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २१३६/१२]

यस लिखतपत्रमा छाप परेको छ ।

कान्तिपुर महानगरमा यम्बुमा पर्ने येताखाटोर [यट्खाटोल] अन्तरेखबहिको १ खा, १ चुलं र ४½ कु नापो भएको घर त्यही बहिका एक जना भिक्षु [बाँडा ?]लाई २९ टङ्क लिई राजा प्रताप मल्लले ने. सं. ७७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वि. सं. १७१२] आषाढशुक्लअष्टमीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा यसभन्दा अघिल्लो पत्रमा जस्तै नारायण मल्ल नै दृष्टसाक्षी बसेका छन् ।

यस लिखतपत्रमा प्रताप मल्लको लामो प्रशस्ति परेको छ र यसभन्दा अघिल्लो पत्रमा जस्तै यस पत्रमा पनि टङ्कको अगाडि कवीन्द्रमल्ली भन्ने विशेषण जोडिएको छ ।

मूलपाठ

१. १ स्वस्ति ।। शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव परमभट्टारक प्रभु ठाकुलसन श्रीमत्कान्तिपुरमहानगरे श्रीयंबुमुमौ येताखाटोर-अन्तरेषबहित्वन्तिराछेगृहवास्तव्यभिक्षुजिनदेवनाम्न प्रसादीकृतं ، स एव राछेंवंताछेंगृहनामप्रदेशे ، गृहमण्डरेन पश्चिमतो ، ग्यानकस्य गृहेन उत्तरतो ، रंथ्याया पूर्व्वतो ، गोपारकृष्णकस्य गृहेन दक्षिणतो ، एतेषां मध्य श्वते चात्राघातन दुं

२. स एव राछें वंताछें खा १ चुलं १ कु ४ × ततगृहस्य ، यथादेशकालप्रवर्त्तमान ، संचारार्घन ، सुवर्ण्णमूल्यनवविंशतिकवीन्द्रमल्लीटंक २९ मादाय स्वाधिनांनवंतुकन्यायेन क्रयन विक्रीयतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीनारायण मल्लदेवस ।। सम्बत् ७७५ आषाढशुद्धि

८ शुभ ।।

६ सङ्ख्या

(नेपाल राष्ट्रिय अभिलेखालयमा बट्टाको सङ्ख्या ५३, क्रमसङ्ख्या ७८० मा मूल पत्र छ ।)

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १५३४/१३)

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ । छापको बीचमा त्रिशूल, त्यसभन्दा माथि श्री, त्यसको दायाँबायाँ दुवैपट्टि चन्द्र, दायाँ चन्द्रको मुनि ३, बायाँ चन्द्रको मुनि वा., ३ को मुनि हि., वा. को मुनि नि. अक्षर देखिन्छन् । त्रिशूलको पुछारको दायाँबायाँ के रहेका हुन्, चिन्न सकिएन ।

कान्तिपुर महानगरमा यम्बुमा गांगुरज्ञमा पर्ने केरंमण्डपस्तोर [केलटोल]मा बस्ने कांशकार [कंसकार]हरूलाई आफ्नो जग्गा २४४ टङ्कमा पाँच वर्षको लागि भोगबन्धकी राखेको प्रमाणित गर्ने यो पत्र तयार गरिएको हो । यस लिखतपत्रको दायाँपट्टिको केही अंश खण्डित भएकोले भोगबन्धकी राख्ने मानिसको नाउँगोता र कहाँको कति जग्गा भोगबन्धकी राखिएको हो भन्ने कुरा खुल्दैन । ने. सं. ७७७ [वि. सं. १७१४] नष्ट [अधिक]श्रावण-शुक्लचतुर्थीको यस लिखतपत्रमा राजा प्रताप मल्ल दृष्टसाक्षी बसेका छन् ।

यसभन्दा अघिल्लो पत्रमा जस्तै यस पत्रमा पनि प्रताप मल्लको लामो प्रशस्ति परेको छ तापनि अघिल्लो पत्रमा परेको शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग र परमभट्टारक भन्ने विशेषण यहाँ छैनन् र अघिल्लो पत्रमा राजराजेन्द्रको अगाडि लगाइएको श्रीश्री यस पत्रमा कवीन्द्रको अगाडि लगाइएको उल्लेखनीय छ । अघिल्ला दुइ पत्रमा जस्तै यस पत्रमा पनि टङ्कको अगाडि कवीन्द्रमल्ली भन्ने विशेषण जोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृत र नेवारी मिसाई लेखिएको यस लिखतपत्रमा भोगबन्धकी राखी लिएको रकम खुलाउँदा **चओचालिसद्धिक-द्वयशय** भनी लेखिएकोले व्यवहारमा नव्य भारतीय आर्यभाषाका सङ्ख्यावाचक शब्दको बढी चलनचलती भएको कुराको यताबाट पनि पुष्टि भएको छ।[५]

मूलपाठ

१. ॐ शुभं : महाराजाद्धिराज, राजराज्येन्द्र, श्रीश्रीकविन्द्र जयप्रताप मल्लदेव, प्रभु थाकुरसन दृष्टसाखि जुस्यं प्रसंन्न जुया, श्रेयोस्तु : सम्बत् ७७७ नष्टश्रावणशुद्धि ४ श्रीमत्कान्तिपुरमहानगरे, श्रीयंबुन्नुमायां, श्रीगांगुरंज्ञे, केरंमण्डपस्तोरके तवलिबिछें कांशकार, भिम भारो,रामक्र…

२. देशे, किशानिया क्षत्रेन, पछिमत, कांशकार, कृष्णसिंह्या क्षत्रेन उत्तरत, नमग्यारया क्षत्रेन, पूर्व्वत, किशानिया क्षत्रेन, दक्षिनत, एतेखां, मध्य, भोगवृद्धांप, पंञ्चवलिखावदिना, बन्धकस्तेन,दशगृहित, जथाबेबहार, चओचालिसद्धिक, द्वयशयकविन्द्रमल्लीटंकाङ्क, ह्न्…

३. यस, कवीन्द्रमल्लीटंका प्रठि, प्रसार बयस क्षोभोगन थंता जुरो, ॥ शुभं : ॥

७ सङ्ख्या

(नेपाल राष्ट्रिय अभिलेखालयमा बट्टाको सङ्ख्या ४३, क्रमसङ्ख्या ६३१ मा मूल पत्र छ।)

यस पत्रमा छाप छैन।

यस पत्रको एक ठाउँमा पहिलेबाट लेखिएका केही अक्षर मेटी तिनको ठाउँमा अरू कुरा लेखिएकाले यसको वास्तव अर्थ बुझिँदैन तापनि यंगलमा पर्ने ज्याथबाहारटोर [ज्याबहालटोल] का एक जना भात [कारञ्जित ?]-सँग १० टङ्का लिई राजा प्रताप मल्लले निस्तार [चुक्ती] गरिदिँदा यो पत्र लेखिएको हो भनी निर्धक्क भन्न सकिन्छ। ने. सं. ७८० [वि. सं. १७१६] फाल्गुनकृष्णनवमीको यस पत्रमा नारायण मल्ल दृष्टसाक्षी बसेका छन्।

जोन केर लकले ज्याबहालको स्थापना ने. सं. ७८२ [वि. सं. १७१८]मा भयो भनी अडकल काट्नुभएको छ[६] तापनि यस लिखतपत्रबाट दुइ वर्षअगाडि नै त्यस बहालको अस्तित्व देखिन गएको छ भनी भनिरहनुपर्दैन। लिखतपत्र केलाउँदै जाँदा ने. सं. ५७४ [वि. सं. १५११] मा नै ज्याबहाल प्रसिद्ध भइसकेको देखिन गएको छ[७] भन्ने कुराचाहिँ यहाँनिर भन्नुपरेको छ।

---

५. यस विषयमा बढी ज्ञानको लागि वि. सं. २०४१ मा प्रकाशित पूर्णिमाका ६१ अङ्कको १-२० पृष्ठमा छापिएको महेशराज पन्तको गोपालराजवंशावलीमा परेका चारि सय आठ जस्ता शब्दको विषयमा भन्ने निबन्ध; वि. सं. २०४५ मा प्रकाशित पूर्णिमाको ७४ अङ्कमा छापिएको महेशराज पन्तको महेन्द्र मल्लका ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखतपत्र भन्ने निबन्ध, सो अङ्कको १७ पृष्ठ; पूर्णिमाको ७४ अङ्कमै छापिएको महेशराज पन्तको सदाशिव मल्लका ताडपत्रमा लेखिएका, अहिले-सम्म प्रकाशमा नआएका ५ वटा लिखतपत्र भन्ने निबन्ध, सो अङ्कको २५ पृष्ठ हेर्नू।

६. वि. सं. २०४२ मा काठमाडौँबाट सहयोगी प्रेस प्राइभेट लिमिटेडद्वारा प्रकाशित जोन केर लकको बुद्धइस्ट मनअस्टरिज् अफ् नेपाल् [नेपालका विहार]का ३२८ र ५०३ पृष्ठ।

७. परिशिष्ट हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ᳵ स्वस्ति ।। शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव परमभट्टारक प्रभु

२. ठाकुलसन श्रीयंग्लभूमौ ज्याथबाहारटोरकेराछ्ननियेताछेंगृहवास्तव्य ... रामकृष्णभातनाम्न प्रसादीकृतं नायक नतु प्र × दुजुया बिया जुर[८]

३. मल्लीटंका १० दुं कास्यं बिज्याङाव निस्तार प्रसन्नं जुया ।। प्रति दानायात ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीनारायण मल्लदेवस ।। सम्बत् ७८० ˎ फागुनबद्धि ९ शुभ ।।

८ सङ्ख्या

(नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २०३२/३६)

यस पत्रको छाप ६ सङ्ख्याको पत्रको जस्तै छ ।

कान्तिपुरी महानगरमा यम्वुमा गांगुरञमा पर्ने वंकोदोमण्डपस्तोर मूरबाहार [मूबहाल] का भाइसमेतका दैवज्ञ [ज्योतिषी] भारोलाई दुगनवहिरितोर [दुगंबहिलटोल]का एक जना महर्जनले आफ्नो हकभोगको एक रोपनी खेत ६३ टङ्कमा बेची ने. सं. ७८९ [वि. सं. १७२६] श्रावणशुक्लचतुर्थीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा राजा प्रताप मल्ल दृष्टसाक्षी बसेका छन् । पत्रको बेहोरामा चाहिं जुन खेत बिक्री भएको हो, त्यस खेतको एक जना सँधियार, बिक्री गर्नेका माहिला बाबुका छोरा र कान्छा बाबु साक्षी बसेका छन् । माहिला बाबुका छोराको नाउँ दिन नसकी त्यसको लागि लिखतपत्रमा ठाउँ छोडिएको छ ।

यस पत्रमा ५ सङ्ख्याको पत्रमा भन्दा पनि प्रताप मल्लको अझ लामो प्रशस्ति परेको छ अर्थात् ५ सङ्ख्याको पत्रमा पनि नपरेका विदग्धचूडामणि र सकलराजचक्राचक्राधोश्वर भन्ने विशेषण यस पत्रमा उनको प्रशस्तिमा जोडिएका छन् । तर अन्त जयप्रताप मल्लपछि लगत्तै आउने देव पद यसमा थाकुरपछि आएको कुरा उल्लेखनीय छ ।

मूलपाठ

१. ᳵ श्री ।। स्वस्ति सस्त्र ˎ सास्त्रसंगीतादि ˎ सकरविद्यापारग ˎ महाराजाधिराज विदग्धचूडामनि ˎ सकरलाजचक्राधिश्वर ˎ श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लं ˎ परमभट्टारक प्रभु थाकुर देवसन ।। दृष्ट ।। साक्षि ।। जुस्यं प्रसन्नं जुया ।। श्रेयोऽस्तु ।। सम्वत् ७८९ श्राव[९]नमासे ।। शुक्लपक्ष ।। चतुर्थ्यान्तिथौ ।। श्रीमत्कान्तिपुरिमहानगरे ।। श्रीयम्वुञ्‌मायां ।। श्रीगांगुरञे ।। श्रीवं कोदो- मण्डपस्तोरके ˎ मूरबाहार ˎ व[९]न्ताछेदैवज्ञविश्व-

---

८. पहिले लेखेका अक्षर मेटी त्यसमाथि नायकदेखि जुरसम्मका अक्षर लेखिएका हुन् । त्यसरी लेखिएका अक्षरमध्ये बीचको एक अक्षर पढ्न नसकिएकाले × चिह्न दिइएको हो । तेस्रो पङ्क्ति °मल्लीबाट शुरु भएकोले त्यसरी मेट्दा कवीन्द्र° पनि मेटियो भनी निर्धक्क भन्न सकिन्छ ।

९. यी व खुंडे पारी लेखिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. देवमारो ‸ मात्य सह ‸ कस्य नाम्ना‸सकासात् ।। ततश्रोदुगनबहिरितोरके ‸ बहिरि यन्ता रिपछे ‸ महर्जन ‸ जुगीरामकस्य नाम्ना शुक्रयं शुभुर्जमानिकं ।। याकातपाकोपवुक्षत्रनामसंज्ञकंः ।। आनन्दकस्य ‸ बबिकस्य क्षत्रेनः पक्षिमतः ग्यानदेवकस्य क्षत्रेनः उत्त रतः ‸ तदुंबाहालग्यानदेवकक्ष क्षत्रेनः पूर्व्वतः शुखुरीकस्य ‸ क्षत्रेनः दक्षिनतः ।। एतेखां मध्य ‸ मेकुरोपनिकं‸क्षत्रांगतोपि ‸ याकातपाको ‸ पबु बु रोव८ छि १ ततक्षत्रस्य जठा-

३. देसकारप्रवर्त्तमानसंचारार्घेन ‸ सुवर्णमूल्यमादाय ‸ स्वादिनान ‸ बत्तुकन्या क्रीविक्रीएटम्भवति ‸ तत्रा धारनकस्य निर्मित्ति जदि संवयत ‸ व्यावाद पिदा स्यात् तदा धारनके परिभ्वधयं च ।। अत्र पत्राथेन । बबि ।। साक्षि ।। मध्यकनेष्टपितापुत्र कनेष्टपिता ‸ जसराम ‸ ‸ मूरकटं ६३ ०॥ ।। ।। शुभ ।। ।। शुभः ।।

दायाँ फट्केमा

६३

६ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या, ई २१२९/४०)

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ। छापमा सबभन्दा माथि श्री २, त्यसभन्दा मुनि दायाँ नृ, बायाँ पे, नृको मुनि न्द्र, पेको मुनि म, न्द्रको मुनि ल्ल, मको मुनि दे, बीचमा श्री २ को मुनि छत्र, त्यसको मुनि मालाले घेरिएको खड्ग, न्द्रको सँगै बायाँपट्टि चन्द्र, मको सँगै दायाँपट्टि पनि चन्द्र, खड्गको बीँडमुनि व अङ्कित छन् । मालाले खड्ग मात्र होइन, वलाई पनि पूरै घेरेको छ । नृको अगाडि पाँच थोप्ला छन्, पेको पछाडि पनि पाँच थोप्ला छन्, म र देको अगाडि भने चार थोप्ला मात्र देखिन्छन् । सबभन्दा मुनि, वको दायाँबायाँ रहेका के हुन्, चिन्न सकिएन ।

कान्तिपुर महानगरमा यम्बुमा पर्ने यंताखाटोर [यट्खाटोल] अखुबहिरका एक जना बादे [बाँडा]लाई चार रोपनी खेत २४८ टङ्कमा वेची राजा प्रताप मल्लले ने. सं. ७९३ [वि. सं. १७३०] आश्विनकृष्णपञ्चमीको दिन गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा टङ्कको अगाडि कवीन्द्रमल्ली भन्ने विशेषण जोडिएको छ र नारायण मल्ल दृष्टसाक्षी बसेका छन् ।

अहिले प्रताप मल्लसँग जग्गा किन्ने, यंताखाटोर अखुबहिरका भिक्षु जिनिदेव बादे र १८ वर्षअघि प्रताप मल्लसँग येताखाटोर अन्तरेखबहिको घर किन्ने, त्यही बहिका भिक्षु जिनदेव[१०] एकै हुनु सम्भव भएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

यस पत्रमा ८ सङ्ख्याको पत्रमा भन्दा पनि प्रताप मल्लको अझ लामो प्रशस्ति परेको छ अर्थात् ८ सङ्ख्याको पत्रमा पनि नपरेको नेपालेश्वर भन्ने विशेषण यस पत्रमा उनको प्रशस्तिमा जोडिएको छ । अन्यत्र जस्तै यहाँ पनि जय प्रतापमल्लपछि देव आएको छ, ८ सङ्ख्यामा जस्तो थाकुरपछि देव आएको छैन ।

---

१०. यही निबन्धको ५ सङ्ख्याको पत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा प्रताप मल्लको ने. सं. ७९३ [वि. सं. १७३०] आश्विनकृष्णपञ्चमीको यस पत्रमा उनको होइन कि, उनका छोरा नृपेन्द्र मल्लको छाप लगाइएकोले यस विषयमा केही लेख्नुपरेको छ ।

आफ्ना, बाँचेका ठयाहा छोराहरूमध्ये जेठा, ११ वर्षका[11] नृपेन्द्र मल्ललाई ५० वर्षका[12] प्रताप मल्लले शासनमा अघि सार्न थालेको यताबाट देखिन गएको छ[13] तापनि बाबु प्रताप मल्लले नै व्यवस्था बाँधेर गएको आधारमा कान्छा छोरा महीपतेन्द्र मल्लले राजा हुन पाउनुपर्छ भन्ने आवाज यो पत्र लेखिएको ६ महीना पनि नपुग्दै ने. सं. ७९४ [वि. सं. १७३१] चैत्रशुक्लएकादशीउप्रान्त द्वादशीको दिन [वैशाख ९ गते] प्रताप मल्ल बितेपछि उठेको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[14]

---

११. ने. सं. ८०० [वि. सं. १७३७] ज्येष्ठकृष्णएकादशीउप्रान्त द्वादशीको दिन नृपेन्द्र मल्ल परलोक हुँदा उनको उमेर १८ वर्ष ७ महीनाको थियो भन्ने कुरा तात्कालिक टिपोटबाट बुझिन्छ (वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको **इतिहास-संशोधनको प्रमाण-प्रमेयको** मूल भागका २३९, २४० पृष्ठ) । यताबाट नृपेन्द्र मल्लको जन्म ने. सं. ७८२ [वि. सं. १७१८] कार्तिकमा भएको देखिन्छ । यस कारण ने. सं. ७९३ [वि. सं. १७३०] आश्विनकृष्णपञ्चमीको दिन यो पत्र लेखिँदा नृपेन्द्र मल्लको उमेर ११ वर्षको थियो भन्ने थाहा हुन्छ ।

१२. ने. सं. ७४३ [वि. सं. १६८०] ज्येष्ठशुक्लअष्टमीउप्रान्त नवमीको दिन [जेठ २९ गते] प्रताप मल्लको जन्म भएको हो (वि. सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यको **ऐतिहासिक-पत्रसंग्रहको** २ भागका २७, ११३ पृष्ठ) । यस बेला प्रताप मल्लको उमेर ५० वर्ष ४ महीना भइसकेको थियो भन्ने यताबाट स्पष्ट हुन्छ ।

१३. प्रताप मल्लले ज्याबहालका एक जनालाई २ रोपनी खेत बेची ने. सं. ७७४ [वि. सं. १७१०] फाल्गुनशुक्लदशमीको दिन गरिदिएको लिखतपत्रमा यस पत्रमा जस्तै नृपेन्द्र मल्लको छाप लागेको (वि. सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; शङ्करमान राजवंशीको **भूमिसम्बन्धी तमसूक ताडपत्रको** २ भागको ३० पृष्ठ; मूल पत्र नेपाल राष्ट्रिय अभिलेखालयमा १७ नं. को बट्टामा २५४ क्रमसङ्ख्याको रूपमा राखिएको छ ।) र नृपेन्द्र मल्लको जन्म भने ने. सं. ७८२ [वि. सं. १७१८] कार्तिकमा मात्र भएकोले नृपेन्द्र मल्ल जन्मनुभन्दा ७ वर्ष ८ महीनाअगाडिको यस पत्रमा नृपेन्द्र मल्लको छाप कसरी लाग्यो भन्ने प्रश्न सहजै उठ्न जान्छ ।'यताबाट यो पत्र नक्कली हो कि भन्ने शङ्का उठ्न जान्छ तापनि ने. सं. ७७४ मै लेनदेन भई तयार भएको त्यस पत्रको प्रामाणिकता सिद्ध गर्न पत्रमा राजकीय छाप लगाउने काम भने पछि मात्र भयो कि भन्ने अडकल गर्न सकिन्छ ।

१४. वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमाको** १ अङ्कमा छापिएको रामजी तेवारीको **चौतारा देवीदास अथवा चिकुटि भन्ने निबन्ध,** सो अङ्कका १५-१७ पृष्ठ ।

ऐतिहासिक-पत्रसंग्रहको २ भागका २८-३०, ११३-११४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. १ स्वस्ति ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग ˎ महाराजाधिराज ˎ नेपारेश्वर ˎ विदग्धचूडामणि ˎ सकलराजचक्राधीश्वर ˎ श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव परमभट्टारक प्रभु ठाकुलसन ˎ श्रीमत्कान्तिपुरमहानगरे ˎ श्रीयम्बुभूमौ ˎ यंताखाटोर ˎ अरषुबहिर यौता रिपछें ˎ गृहवास्तव्य्भिक्षुश्रीजिनिदेवबादेनाम्ने प्रसादिकृतं ˎ स्थानस्य ˎ वायव्यदिशि प्रदेशे ˎ लुतुतबुक्षेत्रनामसं ˎ चंद्रसिहकस्य क्षेत्रेन ˎ पश्चिमतो ˎ ग्राहाककस्य क्षेत्रेन ˎ उत्तरतो ˎ जकेराजकस्य क्षेत्रेन ˎ पूर्व्वतो

२. दक्षिणत ˎ एतेषां मध्य ˎ चतुरोपनिकं क्षेत्राङ्कलोपि बु रो ४ ततक्षेत्रस्य ˎ यथादेशकारप्रवत्तमानसंचारार्घेन सुवर्ण्णमूल्य ˎ अष्टचत्वारिंशतितंकाधिकद्विशतकवीन्द्रमल्लीटंका २४८ मादाय स्वाधिनानवतुकंन्यायेन क्रयन विक्रीयतं भवति ॥ प्रति श्रीश्रीजुजुस्त दुता ॥ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीनारायण मल्लदेवस ॥ सम्बत् ७९३ आश्विनबढि ५ शुभ ॥

पछाडिपट्टि

१. जिनि देव
२. बादे या बु

१० सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २१२८/४०)

यस पत्रको छाप ९ सङ्ख्याको पत्रको जस्तै छ ।

कान्तिपुर महानगरमा यम्बुमा पर्ने केलंटोर [केलटोल] केलंमूगरको २ चुल पातालजग्गा त्यही टोलका एक जना कंसकार [कंसकार]लाई २१ टङ्कमा वेची राजा प्रताप मल्लले गरिदिएको फार्सेपत्र यो हो । यस पत्रमा नारायण मल्ल दृष्टसाक्षी वसेका छन् ।

यस निबन्धमा छापिएका, प्रताप मल्लका लिखतपत्रमध्ये ३, ४ र १० सङ्ख्याका पत्रमा केलटोलका कंसकार धर्मरामलाई प्रताप मल्लले खेत, घर वा पातालजग्गा वेचेको कुरा परेको छ । सबभन्दा पहिलो पत्रका कंसकार धर्मरामको नाउँको अगाडि थंथछेंगृहवास्तव्य [थंथछेमा वस्ने] भन्ने विशेषण लगाइएको छ र पछिल्ला दुइ पत्रका कंसकार धर्मरामको नाउँको अगाडि तवलिबिछें / तबरिबिछें गृहवास्तव्य [तंवलिबिछेंमा वस्ने] भन्ने विशेषण लगाइएको छ । ३ सङ्ख्याको पत्रका कंसकार धर्मराम अर्कै मान्छे भए पनि ४ र १० सङ्ख्याका धर्मराम भने उही मान्छे हुनु धेरै सम्भव भएको कुरा यताबाट स्पष्ट भएको छ ।

ताडपत्र च्यातिई मूलमा संवत्, महीना नदेखिने भएको र पक्षको पनि अघिल्लो अक्षर नष्ट भएकोले खालि तिथि १२ मात्र पढ्न सकिन्छ । नृपेन्द्र मल्लको छाप यस पत्रमा लगाइएकोले यो पत्र पनि माथि ९ सङ्ख्याको रूपमा छापिएको ने. सं. ७९३ [वि. सं. १७३०] को पत्र जस्तै प्रताप मल्लको पछिल्लो कालको पत्र हो भनी भन्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ᳵ स्वस्ति ।। श्रीश्रीजयप्रताप मल्लदेव प्रभु ठाकुलसन ् श्रीमत्कान्तिपुरमहानगरे ् श्रीयंबुभूमौ केलंढोरतवरिबिछेंगृहवास्तव्य ् कंत्सकारधर्म्मरामनाम्ने प्रसादीकृतं ् केलंमुगलंरयतापातारभुमिका-नामप्रदेशे ् श्रीश्रीराजकुलपातारभुमेन पश्चिमतो अंमृतराजकस्य गृहेन उत्तरतो ् मुगुलिमार्ग्गेन पूर्व्वतो ् ग्राहाकस्य भुमेन दक्षिनतो ् एतेषां मध्य थ्वते चात्राघातन दुं

२. पातालभु चुलं २ मार्ग्गधारा पूर्व्वं स्वसिमा सह ् ततपातारभुमिकाया ् यथादेशकालप्रवर्त्तमान-संचारार्घेन सुवर्णंमूल्यएकविंशतिटंक २१ मादाय स्वाधिनानवंतुकंन्यायेन क्रयेन बिक्रीयतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीनारायण मल्लदेवस ।। स(म्वत्) × × × × × ×[15]

द्वि १२ शुभ ।। [16]

पछाडिपट्टि

ᳵ धर्म्म राजया

पाता र ।।

□

परिशिष्ट

काठमाडौँ ज्याथबहार [ज्याबहाल]को उल्लेख परेका दुइवटा लिखतपत्र

(वि. सं. १५११, १६०२)

– महेशराज पन्त

१ सङ्ख्या

यस लिखतपत्रको फोटो मसँग छ।

बायाँपट्टि फट्केमा रहेको छाप फोटो खिँच्दा ताडपत्रको टुक्राले छोपिदिएकोले अहिले त्यसको बयान गर्न सकिएन।

---

१५. ताडपत्र मूसोले काटेकोले ८ अक्षर नष्ट भएका छन्।

१६. ताडपत्र मूसोले काटेकोले यी चिह्न आधाआधी मात्र देखिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. १ श्रेयोऽस्तु ।। सम्वत ५७४ आषाढशुलंषष्टम्यायां०, श्रीयंबूनुमाया०, श्रीगाग्वलंगे ।। श्रीकेलंमन्दपतोलके ।। थंयछें कास्कार रूपसिह भारोस नाम्नेन सकासात् ।। श्रीयंबूमहानगरे ।। श्रीसातिग्लके ।। श्रीह्लसकनतालंतोलके ।। चाबहाराद्विवासिनः पात्रवंसावतार हर्षराज भारोस नाम्नेन स्वक्रेयं स्वभुजिमानिकं ।। कोथुचरमतिक्षत्रनामप्रदेसे ।। जयसिह भारोस भुमे पश्चिमत ।। श्रीज्यायबहारभुमे उत्तं ।। जीवचन्द भा-

२. रोस भुमे पूर्व्वत ।। श्रीश्रीराजकुलवस्तुभुमे दक्षनत ।। एतेषा मधे चतुररोपनिकं क्षेत्र०, यत क्षत्रा०,कतोपि बू रोव ४ ततक्षत्रस्य जयादेसकालप्रवतमानसंचारार्घेन सुवर्ण्णमुलमादाय क्रेविक्रे-स्वादनिवतकंन्यायेन क्रेन विक्रेयतं भवति ।। तत्र जदि संवयटव्यावादपिदा स्यात तदा धारनकेन परिसोधनियञ्च अयार्थे साक्षि ह्लंसकनतालं स्वंतछें थाव जयतराज भारोस दृष्ट तलंकिपा २ सह ।। प्रते घरसार बय यायेस क्रेन काया शुभ ।।

२ सङ्ख्या

(नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई ४४५/१८ र ई २१०१/५८)

यस लिखतपत्रको बायापट्टि फट्केमा छाप छ । त्यस छापमा अष्टदल पद्म छ ।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ।। सम्बत् ६६५, श्रावण, शुक्ल, तृतियायां तीथौ, श्रीयंग्ल, ज्याथबाहार, तोल, ज्याथबाहारछें, मालाकार, रुपामया, नाम्नेनकेण स्वकीयं स्वभुज्यमानिकं, तत्रेव, लुंजुग्ल, तोल, ध्वाखाबाहार, लं यिताछें, उह्लास, या, नाम्नान, कस्य सकास...[1]

२. स्वादिकाल, जुकों जुरो, स जयादेसकालप्रवतमानेन, संचारार्घेन, क्रेन विक्रीयतं, अत पर्ल पश्चात्काले, तदिय, पुत्रपौत्रादि ते, पिदा बाधा कतुं काले तुं च न रभेते, तत्र जदि पिदा स्यात्तदा धारनकेण परिस्वधनियं, प्रति धाणनंस × बु ...[1]

पछाडिपट्टि

१ तवउक्षानभुंया क्रीपत्र, शुभः ।।

□

१. दायाँपट्टि ताडपत्र टुक्री झरेकोले पाठ खण्डित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विक्रमको उन्नाइसौँ शताब्दीको उत्तरार्धका, अहिलेसम्म प्रकाशमा नआएका दशवटा पत्र

— महेशराज पन्त

१ सङ्ख्या

१८५१ साल कार्तीकबदी ५ रोज

आगे चौकोट् षडपुका श्रीनारायणको पुजा श्री ६ बाज्याज्युबाट ससीधर पाध्यालाई बकस्याको रहेछ हामीले पनि सबनीधीलाई थामीबकस्यौं पुजा गरी हाम्रो सुभचीन्तन गर तीमीलाई षोसमोस नास्ती इती मीती सडर——— ——— १

२ सङ्ख्या

आगे श्रीपसुपतीका सडाबर्तका टहलुवा जना १० का घरके माफीक नतील क्यारा बेठ् बेगार उघाउनी पठ्याउनी माफ गरी टहलवा राषीबक्स्यौं आफना षातीरज्मासीत सडाबर्तको टहल गर— — — १

तपसील

लक्ष्मीकान्त पाध्या—	१	संकरसीं जैसी—	१	चौकढी—	१
धंजु—	१	मनु—	१	बालगोबींड भाजापा—	१
वीरभद्र—	१	लक्ष्मीनारायण—	१	छत्रसींह—	१
पानी पोकन्या भीदेउ—	१				

इती सम्बत् १८५१ साल मार्गसीरबदी ५ रोज १ सुभम्

३ सङ्ख्या

आगे महन्तका छोरा अमृतानन्द आचाके तम्रा बाबुलाई षत लाई जिउंधन हरडा घरषेत सर्कार लाग्याको लागीगयो र लाग्याबाहीक रह्याको रहलपहल आनुमानु धनमाल तम्रा पुर्षलि होजोदेषि भगवतीलाई र पाटीलाई राष्याको गुठी अरु जेंप्रकास राजाले पिचासचतुर्दशीमा घृतधारा होम बलि दीनानीमीत्य श्रीलुमदीकन गुठी राषी दानपत्रमा गुठीयार ५ नाउं लीषी दानपत्रस्मेत कुस गरी दीयाको रहेछ तस्मा १ बोटी तेरो रहेछ आजसंम्म तेरो हीनामीना हुंडा भैरवानन्द आचारले षायाको रहेछ अघीदेषि पोता नलाग्याको गुठीबाहीक अरुछेउ रहल सुनाबिर्ता कसैले षायाको षोजदा पाया १८ हजारका प्रजाका सरहसीत पोता तीरी षानु गरी गुठीस्मेत् होजो सर्कार लाग्याबाहीकको सबै फोईबक्स्यौं आफना षातीरज्मासीत गुठी चलाई रहलपहल ली भोग्य गर ईति सम्बत् १८५२ भाद्रसुदी ७ रोज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

आगे हिठोधोकिया भवानिदास बैईध्यके कबिलासका आचलमा सिरापोर षेत मुरी चालीस ४० षोल्याषेत मुरी पायप वहिपोर घऱ्यादीस्मेत हीजो जैप्रकास मल्लको पालामा कंकनीको पौवाका गुठ राष्याको रहेछ सोहोबमोजीम हामीले पनि पौवा बनाउंनु चलाउनु गरी थामी बहाल गरीबक्स्यौं आफ्ना षातिजमासीत पौवाको गुठ चलाउं १८५२ साल कार्तीकसुडी १३।३ शुभम्

५ सङ्ख्या

आगे देवपाटं अम्बल टुसाल कंपंथलि उंषबारी रोपनी चालिस पाषो जोगिफडषवरी रोपनी साठी पाषो ज्मा रोपनि १०० पाषो चारैपट्टी लोहकीलको साध गरी श्रीबछलेश्वरीमा वर्षबंधन पिसाच-चटुरदसीका दीन पंचोपचारपुजा बलिदान गरी आमावास्याका दीन सींन्दुरजात्रा गर्नु भनि जैपरकास मल्ल राजाले गुठी बाधी चऱ्हायाको रहेछ आज पनि ते साधसीबादाबमोजीम गुठ जानि हामीले पनि चऱ्हार्यौ तस गुठीको चिताई मेलंह्म बैडचलाई बक्स्यौं आपना षातिज्मासिंग परापुर्वका रीतसंग वर्षवर्षप्रति पुजा गरी सींन्दुरजात्रा गरी गुठ जानी भोग्य गर इति सम्वत् १८५२ साल मीति पौषशुडी ५ रोज

६ सङ्ख्या

आगे नीत्यानन्द षनालके तीम्रा बाज्या नारायण पाध्यालाई अघी नेपालका राजाले फ्गाफ्लोलीका सीध वेवतालाई षेत मुरी ६० गाउं घडचारीस्मेत गुठी राषी पुजाहारी दीयाको रहेछ घट्टमा पनि तिम्रा बाज्याको नाउं लेष्याको रहेछ तेसै रीतसंग अघी पनि श्रीजीजबाबाले मोहर गरीबक्स्याको रहेछ आज हामीले पनि तेसैबमोजीम सीधी वेवताको पुजाहारी गुठी षेत मुरी ६० तेसैको डीही घडीआरी थामीबक्स्यौं अपना षातीरज्मासीत नीत्यपुजा गरी हाम्रो जये मनाई सेष रह्याको भोग्य गर्नु इति सम्वत् १८५२ साल फागुनसुदी ५ रोज १ शुभम्

७ सङ्ख्या

१८५३ साल आषाढसुडी २ रोज

प्रतापसी ठकुल्के काठमाडौं मखंटोलका श्रीजगंनाथको स्थापना गऱ्याको देवल बनायाको पुजा गुठ राष्याको तेरा बराज्यु फ्गल ठकुलले रहेछ आज पनी सोही सही थामी बालकदास वैरागीले षायाको पुजा गुठीको चीताई तलाई बक्स्यौं आपना तर्फको पुजाहारी हाली परापुर्वका रीतसीत पुजा गुठ चलाई देवल जगा बीग्र्याको बनाई सेष रह्याको भोग्ये गर इती सम्वत् मीती सडर — —

८ सङ्ख्या

आगे श्रीमछीन्द्रनाथको थोती चाजोपाजो आलमालको सहोयार नया बिसेट्ट पर्दा हुन्दो हुदो रहेनछ तसर्थ परापुर्व वंसदेषीको पुरानो बिसेट्ट ईवालषु रतन बुढा क्वालषुको सिवनसिं तौठ्यालको भाजुनसिं टसुलाई डीठ्ठा राषी ई तिन जनालाई श्रीमछीन्द्रनाथको टहल षजानाको सहोआर घर षेत वन बारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाउं गुवांदाजको पंजनी चिताई बकस्यौं अनाज लहना गहना धनमा लोभलालच नगर्नु लोभलालच गऱ्या दवाई छपाई षाया श्रीमछीन्द्रनाथको कुदृष्टी होला परापुर्वदेषीको षानगी तिनै जनाको ज्मा चावल मुरी बाऱ्ह १२ धान मुरी २५ गहु मुरी १२ कचा बीसेट्ट जना १२ टहलमा रुजु राषी परापुर्वको षानगी चावल मुरी चौबीस २४ धान मुरी पचीस २५ गहु मुरी बाऱ्ह १२ दीनु टहलमा रुजु रहीन्यालाई राषनु बेरुजु बीराउंन्यालाई पर सार्नु देवताको षेतमा भारादार अमालीदार रकमीले तकरार टंटा नगर्नु थिचोमीचो गरी षेत नकमाउंनु बाली नषानु बल गऱ्या हाम्रा हजुर्मा बिंती गर्नु देवताको वोधो पुजा परापुर्वदेषी मै आयाको चलाउंनु अघ्र्यालो रह्याको षजाना दाषील गर्नु देवताको षजानामा हीनाबींना गऱ्या लोभानी पापानी गऱ्या जिउंधन सर्वस्व होला सुली हालौला सो बुझी धर्म राषी देवताको टहल चलाई हाम्रो जै मनाई आपना आपना सन्तानसम्म भोग्य गर यो थीती जो नाघला पंचमाहापातक लागला

ईति सम्बत् १८६२ साल मिती भाद्रसुदी ७ रोज ७ सुभम्

९ सङ्ख्या

मार्फत नर्सींह

आगे सहर पाटंका ओकुबाहालटोल महाबुध घरको रामानन्द बाडाके तेरा पुर्षा जीवराज बाडाले श्री ३ मछिंद्रनाथको रथमा सुनको विमान चढाउदा गुठ राष्याको २४ हजार पाटंसाध डालुयाम गुठ् तेरा पुर्षा जीवराज बाडाले राष्याको ठहरीयेछन् त्यो गुठ् तलाई थामीबकस्याको रहेछ आज पनी तपसीलबमोजिको गुठ् तलाई थामीबक्स्यौ पुर्षादेषी गरी आयेको वीमानको काम गरी बनाउनु सजनु टहल नघटाई षातीरज्मासीत भोग्य गर ———————————

तपसील

ङ्षु रोपनी —	६	रानीबु रोपनी —	७	रानीबु रोपनी—	१॥
पाको रोपनी —	६	कुसुंती रोपनी —	८	थ्यायो रोपनी—	३
पनीया रोपनी —	६	थंछे रोपनी —	१	तेयता रोपनी —	५
भोल्पा रोपनी —	६	ङ्षु बगर रोपनी —	१	बुगमती रोपनी —	१

इति सम्बत १८६२ साल मार्गबडी १० रोज १

१० सङ्ख्या

आगे पसुपतिमा संम्बत १८५१ साल कार्तीकसुक्लपुर्णीमाका दीनमा श्री माहीला बाज्याज्यूले कुस डल्लो पानि संकल्प गरी सडाबर्तकन चऱ्हायाको हरीसीधीका अम्बलमा षेत १० तस्को साधसीमाना-भीत्र श्रीहरीसीघीका देवताका षेतबाहीक सदाबर्तलाई रष्याका षेतको उंपजनि रोपनि १ को सरुवा चावल पाठी यकैस २१ का डलैं ज्मा चावल मुरी दुई सये बासठी २६२ पाठी १० रोपनी १ को गहु पाठी पाच माना चारका डलैं ज्मा गहु मुरी अढसठी पाठी पंन्द्र रोपनि १ को घ्यूषानी आना चार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का डरले ज्मा रुपैंञा बासठी साढे ६२।। रोपनि १ को दाउवा भारी १ का दर्ले ज्मा डाउवा भारी दुई सैय पचास २५० रोपनि १० को पैंसा चार ४ का डर्ले ठेकी चार डामका ज्मा रुपैंञा येक आना नौ १।।' श्री डेवपाटन घर १ बारी दुई २ ली सडाबर्तलाई चाहीन्या हाडी ल्याउंन्या कुमाल जना दुई २ के रोपनि पन्द्र १५ को बालि दीनु फकीरफक्रा ब्राह्मण अपुर्वी बोडेसी सडदर्सन सडाबर्त हो भनी मागन आउंन्याहरुलाई जना १ के फलवा चावल मुरी १५ जान्या कुरुवा १ येक दाल माना १ को चौठाई नुन तोला १ घ्यू तोला १।। डाउवा दाम दुई हाडी १ पत्ता ३ हर्डी वजन हेरी येसैबमोजीम अघीदेषि दी आयाको श्रेष्टाले सदाबर्त दीनु साधु संन्त सडाबर्त मागन आउंन्यालाई छुड् वचन नभन्नु आडर-सतकारसंग दीनु मैन्हा प्रतिपुर्णिमासीका दीन तिर्थाश्रम गर्न्या फकीरहरुलाई पनि अघीकै श्रीस्ताले दीनु सीबरात्री अैनसंक्रान्ति पीसाचचटुरदसीमा अघीदेषि गरीचलाईआयाबमोजीम देवताका जगामा गै रुपैंञा बिसका सराजामले सवै ठाउं पुजा गरी चौताईदारहरुले येसै सराजामले भोज षानु बारी २ को फुल र अछता माना १ नित्य श्रीपसुपतिका थानमा चन्हाउनु सडावर्तका घर श्रीभगवतीका स्थानमा ठुला डसैं सप्तसति आवृति ९ पाठ लाउंनु बलिदान १ गर्नु सदाबर्त दीन घ्यू डाल नुन डाउवा दस्तुरमा आयाबाहीक षरीड गरी चावल बिक्री गर्दा सडाबर्त दीनातीन्यको अबकासले भेटायासंम्म कीफायेत पारी षरीडबीक्री गर्नु गरी श्रीराम पाध्याको षायेल सडाबर्तको चौताई भारा सीधीनारायन पाध्यालाई बक्स्यौं तेसका जम्मा अघीदेषि रह्याका बहरडार भंन्या टहलवा बारीको चौताईदार कुसल्या जनालाई उंघाउंनी पघाउं क्रारा बेठ बेगार माफ गरीबक्स्यौं बमोजीमतपसील षानगी तेसै जगाबाट षानु बधता लोभलालच नगरी सडाबर्तका तहलमा रुजु हाजीर भै अघीडेषी रह्याको जागीर भया तस्को र भाडाबर्तनको संभार गरी राषनु वर्ष दीन षर्च गरी उंवन गयाको सराजाम बहीमा लेषी भंडान्या तहलवासमेत भै तेसै घरमा जकीरा राषनु बंधेजको मोहर ताम्बापत्र गरी बक्स्योंला

संम्बत् १८६९

(काठमाडौं लुमडी भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा रहेका नकलबाट जस्ताकोतस्तो उतारी यी पत्र यहाँ प्रकाशित गरिएका छन् ।)

□

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय

संशोधन–मण्डल

वटु सवलवहाल

ग–१–५३०

काठमाडौं ३

नेपाल

फोन नं. २–२०४९२

वि. सं. २०४९ भाद्र

यस अङ्कको मूल्य रु. ५५।–

लुम्ब प्रेस

नयाँ बानेश्वर

ख – १ – ३७३ काठमाडौं–१

नेपाल

फोन नं. ४–७३५८६